महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७८
सुन्दरहरैंचा नगरपालिका
मोरङ

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७८/७९ मितिः २०७८/५/४
च.नं. ६४

श्री प्रमुखज्यू,
सुन्दरहरैंचा नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय

पत्र संख्याः २०७८/७९
च.नं. ५७

मितिः २०७८/०५/४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू,
सुन्दरहरैचा नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,
मोरङ्ग ।

कैफियत सहितको राय

हामीले उर्लावारी नगरपालिका आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।
हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७/१०/२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना **६०** यसैसाथ संलग्न छ ।
२. लेखापरीक्षणबाट रु.१७ करोड २८ लाख ३८ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.२ करोड ७० लाख २४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० करोड ९३ लाख ५३ हजार नियमित गर्नुपर्ने रु.२ करोड ९८ लाख ५ हजार र पेश्की बाँकी रु.६६ लाख ५६ हजार रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्कीबाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो रायव्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

वित्तीयविवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीयविवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्ततालै सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)
नायब-महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np

सुन्दरहरैंचा नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६/७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ। यस नगरपालिका अन्तर्गत १२ वडा, ६४ सभा सदस्य, ११०.१६ वर्ग किलोमिटर क्षेत्रफल तथा ८० हजार ५१८ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः

प्राप्ती भुक्तानी हिसाव

२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१३५२५२२४६२.९	११६९५८७६२०.८		११६९५८७६२०.८			
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		१०२१२५१०००.०	८६०८३९१२१.८		८६०८३९१२१.८			
११००० कर	११	२६००५२०००.०	१८९४६२३७३.७		१८९४६२३७३.७			
१३००० अनुदान		६८९०३९०००.०	६२६१३८९४७.०		६२६१३८९४७.०			
संघीय सरकार	१२	६००९५७०००.०	५७५१२४०००.०		५७५१२४०००.०			
प्रदेश सरकार	१२	५८०८२०००.०	५१०१४९४७.०		५१०१४९४७.०			
जनसहभागिता	१२	३००००००००.०						
१४००० अन्य राजस्व	११	७२१५००००.०	४४९५८९४१.०		४४९५८९४१.०			
१५००० विविध प्राप्ति		१००००.०	२७८८६०.०		२७८८६०.०			
ख. अन्य प्राप्ति		६३४३४४६२.९	५०२७५३७०.०		५०२७५३७०.०			
वितरण गर्न बाकी राजस्व								
कोषहरु		६३४३४४६२.९	५०२७५३७०.०		५०२७५३७०.०			
धरौटी			९४०८९९२.०		९४०८९९२.०			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		२६७८३७०००.०	२५८४७३१२९.०		२५८४७३१२९.०			
भुक्तानी (ग+घ)		१५५८२३८७९२.९	१११५८३६५५१.६		१११५८३६५५१.६			
ग. भुक्तानी (सञ्चित कोषबाट)		१२२६९६७३३०.०	८०७०८८०५२.६		८०७०८८०५२.६			
२१००० पारिश्रमिक / सुविधा	१८	२६८२१२०००.०	२५४०९७६९३.६		२५४०९७६९३.६			

२२००० मालसामान तथा सेवाको उपयोग	१८	२३८५६४९६७.०	१४३६१७६१८.९		१४३६१७६१८.९			
२४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन	१८	७५००००.०	४८०८५६.४		४८०८५६.४			
२५००० सहायता (Subsidy)	१८	२०००००००.०	२०००००००.०		२०००००००.०			
२७००० सामाजिक सुरक्षा	१८	७३२५०००.०	३७१२१४७.०		३७१२१४७.०			
२८००० अन्य खर्च	१८	२२३९५०००.०	१२६४६६८८.८		१२६४६६८८.८			
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	६८७७२०३६३.०	३९०५३३०४८.०		३९०५३३०४८.०			
घ. अन्य भूक्तानी		३३१२७१४६२.९	३०८७४८४९९.०		३०८७४८४९९.०			
कोषहरु		६३४३४४६२.९	५०२७५३७०.०		५०२७५३७०.०			
धरौटी			९७४०९६६.४		९७४०९६६.४			
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम	१६	२६७८३७०००.०	२५८४७३१२९.०		२५८४७३१२९.०			
ङ. यो वर्षको बचत (न्युन)		१२५५५५१३२.९	५३७५१०६९.२		५३७५१०६९.२			
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)		१७९३६८३३०.०	१३४३६८३३१.०		१३४३६८३३१.०			
वर्षान्तको बाकी रकम (ङ + च)		३०४९२३४६२.९	१८८११९४००.१		१८८११९४००.१			
बैंक तथा नगद बाकी	२४		१८८११९४००.१		१८८११९४००.१			

धरौटी आर्थिक विवरणः कार्यालयबाट प्राप्त २०७६।७७ को धरौटी कारोवारको विवरण निम्नानुसार छ ।

गत आर्थिक वर्ष सम्मको जिम्मेवारी सारेको	१२३८४१८७.५१
चालु आर्थिक वर्ष	१०२४६२०१.९९
जम्मा	२२६३०३८९.५
सदस्याहा	४७१५
फिर्ता	९७४९०११.४४
जम्मा	९७५३७२६.४४
श्रेस्ता अनुसार बाँकी	
नगद	०
बैंकमा	१२८७६६६३.०६
बैंक अनुसार बाँकी	१८५९७७७९.८४
जम्मा	१८५९७७७९.८४
फरक रकम	-५७२१११६.७८
फरक पर्नाको कारण	
सक्कल बैंक भौचर प्राप्त हुन बाँकी	

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	असुलीको स्थितिः- लेखापरीक्षणको क्रममा रु.१०४७०५/- र प्रारम्भिक प्रतिवेदन जारी पश्चात रु.३५१३९२१७/- गरी जम्मा रु.३५२४३९२२/- असुल भएको छ ।	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा नगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिएअनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा	
	देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ५२२९५५३.२२ ले फरक देखिएको छ । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर, बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको । • स्थानीय तहले विभाज्य कोषको हिसाब व्यवस्थित राखेको पाईएन । यस तहले प्रदेशलाई बाँडफाँड गर्नुपर्ने राजस्व बाँडफाँड नगरी रु ६०३००००५/- मौज्दात राखेको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको छ । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**जिम्मेवारी फरक परेको** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. २३४२६६११३.२२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १७९३६८३३०/- जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५४८९७७८३.२२ घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.....	५४८९७७८३.२२
३.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.	५२२९५५३.२२

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१.	स्थानीय तह विविध कोष खाता	१३२२३३५६.६६	१६५०७९२३.६६	(३२८४५६७)
२.	प्रकोप व्यवस्थापन कोष खाता	८१४१३	२०२६३९९.२२	(१९४४९८६.२२)
			जम्मा	**(५२२९५५३.२२)**

४. **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।
- पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि विभाज्यकोषमा रु.६०३००००५/- मौज्दात रहेको पाईयो ।
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।
- कार्यालयको श्रेस्ता र बैंक बिचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।
- राजस्व संकलन सम्बन्धमा सुचना प्रविधिको प्रयोग गरी सबै कारोवार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	• कतिपय जिन्सी सामग्रीको स्पेसिफिकेशन तथा मूल्य खुलाई आम्दानी बाँधेको पाइएन । • जिन्सी खाता प्रमाणित नभएको । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्त्यमा मात्र दिएको तथा इ-टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको आंशिक गुणस्तर परीक्षण मात्र गरेको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि ७९ कर्मचारीको दरवन्दी स्वीकृत भएकोमा लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार ५२ पदपूर्ती भएको मध्ये स्वीकृत दरवन्दी भन्दा बढी इन्जिनियर-२, सहायक प्रशासन १, सव-इन्जिनियर १, कम्प्युटर १, अमिन २ जना र स.म.वि.नि. १ समेत बढी संख्यामा राखिएको विवरणमा देखिएको छ । स्वीकृत दरवन्दी भन्दा बढी संख्यामा कर्मचारी राखी तलव भत्ता भुक्तानी गर्न मिल्ने देखिएन । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. ७२४३७८९२/- खर्च लेखेको पाईयो । तलवी प्रतिवेदन पारित नगर्दा कर्मचारीको तलब तथा ग्रेड यकिन नहुने हुनाले तलबी प्रतिवेदन पारित गरेरमात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ । • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा बेरुजुको लगत तयार गरेको पाईएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म बनाएको ऐन, नियमावली, कार्यविधि निर्देशिका र नर्म्स समेत विवरण पेश भएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
	• **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
५.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप-प्रमुख श्री धनमाया तामाङ्गले २०७६।३।१० गते रु. १ अर्ब ८ करोड ७७ लाख ८० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।१६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।	
६.	**अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष चालु तर्फ रु. ३५ लाख र पूँजिगत तर्फ रु. ६५ लाख गरी जम्मा रु. १ करोड अबण्डामा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७६।९।७ को निर्णयबाट चालुतर्फको स्वास्थ्य कार्यक्रम शीर्षकमा रु. १० लाख रकमान्तर गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।	
७.	**तोक आदेशबाट भएको कामः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेटको खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ७३(७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नहुने व्यवस्था छ । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार २०७७।६।१५ को बैठकमा २०७६।७७ मा नगर प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकिय अधिकृत स्तरीय निर्णयबाट विभिन्न मितिमा नगर सभामा पारित नभएका मर्मत संभार कोष, समपुरक कोष, वातावरणीय विकास संरक्षण कोष, आन्तरिक आय, नदी नियन्त्रण तर्फका योजनामा भएको खर्च रु. ७१८७४२७४.१७ अनुमोदन गर्ने निर्णय गरेको पाइयो । नगरसभाबाट स्वीकृत नभएको योजनाहरुमा नगर प्रमुख, उप-प्रमुख र प्रमुख प्रशासकिय अधिकृतको तोक आदेशबाट कार्य गराई पछिल्लो अवधिमा समर्थन गरेको आधारमा खर्च गरी दायित्वमा सारेको पाइयो । सभाबाट स्वीकृत नभएको योजनामा तोक आदेशबाट खर्च गराउने दायित्व सार्ने दुवै कार्य उचित देखाएन । **विवरण** / **योजना संख्या** / **रकम** मर्मत संभार कोषबाट तोक आदेश भएका योजना / ४४ / २१५८४१८२.९० समपुरक कोषबाट तोक आदेश भएका योजनाहरु / २ / १२२००००	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

आन्तरिक श्रोतबाट आदेश भएका योजनाहरु	४७	३१४९५२७०
गतको संचितीबाट तोक आदेश भएका योजनाहरु	९	६६२१६४९.२७
जेष्ठ नागरिक तर्फका योजनाहरु	१०	३२७५०००
सडक पूल कल्भर्ट तर्फका तोक आदेश भएका योजनाहरु	३	१२२५०००
हाटबजार व्यवस्थापनबाट तोक आदेश भएका योजनाहरु	२	१५०००००
बैंकल्पिक उर्जाबाट तोक आदेश भएका योजनाहरु	१	२०००००
सुन्दरहरैंचा उज्यालो कार्यक्रमबाट तोक आदेश भएका योजनाहरु	६	१६६३९५९
नगरस्तरीय शैक्षिक पूर्वाधार विकासबाट तोक आदेश भएका योजनाहरु	१	४०००००
तिरुपति क्रसर उद्योग देखि राजु सिटौलाको घरसम्म सडक कालोपत्रे	१	१७०००००
मोहन चुडालको घरबाट स्वास्थ्य चौकी सडक विस्तार	१	४९६०१५
पूर्वाञ्चल विश्वविद्यालयको प्राङगणमा हेलीप्याड निर्माण	१	४९३१९८
जम्मा	**१२८**	**७१८७४२७४.१७**

८. **क्रमागत योजनाः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७३ (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न पाउने छैन भन्ने व्यवस्था छ । नगरपालिकाले आ.व. २०७६।७७ मा क्रमागत योजनाको लागि बजेट व्यवस्था नगरी आ.ब. २०७५।७६ का विभिन्न ३४ क्रमागत योजनाहरुमा विभिन्न खर्च शिर्षकबाट रु. ५९७२३५१.८३ दायित्व सारी खर्च गरेको पाइयो । मिति २०७६।५।२ को कार्यपालिकाको ३६ औं बैठकले उक्त योजनाहरुको म्याद २०७६।८।३० सम्म थप गर्ने निर्णय गरेतापनि आ.ब. २०७६।७७ को बजेट किताबमा क्रमागत योजना सारेको पाइएन । बजेटमा व्यवस्था नगरी विभिन्न ३४ योजनामा रु. २५९७०२३५१.८३ दायित्व सारी खर्च गरेको कार्य उचित देखिएन ।

९. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिंगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
		प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसोचौमासिक	
कूल खर्चः	४४९८४४५४३	२४८५७६९२	१०१४७७२३६	३२३५०९६१५	२०५६५५८१८
खर्च प्रतिशत		५.५२	२२.५७	७१.९१	४५.७१

१०. **क्षेत्रगत बजेट र खर्च-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	५०८९२०००	३१५३६४२८	६१.९७
सामाजिक क्षेत्र	६२७८६४९११	५४१३३१३६९	८६.२२
पूर्वाधार विकास क्षेत्र	६१८३८५९४३	३७५२५०९१५	६०.६८
वातावरण तथा विपद् व्यवस्थापन सुशासन	५६५९२३७१	४६५१७७८४	८२.२०

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	जम्मा ‖ २०४५०३५६७ ‖ १५०७६३६५६ ‖ ७३.७२ उल्लिखित विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः	
१०.१.	**खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ७७१२७६०१ राजस्व बाँडफाँड र अनुदानबाट रु. ७९६९३८५७२ समेत रु ८७४०६६१७४ आम्दानी भएकोमा चालु तर्फ १५,७३,८७,००४.०१ र पूँजिगत तर्फ रु ४४९८४४५४३/- र समेत रु ६०७२३१५४७.०१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १२.७० प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ११२६००००/- खर्च भएको छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।	
	संगठन तथा कर्मचारी व्यवस्थापन	
११.	**कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ४९ जना कर्मचारीहरु करारमा राखी रु.१५१६३७५९ खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न .. पदमा १७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.६२९८६९० र दैनिक ज्यालादारीमा ६ जना सहायक इन्जिनियर नियुक्ति गरी रु. ४६७८००/- समेत भुक्तानी गरेकोले अनियमित देखिएको रु.....	६७६६४९०/-
१२.	**कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।	
१३.	**कर्मचारी प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो वर्ष प्रोत्साहन भत्ता खर्च गरेकोले आर्थिक व्ययभार बढ्न गएको रु.	६५९५८९६/-
१४.	भौ.नं. ९८७/२०७७/३/३० विभिन्न कर्मचारीहरुलाई २०७३ श्रावण देखिको छुट प्राविधिक ग्रेड वापत रु. ३१००९२/- भुक्तानी गरेकोमा कर्मचारीले अन्यत्र रही काम गरेको अवधिमा सो रकम प्राप्त नगरेको र सरुवा भई आउने कर्मचारीले रमाना पत्रमा खुलाई नल्याएको अवस्थामा समेत प्राविधिक ग्रेड भुक्तानी गरेकोले भुक्तानी पाउने आधार प्रमाण पेश हुनुपर्ने रु.	३१००९२/-
१५.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फछ्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउन बाँकी १८ र यो वर्ष थप भएको ७२ गरी कुल ९० विवाद दर्ता भएकोमा ५४ वटा मात्र फछ्र्यौट भई ३६ बाँकी	

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।	
१६.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोवारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।	
	• **पदाधिकारी सुविधा**	
१७.	**पदाधिकारी थप सुविधाः** गाँउ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन २०७५ को दफा ३(४) मा चाडपर्व खर्चको हकमा वर्षमा एक पटक सम्बन्धित स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाँउ तथा नगरपालिकाको सदस्यले रु. १० हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमा भित्र रहि कार्यपालिकाले निर्णय गरे बमोजिम हुने व्यवस्था छ । यस आ.व. मा पदाधिकारी चाडपर्व खर्चमा बजेट विनियोजन नभएकोमा नगरपालिकाले पदाधिकारीहरुको चाडपर्व खर्च वापत रु. ६४००००/- खर्च लेखेको छ ।	
१८.	**स्वकीय सचिव र सल्लाहकार** - प्रदेश नं. १ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा नगरपालिका प्रमुख र उप प्रमुखले राजस्व र आन्तरिक आय एवं कार्यालयको कार्य बोझ समेतलाई ध्यानमा राखी कार्यपालिकाको निर्णय बमोजिम १ जना कर्मचारीलाई निजी सचिवको रुपमा राख्न सक्ने छ भन्ने व्यवस्था रहेको छ । ऐनमा सल्लाहकार राख्न पाउने व्यवस्था रहेको पाइएन । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवका रुपमा सहायक चौथोस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री दिपक बजगाईलाई नियुक्त गरी मासिक रु.२६६१०/- र कानूनी सल्लाहकारमा बालकृष्ण आचार्यलाई महिनाको रु. २५०००/- दरले भुक्तानी गरेको अनियमित रु.	६४५९३०/-
१९.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३६ लाख ८० हजार विनियोजन गरी रु. २० लाख ७२ हजार ९४४ खर्च गरेको र नगरसभा संचालन खर्चमा रु. २६ लाख विनियोजन गरी रु. २५ लाख ९४ हजार ६९९ खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।	
२०.	**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले आगलागि, बाढी लगायतका विपत्ती सम्बन्धि अवस्था विपद व्यवस्थापन कोषबाट र कडा रोग लागेको नागरिकहरुलाई एक पटकमा रु. ५ हजार एक मुष्ट रकम स्वास्थ्य कार्यक्रमबाट खर्च गर्ने गरेको र यस्तै प्रकारका अन्य सहायता विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने गरेकोमा यस वर्ष उपलब्ध गराइएका आर्थिक सहायताको पुरै विवरण उपलब्ध नगराएकोले यस सम्बन्धमा उल्लेख गर्न सकिएन ।	
	• **अनुदान प्राप्ति, वितरण र फिर्ता**	
२१.	**अनुदान फिर्ता** — संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानीकरण बाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम मध्ये कार्यालयले भौ.नं.१०१-२०७७/६/१४ मा संघीय तर्फको रु. ५६४१२७०३.४० को.ले.नि.का. र प्रदेश लेखा नियन्त्रक कार्यालयमा रु. ७०६७०५३/- फिर्ता गरेको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	३४६५५७०००	३१४३१०९९७.६०	३२२४६००३.४०
	विषेश	२४१६६७००	०	२४१६६७००
	समपुरक	०	०	०
	समानिकरण	२०४४०००००	१२६७१७३३०	७७६८२६७०
प्रदेश सरकार	शसर्त	३६२२३०००	३४६२२८७	१६००९१३
	विषेश	३५९१०००	२९७५२३०	६१५७७०
	समपुरक	१०००००००	५१४९६३०	४८५०३७०
	समानिकरण	८२६८०००	८२६८०००	०
	जम्मा	**६३३२०५७००**	**४६०८८३४७४.६**	**१४११६२४२६.४**

कार्यालयलाई प्राप्त संघीय सरकार तर्फको विशेष अनुदान रकम क्रमश गोपिचन पैनी र ल्याड फिल्ड साइट योजना संचालन गर्न प्राप्त भएको रकमबाट गोपिचन पैनीमा कुनै काम संचालन नगरेको र ल्याड फिल्ड साइट योजना यो वर्ष ठेक्का सम्झौता सम्म गरेको छ । निश्चित कार्यको लागि प्राप्त भएको अनुदान रकमबाट कार्य नगरी फिर्ता पठाउनाले योजना कार्यक्रम संचालन नहुनुको साथै सोही कार्यको लागि नगरपालिकाको स्रोतबाट खर्च गर्नुपर्ने अवस्था सृजना गर्नु उपयुक्त देखिएन ।

२२. **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा माछा पोखरी अनुदानमा रु. १६२२८४२/- रकम उपलब्ध गराएको छ । तर पालिकाबाट वितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सो बाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२३. **नाफामूलक संस्थालाई अनुदान** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्वजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेवा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहाय अनुसारका ८ नाफामूलक संस्थालाई रु.१६२२८४२/- अनुदान उपलब्ध गराएको छ । तर त्यसबाट उपरोक्त बमोजिम सेवा प्रबाह हुने सुनिश्चित छैन ।

सि.नं.	अनुदान पाउने संस्थाको नाम	संख्या	प्रयोजन	अनुदान रकम
१	मोरङ सामुदायिक विद्युत सहकारी संस्था लि.	१	विद्युत विस्तार कार्य	४००६४२
२	दुध डेरी (व्यक्तिगत)	३	चिलिम भ्याट	९२४०००
३	व्यक्तिगत कृषि फार्महरु	४	बोयर बोका	२९८२००
			जम्मा	**१६२२८४२**

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	• **कर दस्तुर एवं आन्तरिक आय**	
२४.	**असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगतको अभिलेख अद्यावधिक नगरेको र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार असुल गर्ने बाँकी रहेको छ ।	

सि.नं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम	मू.अ.कर	असुल गर्न बाँकी रकम
१	स्वामिनारायण निर्माण सेवा	खोला	९५१५११५१	१२३६९६४९	१२३६९६४९

	तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन ।	
२५.	**राजश्व बाँडफाँड-** नगरपालिकाले प्रदेश सरकार प्रदेश नं. १ को आर्थिक ऐन २०७६ को अनुसूची ५ बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा नगरेको पाइएकोले निम्नानुसारको रकम प्रदेश सरकारलाई बाँडफाँड गरी पठाउनुपर्ने रु	२४१२०००२/-

आय शीर्षक	संकलित रकम	प्रदेशलाई पठाउनु पर्ने प्रतिशत	पठाएको रकम	पठाउन बाँकी रकम
दहत्तर बहत्तर शुल्क	६०३००००५	४०	हालसम्म नपठाएको	२४१२०००२

प्रारम्भिक प्रतिवेदनमा नगरपालिकाले निर्माण व्यवसायीबाट दहत्तर बहत्तर शुल्कबापत रु.३५०००००००/-असुल गर्न बाँकी बेरुजु औंल्याईएकोमा पालिकाले प्रतिकृयासाथ रु.३५०००००००/- नगरपालिकाको विभाज्य कोष खातामा दाखिला भएको प्रमाण पेश गरेकोमा असुल भएको राजश्व रकमको समेत ऐनमा भएको व्यवस्था बमोजिम बाँडफाँड गरी प्रदेश सरकारलाई पठाउनुपर्दछ ।

२६. **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा बहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२२५०००००	२४०७०३९४	१०६.९७
घरजग्गा वहाल कर	३५०००००	२७२५१८९	७७.८६
व्यवसाय कर	६८०००००	७१९०४६२	१०५.७४
वहाल विरौटी शुल्क	२९६१०००	१५७२९०५	५३.१२

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२७.	**मनोरञ्जन कर** - नगरपालिकाको चौथो नगरसभाबाट पारित राजस्वको अनुमानमा अन्य मनोरञ्जन कर समेतबाट रु. ५० हजार असुल गर्ने लक्ष्य लिएकोमा रु. २६ हजार ३३५ असुली देखाएको छ । प्रदेश आर्थिक ऐन, २०७६ बमोजिम सो रकम समेतको बाँडफाँड गरी प्रदेश सरकारलाई पठाउनु पर्नेमा बाँडफाँड गरेको पाइएन ।	
२८.	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ २(क) मा नगरपालिका आफुले उठाएको राजश्व तथा आय रकम आफ्नो संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विभिन्न वडाहरु तथा केन्द्रमा राजस्व आम्दानी गर्न सफ्टवेयरको प्रयोग गरेको पाईयो । राजश्व शाखाबाट प्राप्त	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

सफ्टवेयरको शिर्षकगत राजश्व आम्दानी विवरण र सुत्रअनुसार देखाईएको राजश्व आम्दनी विवरण भिडान गर्दा देहायनुसारको फरक पाईयो ।

राजस्व संकेत	शिर्षक	२०७७ आषाढ मसान्तसम्मको राजश्व आम्दानी	
		SUTRA अनुसार	राजश्व शाखाको विवरण अनुसार
११३१३	एकिकृत सम्पत्ति कर	२४०७०३५४	२४००४५१५.२७
११३१४	भुमिकर/मालपोत	४४९३१९.८२	४४३५८९.३२
११३२१	घरबहाल कर	२७२५१८९.३३	२९२८०९१.८१
११३२२	बहाल बिटौरी कर	१५७२९०५.८१	१४९६१३०.३३
१४२१२	सरकारी सम्पत्तिको विक्रिबाट प्राप्त आय	१८६९९०.	५८०७४०
१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	१३८८४३३.८	१०८९९८१.८
१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	२८९०४५	२४१६०२.५
१४२४२	नक्सापास दस्तुर	९४११६६३.०९	१०६५९१११.०४
१४२४३	सिफारिश दस्तुर	२३९९४९५५.९४	२४००३९२०.९४
१४२४४	व्यक्तिगत घटना दस्तुर	३३२३१०	३४१७२०
१४२४५	नाता प्रमाणित दस्तुर	१३७१७४४.०७	३४९६१५.
१४२४९	अन्य दस्तुर	२१७४४८.५९	२२११९३.७५
१४३११	न्यायिक दण्ड जरिवाना र जफत	५७४२७.५	८००
१४५२९	अन्य राजश्व	९०६८४	७२०

कार्यालयबाट लेखापरीक्षणमा पेश गरिएको राजश्व संकलन विवरणको शीर्षकगत आयको परिक्षण गर्दा देखिएको थप व्यहोरा निम्नानुसार छन

- शाखाले शिक्षा क्षेत्रको आम्दानी संकेत नम्बर ११४४३ मा आम्दानी जनाएकोमा उक्त रकम SUTRA मा संकेत नम्बर १४२२३(शिक्षा सेवा शुल्क) मा आम्दानी बाँधिएको ।

शाखाले संकलन गरेको निम्न शिर्षकको राजश्व SUTRA मा आम्दानी बाँधेको देखिएन ।

संकेत नं	आय शीर्षक	रकम
१००००	राजश्व तथा अनुदान	५२४३
११३५१	वित्तीय तथा पूँजीगत कारोवारमा लाग्ने कर	६००
११४५१	सवारी साधन कर	१८८
११४७१	सिनेमा/ डकुम्न्ट्री	९६०
११४७२	विज्ञापन कर	१०७५७।५०
११४७३	अन्य मनोरञ्जन कर	१०३०
११६१३	व्यवसाय रजिष्ट्रेशन दस्तुर	६९५६१९५
१४१७८	सवारी साधन कर	२५३
१४२१८	विद्युत सेवा शुल्क	७७०
१४२२१	न्यायीक दस्तुर	२७८१२
१४३१२	प्रशासनिक दण्ड, जरिवाना र जफत	७६७३७।५०

नेपाल सरकारबाट राजश्व आम्दानीको लागि स्वीकृत गरिएका राजश्व वर्गीकरणको शीर्षक अनुसार

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	आम्दानी गरी सोहि आधारमा प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्नेमा उपरोक्तानुसारको अवस्थाले राजश्वको शीर्षगत आम्दानी यथार्थ रहेको मान्ने आधार रहेन ।स्वीकृत राजश्व शीर्षक अनुसार आम्दानी गरी सोही आधारमा आर्थिक विवरण तयार गरी लेखापरीक्षणमा पेश गर्नुपर्दछ ।	
	• **उपभोक्ता समिति मार्फत कार्य**	
२९.	**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन।यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।	

भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा खर्च
१४५/२०७६/११/४	संजिवनी मार्ग एजिङ तथा निर्माण उपभोक्ता समिति वडा नं. १०	संजिवनी मार्ग एजिङ तथा ग्रावेल	५८७४१३	जेसिभि	३५५९५
१८९/२०७६/११/१३	देवीथान मार्ग कालोपत्रे उपभोक्ता समिति वडा नं.१२	देवीथान मार्ग कालोपत्रे	११७९७२३	रोलर,ग्रेडर प्रयोग	१३६७३०
१८१/२०७६/११/८	तिरुपति क्रसर उद्योग देखि राजु सिटौलाको घर सम्म सडक कालोपत्रे उपभोक्ता समिति वडा नं.७	सडक कालोपत्रे	१७०००००	हटमिक्स सेत	११७५२०
				जम्मा	**२८९८४५**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

३०. **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् :

जटिल निर्माण कार्य			
गो.भौ.नं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
१८१/२०७६/११/८	तिरुपति क्रसर उद्योत देखि राजु सिटौलाको घर सम्म सडक कालोपत्रे उपभोक्ता समिति-७	सडक कालोपत्रे	१७०००००
१८९/२०७६/११/१३	देवी थान मार्ग कालोपत्रे उपभोक्ता समिति वडा नं. १२	देवीथान मार्ग कालोपत्रे	११७९८२३
१८४/२०७६/११/१३	ग्रामीण विद्यूत सहकारी विद्युत विस्तार कार्यक्रम उपभोक्ता समिति वडा नं. ३	विद्युत विस्तार कार्य	४००६४२
		जम्मा	३२८०४६५

नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।

३१. **डीपीआर खर्च** — बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । नगरपालिकाले यो वर्ष कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

कार्य विवरण	खर्च रकम
ल्याण्ड फिल्ड साइड	१३२८३१५
विद्यालय भवन वेष्ट कन्सल्टेन्ट	१९८४८४५
बुधवारे कृषि बजार	१७०२२५१
मृगौलिया-मजुवा बेलडागी सडक	४९५७८७
जम्माः	५५१११९८

३१.१. यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कार्यक्रम वेगर समेत गर्ने गरेको देखिएको छ । यो वर्ष भारतीय दुतावासको कार्यक्रमबाट रकम प्राप्त हुने आधारमा २ विद्यालयहरुको डीपीआर तयार गरेको छ । तर उक्त योजनाहरु स्वीकृत भएको पाइएन । डी.पी.आर. तयार गर्दा नगरपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नुको कारण स्पष्ट गर्दै आगामी दिनमा नगरपालिकाको प्राविधिक जनशक्तिबाट समेत यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

३१.२. **डि.पि.आर प्रतिवेदनः-** सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२३ मा सम्झौता अनुसारको कार्य सम्पन्न भएपछि विलको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले तपसिलको योजनाको डि.पि.आर तयार गर्न परामर्शदाताबाट कार्य गराएकोमा उक्त कार्य बापतको अन्तिम भुक्तानी दिदाँ परामर्शदाताले सम्झौताको शर्तानुसार डि.पि.आर रिपोर्ट कार्यालयमा तोकिएको समयावधि भित्र बुझाउनु पर्नेमा प्रतिवेदनहरु प्राप्त गरी दाखिला भएको नपाइएकोले सोको प्रमाण पेश हुनुपर्ने रु... ३३७५३१४

भौ.नं. / मिति	योजनाको नाम	परामर्शदाता	भुक्तानी रकम
३५४-२०७७/३/१४	Tele Education, E-Library & IT Promotion	Topcon Engineering Consultancy Pvt Ltd	११०५७९२
३५५-२०७७/३/१४	Cold Store निर्माण	Koshi Sagarmatha Construction & Engineering	१७०७४३२

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

		Consultancy	
३५६-२०७७/३/१४	जनता आवास कार्यक्रम	Nodal Engineering Consultancy Pvt Ltd	५६२०९०
		जम्मा	**३३७५३१४**

३२. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । नगरपालिकाले उक्त नियममा भएको व्यवस्थाको पालना वेगर रु.२९२५३१०/- को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

३२.१. खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

३२.२. सार्वजनिक खरिद नियमावली २०६४ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने, खरिद योजना बनाउनुपर्ने, सम्बन्धित शाखा महाशाखाबाट खरिद माग प्राप्त गर्नुपर्ने, खरिद गरिने सामग्रीको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था भएपनि सो अनुरुप गरेको पाइएन ।

३२.३. औषधिको जिन्सी खाता प्रमाणित छैन ।

३२.४. **निशुल्क वितरण हुने औषधिको प्राप्ती, उपयोग र मौज्दातको अवस्थाः** यस कार्यालयबाट खरिद भएका र अन्यत्रबाट हस्तान्तरण भई आएका ५ प्रकारका औषधिको प्राप्ती, उपयोग र मौज्दातको स्थितिको परीक्षण गर्दा देखिएको व्यहोरा देहायबमोजिम रहेको छ।

औषधिको नाम	गत आ.व.को अल्या	यस वर्षको खरिद तथा प्राप्ति	जम्मा	खर्च	बाँकी मौज्दात
Amoxycilin 500mg	०	८०५००	८०५००	७१५००	९०००
Paracetamol 500mg	४१००	९९०००	१४००००	११३५००	२६५००
Metronidazole 400mg	०	२८०००	२८०००	१३०००	१५०००
Ranitidine 150mg	०	६६५००	६६५००	६०५००	६०००
Azithromycin 500mg	०	३६ ००	३६०००	३१००	५०००

औषधिको मौज्दात प्रणाली स्तरीय हुन सो को प्राप्ती र निकासा विच सन्तुलन कायम रहनु पर्दछ । Authorised stock level, Emergency order point औषधि प्राप्त हुने समय, Load time maximum consumption आइटम, Minimum Consumption आइटमको आधारमा खरिद प्राप्ति एवं मौज्दात अवस्थाको निर्धारण गर्नुपर्नेमा गरेको छैन । आवश्यकताको आधारमा खरिद र प्राप्ति प्रकृया निर्धारण नगरेको हुँदा मौज्दातको अवस्था अधिकतम रुपले त्रुटि एवं बढी समेत देखिन सक्छ । साथै मौज्दातमा अधिक औषधि रहँदा म्याद समाप्त हुन सक्ने र सेवा प्रवाहमा असर हुने सम्वाभना रहेकोले औषधिको माग पहिचान गरी खरिद र खर्च विच सन्तुलन कायम गर्न पर्दछ भने Pushing system लाई निरुत्साहित गरी जनतालाई निशुल्क स्वास्थ्य सेवा पुऱ्याउने तर्फ ध्यान दिनुपर्दछ ।

३२.५. भण्डारमा मौज्दात रहेका निम्न ५ प्रकारका औषधिको Expiry date परीक्षण गर्दा निम्नानुसार पाइयो ।

औषधिको नाम	म्याद समाप्त हुने मिति	निशुल्क वितरणको लोगो
Amoxicillin 500mg	July 2021	छैन
Ranitidine 150mg	March 2022	छ
Paracetamol 500mg	August 2022	छ
Metronidazole 200mg	May 2022	छैन
Vitamin B complex	July 2021	छैन

३२.६. कार्यालयले यस वर्ष निशुल्क स्वास्थ्य सेवाको लागि रु. ३६७७८०८/- औषधि खरिद गरी विभिन्न स्वास्थ्य संस्थामा पठाएकोमा जिन्सी खातामा हस्तान्तरण फरम नं. (ह.फा.नं.) उल्लेख गरेको छैन ।

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	स्वास्थ्य संस्थाहरुमा औषधि पठाउँदा मागको आधारमा हस्तान्तरण फारम मार्फत पठाउनुपर्ने र सम्बन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी गरेको प्रमाण संलग्न राख्नुपर्नेमा लेखापरीक्षणको क्रममा हस्तान्तरण फारम र सम्बन्धित स्वास्थ्य संस्थाले जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश भएन । स्वास्थ्य संस्थालाई पठाएको औषधिको माग फारम, हस्तान्तरण फारम र सम्बन्धित संस्थाले जिन्सी किताबमा आम्दानी बाँधेको प्रमाण संलग्न नभएकोले निशुल्क औषधिको वितरण/सदुपयोगको अवस्था यकिन भएन ।	
३२.७.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
३२.८.	आपूर्ति भएका औषधी एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
३२.९.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
३२.१०.	औषधिको खर्च घटाउँदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३३.	**सवारीसाधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ६ थान दुई पांग्रे सवारी साधन खरिदमा रु. १६४७२००/- खर्च गरेको छ ।	
३४.	**प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत सुन्दरहरैंचा नगरपालिका भित्रका ५ वडाहरु *(वडा नं. ४, ६,७,१० र १२)* मा वृक्षारोपण, सडक मर्मत, नाला खन्ने कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष **८२** जनालाई रोजगारी उपलव्ध गराई रु.९६३८३६।४२ खर्च गरेको छ । लक्षित वर्गलाई ५ दिनदेखि ११ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
	• **सामाजिक सुरक्षातर्फ**	
३५.	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
३६.	सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली-२०७६, सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५, विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । नगरपालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.२२,७२,२९,०००/- प्राप्त भएकोमा पुरै रकम खर्च देखाई आर्थिक विवरण पेश भएको छ । कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्य बैंक मार्फत गर्ने गरेको र आन्तरिक लेखापरीक्षणबाट निकासा बरावर खर्च प्रमाणित गरी रु.६५७०५६८।७५ फिर्ता गर्नुपर्ने व्यहोराको बेरुजु सम्बन्धमा एकिन गर्न लेखापरीक्षणको क्रममा २०७७ असार मसान्त सम्मको बैंक स्टेटमेण्ट लगायत बैंकबाट प्राप्त Reverse Feed समेत माग गरी परीक्षण गर्दा देखिएको थप व्यहोराहरु निम्नानुसार छन्:	
३६.१.	**वर्षान्तमा बैंक मौज्दात :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७५ को बुँदा नं. १५(४) मा सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस आर्थिक वर्षमा बैक मार्फत लाभग्राहीको खातामा भत्ता रकम दाखिला हुनेगरी ३ वटै चौमासिकमा हुने रु.२२७२२९०००/- निकासा दिएकोमा लेखापरीक्षणको क्रममा पेश भएको बैंकको चौमासिकगत Reverse Feed परीक्षण गर्दा जम्मा रु.२२१७४४६०१/- मात्र लाभग्राहीको खातामा रकम दाखिला गरेको देखियो । लाभग्राहीको खातामा दाखिला गरेको रकम घटाई संघीय संचितकोष फिर्ता गर्नुपर्ने रकम मध्ये बैंकले विभिन्न मितिमा भत्ता वितरण गरी बाँकी रहेको मौज्दात जनाई रु.६५७०५६८/- नगरपालिकाको संचित कोषमा दाखिला गरेका छन् । नगरपालिका संचितकोषमा दाखिला गरेको उक्त रकम सहित बाँकी रु.११४७४६/- समेत संघीय सञ्चितकोष फिर्ता गर्नुपर्ने देखिएको जम्मा रु...	६६८५३१४/-

बैंकको नाम	वडा नं	निकासा रकम	कुल खर्च रकम	खर्च घटाई मौज्दात रकम	बैंकले न.पा. संचित कोष दाखिला गरेको (A)	बैंकबाट फिर्ता हुनुपर्ने थप रकम (B)	संघीय संचित कोष फिर्ता हुनुपर्ने कुल रकम (X)=(A)+(B)
लुम्बिनी विकास बैंक लि.	१	१९१६२२००	१८६७१०००	३२१८००	३३७०७५	०	३३७०७५
एन सी सी बैंक लि	२	१५४३४२००	१५०४६२००	२८३०००	२४९०००	३४०००	२८३०००
ससकोशी विकास बैंक लि	३ र ७	३८८०९८००	३८११४२००	४४०६००	४७००००	०	४७००००
बैंक अफ काठमाण्डौ लिमिटेड	४	१५९९२४००	१५४६८००१	४१०३९९	३७७०००	३३३९९	४१०३९९
एन.आई.सी एसिया बैंक लि. बलिया शाखा	५	१९७९८६००	१६९२२०००	२४२०८४०	२७२३६४०	०	२७२३६४०
सिभिल बैंक लिमिटेड	६	२३०२००००	२२०६९४००	४१५७६०	५९७८००	०	५९७८००
सिर्जना फाईन्यान्स	८	१७६१३२००	१७३५३४००	४००	५५०००	०	५५०००
एन.आई.सी एसिया बैंक लि. बिराटचौक शाखा	९	२२४४६६००	२१७४३२००	५७९४००	५३२०५३	४७३४७	५७९४००
कन्काई विकास बैंक लिमिटेड/ प्राईम बैंक लिमिटेड	१०	२१११९२००	२०९०४०००	१६८२००	४६२८००	०	४६२८००
एन.बी बैंक लिमिटेड	११	१९९३७०००	१९३१७८००	३१४२००	६१७४००	०	६१७४००
सनराईज बैंक लिमिटेड	१२	१६५९४४००	१६१३५२००	१२९८००	१४८८००	०	१४८८००

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*				आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा			बेरुजू रकम
	जम्मा	६५७०५६८	११४७४६	६६८५३१४
३६.२.	साविकामा कन्काई विकास बैंक लिमिटेडमा रहेको लाभग्राहीको खाता बैंक मर्जर पछि प्राईम बैंक लिमिटेडबाट भुक्तानी सुरु गरेकोमा यो वर्ष उक्त बैंकमा चौमासिकमा निकासा भएको कुल रकम रु. २१११९२००/- मध्ये बैंकले लाभग्राहीको खातामा जम्मा गरेको रकम रु. २०९०४०००/-घटाई आ.व.को अन्त्यमा रु.१६८२००/- फिर्ता गर्नुपर्नेमा २०७७/३/३१ मा रु.४६२५००/- नगरपालिका संचितकोष दाखिला गरेको देखिएकोले सो सम्बन्धमा कन्काई विकास बैंकमा रहेको मौज्दात रकम सम्बन्धमा नगरपालिकाले थप छानवीन गरी फिर्ता गर्नुपर्ने रकमको यकिन गर्नुपर्दछ ।			
३६.३.	**करार व्यवस्थापन :** विद्युतिय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्नेमा २०७६ भाद्र १० गते सप्तकोशी विकास बैंक लिमिटेड गछिया शाखा संग वडा नं ३ र ७ गरी एक भन्दा बढी वडाको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुनेगरी सम्झौता भएको देखियो । रणनीतिमा भएको व्यवस्थाको पालना गरी भत्ता वितरण हुनुपर्दछ ।			
३६.४.	**MIS विवरण :-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७५को परिच्छेद ४ को बुँदा नं १५ मा एम.आई.एस अद्यावधिक लगतका आधारमा भत्ता रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट प्राप्त एम.आई.एस मूल अभिलेख संग भत्ता वितरण गर्न तयार गरिएको लाभग्राहीको सुचीको भिडान गर्दा प्रथम चौमासिकमा कुल ७८०३ लाभग्राहीको अभिलेख मात्र एम.आई.एसमा देखिएको छ भने भत्ता वितरण गर्न ७६१७ जनाको नामावली बैंकमा पठाईएको देखियो । त्यसै गरी दोश्रो चौमासिकमा एम.आई.एस मूल अभिलेखमा ७६३१ लाभग्राहीको अभिलेख रहेकोमा भत्ता वितरण गर्न ७८३९ जनाको नामावली बैंक पठाईएको देखियो । तेश्रो चौमासिकको एम.आई.एस मूल अभिलेख विवरण प्राप्त नभएको हुँदा मूल अभिलेखमा रहेको लाभग्राहीको संख्या र भत्ता वितरण गर्न बैंक पठाईएको सुचीमा रहेको लाभग्राही संख्या वीच फरक भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरणको मूल अभिलेखमा लाभग्राहीहरुको विवरण पूर्ण रुपमा भरेको देखिएन । नमुना छनौट गरी परीक्षण गरिएकोमा केही लाभग्राहीको नागरिकता प्रमाण पत्र नं नभएको, ना.प्र.नं दोहोरिएको तेहरिएको वा सो भन्दा बढी रहेको, ना.प्र.नं जारी मिति उल्लेख नगरेको, लाभग्राहीको बाबु, आमा, बाजेको नाम उल्लेख नगरेको, नाम दोहोरो रहेको समेत देखिएकोले मृत्यु भै सकेका सबै लाभग्राहीहरुको लगत कट्टा भए नभएको एकिन गर्न सकिएन । एम.आई.एस विवरण अद्यावधिक नहुँदा एकै नामथर भएको व्यक्तिलाई दोहोरो भत्ता जान सक्ने, मृत्यु भै सकेकालाई भत्ता भुक्तानी हुन सक्ने जोखिम रहेको हुँदा नगरपालिकाले एम.आई.एस लगत अद्यावधिक गरेरमात्र भत्ता वितरण गर्नुपर्दछ ।			
३६.५.	**बैंकलाई रकम निकासा** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को बुँदा नं १६ अनुसार स्थानीय तहले प्रथम चौमासिकको भत्ता रकम असोजको दोश्रो हप्ता भित्र, दोश्रो चौमासिकको भत्ता रकम माघको दोश्रो हप्ता भित्र र तेश्रो चौमासिकको भत्ता रकम जेठको दोश्रो हप्ता भित्र वितरण गरि सक्नुपर्नेमा नगरपालिकाले प्रथम चौमासिकको भत्ता असोज २ गते, दोश्रो चौमासिकको भत्ता फाल्गुन ४ गते र तेश्रो चौमासिकको भत्ता २०७७ असार ११ गते बैंकमा निकासा गरेको देखिन्छ । कार्यविधिमा व्यवस्था भएको समय सिमाभित्र दोश्रो र तेश्रो चौमासिकको रकम बैंकमा पठाएको देखिएन । कार्यविधिले तोकेको समयावधि भित्र बैंकमा भत्ता रकम निकासा पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।			

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
३६.६.	सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आ.व.को श्रावण मसान्त भित्र लाभग्राहीको परिचयत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई तोकिएनुसारको समयपछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोमा आ.व. २०७६/७७ को अनुमानित बजेट प्रतिवेदन (अनुसुचि ५) बाट १२ वटा वडाहरुमा प्रथम चौमासिकमा ७६१७ जना, दोश्रो चौमासिकमा ७८३९ जना र तेश्रो चौमासिकमा ७८६७ जना लाभग्राहीको भत्ता वितरण गर्न बैंकमा चौमासिगत रकम पठाएको व्यहोरा प्राप्त विवरणबाट देखिन आएको छ । लेखापरीक्षणको क्रममा प्राप्त भएको Reverse Feed को परीक्षण गर्दा बैंकहरुले ३ वटै चौमासिकमा गरी ९६८ जना लाभग्राहीको रु.८५८३६००/- बरावरको भत्ता रकम लाभग्राहीको खातामा दाखिला गरेको देखिएन । तर आर्थिक वर्षको अन्त्यमा बैंकबाट बाँकी मौज्दात रकम उल्लेख गरी नगरपालिका सञ्चित कोषमा रु.६५७०५६८/- मात्र दाखिला गरेको देखिएकोले प्राप्त Forward Feed अनुसार वर्षान्तसम्म पनि वितरण नभई मौज्दात रहेको रु.२०१३०३२/- सम्बन्धमा थप छानवीन गरी एकिन गर्नुपर्ने र खर्च नभएमा उक्त रकम संघीय संचितकोष फिर्ता दाखिला गर्नुपर्ने देखिएको रु...	२०१३०३२/-

वडा नं.	बैकको नाम	प्रथम चौमासिक			दोश्रो चौमासिक			तेश्रो चौमासिक			वितरण नभएको रकम जम्मा Forward Feed अनुसार
		पठाईएको	वितरण	वितरण बाँकी	पठाईएको	वितरण	वितरण बाँकी	पठाईएको	वितरण	वितरण बाँकी	
१	लुम्बिनी विकास बैंक	६३०	६१६	१४	६४०	६१०	३०	६३५	६१८	१७	४९१२००
२	एन.सी.सी बैक	४९९	४८६	१३	५११	४९०	२१	५१९	५०९	१०	४४००००
३	सप्तकोशी विकास बैक	५२५	५१७	८	५४६	५३२	१४	५४५	५३२	१३	२७९२००
४	बैंक अफ काठमाण्डौ	५५२	५३१	२१	५७२	५५३	१९	५६३	५४	२१	५५४४००
५	एन आई सी एसिया बलिया	६५३	५६३	९०	६६४	५५६	१०८	६६८	५६५	१०३	२८८४६००
६	सिभिल बैंक	७८१	७४४	३७	८१६	७६८	४८	८२९	७८४	४५	९६५०००
७	सप्तकोशी विकास बैक	७७६	७५८	१८	७८८	७७०	१८	७८१	७६७	१४	४४०४००
८	सिर्जना फाईन्यान्स	५८२	५७४	८	५९९	५७३	२६	५९५	५९४	१	३०७८००
	एन आई सी एसिया बिराट चौक शाखा	७३९	७०८	३१	७६३	७३०	३३	७७८	७३७	४१	८०१०००
१०	कन्काई/प्राईम बैक	६८३	६६९	१४	७१२	७१२	०	७२२	७०२	२०	३३५२००
११	नेपाल बंगलादेश बैंक	६४६	६२९	१७	६६४	६४८	१६	६७३	६४७	२६	६२५६००
१२	सनराईज बैंक लि	५५१	५४१	१०	५६४	५३६	२८	५६६	५५२	१४	४५९२००
	जम्मा	**७६१७**	**७३३६**	**२८१**	**७८३९**	**७४७८**	**३६१**	**७८७४**	**७५४९**	**३२५**	**८५८३६००**

३६.७.	**एम. आई.एस. विवरण र निकासा भिडान :-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधिको परिच्छेद ४ को बुँदा नं १५ मा प्रत्येक स्थानीय तहको वडा कार्यालयहरुले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

लगतको आधारमा सम्बन्धित वडाका लाभग्राहीहरुको बैंक खातामा रकम जम्मा हुनेगरी स्थानीय तहले चौमासिक।मासिक रुपमा सामाजिक सुरक्षा भत्ता बापतको रकम निकासा गर्नुपर्दछ।नगरपालिकाले आ.व. २०७६/७७ को तेश्रो चौमासिकमा अनुमानित बजेट प्रतिवेदनबाट कायम भएको लाभग्राहीको संख्या भन्दा बढी संख्यालाई भत्ता भुक्तानी हुनेगरी तपसिलको बैंकलाई निकासा पठाएकोमा उक्त थप रकम वितरण गर्नुपर्ने यथेष्ट प्रमाण लेखापरीक्षणको क्रममा पेश नभएकोले सो सम्बन्धमा पुनः एकिन गरी थप निकासा पठाउनुपर्ने लाभग्राहीको संख्या र दर सहितको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गरी केन्द्रीय संचित कोष फिर्ता दाखिला गर्नुपर्ने रु... १४०२००/-

वडा नं.	बैंकको नाम	अनुमानित बजेट प्रतिवेदन अनुसार				
		लाभग्राही संख्या	पठाउनुपर्ने रकम	पठाएको लाभग्राही संख्या	पठाएको रकम	बढी निकासा रकम
१	लुम्बिनी विकास बैंक लि.	६३४	६३७९४००	६३५	६३९४४००	१५०००
२	एन.सी.सी बैंक लिमिटेड		५१९८४००		५२०१६००	३२००
३ र ७	ससकोशी विकास बैंक लि	१३२४	१२९३८४००	१३२६	१२९८०४००	४२०००
४	बैंक अफ काठमाण्डौ लि.	५६२	५३२१४००	५६३	५३४८४००	२७०००
८	सिर्जना फाईन्यान्स	५९४	५९०४४००	५९५	५९१६४००	१२०००
११	नेपाल बंगलादेश बैंक लि.	६७१	६६८२२००	६७३	६७०९२००	२७०००
१२	सनराईज बैंक लिमिटेड	५६५	५६०४२००	५६६	५६१८२००	१४०००
					जम्मा	१४०२००

३६.८. **दोहोरो भत्ता** :- नगरपालिकाले चौमासिगत रुपमा बैंक निकासा गरेको भत्ता रकम दाखिला गरिसकेपछि कार्यविधिमा भएको व्यवस्था अनुसार बैंकले नगरपालिकालाई फिर्ता पठाएको Reverse Feed को परीक्षण गर्दा तपसिलका लाभग्राहीको खातामा पाउने रकम भन्दा बढी रकम दाखिला गरेकोमा थप छानबीन गरी एकिन गर्नुपर्ने र दोहोरो भत्ता रकम असुल गरी संघीय संचित कोष फिर्ता गर्नुपर्ने रु... २८०९४००/-

बैंकको नाम	वडा नं.	समुह	लाभग्राहीको नाम	ना.प्र.नं.	पाउने रकम	भुक्तानी रकम	बढी भुक्तानी रकम	कैफियत
लुम्बिनी विकास बैंक	१	जे.ना.अन्य	चुन्निलाल खवास	२७।५३४	९०००	१२०००	३०००	प्रथम
			खगेन्द्र बहादुर कार्की	३६८२४	९०००	१२०००	३०००	प्रथम
			दिब्या कुमारी दाहाल	२२९९	६०००	२४०००	१८०००	दोश्रो/तेश्रो
			दिब्या कुमारि भट्टराइ	३६७९३	९०००	१२०००	३०००	दोश्रो
		पूर्ण अपाङ्ग	नारायणी थरुनी	३४९२।११४६	३०००	१२०००	९०००	तेश्रो
एन.सि.सि बैंक लि.	२	जे.ना.अन्य	रत्नदेवी थनदार	०५३०४६।६४१	६०००	१२०००	६०००	प्रथम
			झझुवा झाँगड	१७१।११९७	६०००	१२०००	६०००	दोश्रो
		विधवा	लालमाया मगर	२५०६-१४९	४०००	८०००	४०००	दोश्रो
ससकोशी विकास बैंक	३	अतिअशक्त अपाङ्ग	समुल घिमिरे		६४००	१८४००	१२०००	तेश्रो ००७०००११५८०१A
बैंक अफ काठमाण्डौ	४	जे.ना.अन्य	पाणिनि सापकोटा	९६८	१२०००	१८०००	६०००	दोश्रो
			भुवनदेवी पराजुली	७६६	१२०००	१८०००	६०००	दोश्रो
			गणेश प्रसाद पौडेल	५३५-९३	१२०००	२१०००	९०००	दोश्रो
			मन्छेदी धामी	३६३१२	०	१२०००	१२०००	तेश्रो चौमासिक सम्म पनि खाता नखुलेको फिडमा उल्लेख गरेको देखिएकोमा दोश्रो

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा								बेरुजू रकम
									चौमासिकको भत्ता खर्च लेखिएको
				भेस बहादुर नेउपाने	३५४१७	१२०००	२१०००	९०००	दोश्रो
			पूर्ण अपाङ्ग	गायत्रा कार्की	०५-०१--७४-१२५३९	१२०००	१८०००	६०००	दोश्रो
			विधवा	लक्ष्मी देवी पौडेल	२७८६-२०३	८०००	१४०००	६०००	दोश्रो
				जितनि देवी मुसहर	१३२८-६२६	८०००	२००००	१२०००	तेश्रो ०७६०००३०० २७१५२४
				पवनि देवी चौधरि	०५३०२६-७२४	८०००	१४०००	६०००	दोश्रो
	एन.आई.सी एशिया बैंक लि. बलिया शाखा	५	विधवा	गुलावी पासवान	ज०५३०६०/११	४०००	१६०००	१२०००	दोश्रो / तेश्रो
				मनमाया घिमिरे	३५५९	८०००	१६०००	८०००	प्रथम
				बिमला देवी आचार्य	०५-०१-७३-४१०३८४	८०००	१६०००	८०००	प्रथम
				असली चौधरीर। असरी चौधरी	३६२९६।०३५	८०००	१६०००	८०००	प्रथम
			जे.ना.अन्य	धनबहादुर पराजुली	५९७७	१२०००	२४०००	१२०००	प्रथम
				सत्यनारायण भट्टराई	१०७४३।७६८४।८१	१२०००	२४०००	१२०००	प्रथम
				धनमाया श्रेष्ठ	४९६०	१२०००	२४०००	१२०००	प्रथम
				हिरालाल कोईराला	१२२०१६-३७	१२०००	२४०००	१२०००	प्रथम
				गोमादेवी गुरागाई	३५५४३	१२०००	२४०००	१२०००	प्रथम
				कौशिला दर्जी	१५९-१६२	१२०००	२४०००	१२०००	प्रथम
				लक्ष्मण अधिकारी	१७४४।३७६४९	१२०००	२४०००	१२०००	प्रथम
				भक्त बहादुर भण्डारी	३४१५७२३६	१२०००	२४०००	१२०००	प्रथम
				लक्ष्मी गौतम	१२०४९-१८६	०	१२०००	१२०००	बैंकबाट प्राप्त Forward feed को कैफियत महलमा निज निवृत्त शिक्षक उल्लेख रहेको निजको वडा नं ६ को सिभिल बैंकको फिडमा नाम रहेकोमा थप एकिन गर्नपर्ने
				भुटिदेवी चौधरी	२८-६८२	३०००	१२०००	९०००	तेश्रो
				धनमाया अधिकारी	४-९८०१	२४०००	४८०००	२४०००	प्रथम र तेश्रो
			जे.ना. दलित	भुटकुन मोची	१६७१	२४०००	४००००	१६०००	प्रथम र तेश्रो
			एकल महिला	कमला देवी गुरुङ	३५४२८-०३५	८०००	१६०००	८०००	प्रथम
			अति अशक्त	नेत्र बहादुर ठकुरी	०५१०६०-२९५	६४००	१२०००	५६००	प्रथम
				रण बहादुर तामाङ खाता2268550860715001		६४००	१२०००	५६००	प्रथम

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*									आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा								बेरुजू रकम
	सिभिल बैंक लिमिटेड	६	जे.ना. दलित	निर बहादुर दर्जी	२१२३६	८०००	१६०००	८०००	प्रथम
			जेष्ठ नागरिक अन्य	फुलमाया लिम्बु	०८३०१७-६६०	०	१२०००	१२०००	तेश्रो चौमासिकमा खाता नं २८१०३३६९० २०१७ मा दोहोरो
				विष्णुमाया राई	१११४।३३४	१२०००	२४०००	१२०००	तेश्रो
				विष्णुमाया मगर	८९५४	१२०००	२४०००	१२०००	तेश्रो
				दिल बहादुर खडका	८७४-४४	१२०००	२४०००	१२०००	तेश्रो
				ईन्द्र प्रसाद कोईराला	९५६।१४०२६	२४०००	४८०००	२४०००	प्रथम र दोश्रो
				मुनी कुमार लिम्बु	६१९५-०३३-३४	२४०००	४८०००	२४०००	प्रथम र दोश्रो
			विधवा/ एकल महिला	कुमारी लिम्बु	०५३०६०-३०४	८०००	१६०००	८०००	प्रथम
				मनमाया तामाङ	०५१७७०-००२५८	१२०००	२००००	८०००	तेश्रो २८००१२१७२ २०१५
				मन्जु बराल	३१०३३	८०००	१६०००	८०००	प्रथम
	सप्तकोशी विकास बैंक लि	७	विधवा	गिरजा हलुवाई	२८९८२	१२०००	१६०००	४०००	दोश्रो
				धर्म कुमारी राई	४।८६१७	८०००	१४०००	६०००	दोश्रो
			जे.ना.अन्य	विष्णु माया भुर्तेल	१८५५।१२४	९०००	१२०००	३०००	दोश्रो
			अतिअशक्त अपाङ्ग	वल वहादुर दर्जी	०४०३०४६-६१८	०	६४००	६४००	तेश्रो
	सिर्जना फाईन्यान्स, सलकपुर	८	विधवा	गोमा श्रेष्ठ	०७७	०	८०००	८०००	प्रथम
				दिब्वेश्वरा खतिवडा	४६२६७	९०००	१२०००	३०००	तेश्रो
				सावित्रा बजगाई	३५६३।६९९	१६०००	३२०००	१६०००	प्रथम र दोश्रो
			जे.ना.अन्य	भद्रमाया थापा	२४५	१२०००	२४०००	१२०००	प्रथम
				ईन्द्र कुमारी धमला	१०७५८	१६०००	२१०००	५०००	प्रथम र तेश्रो
				पुन्य प्रसाद अधिकारी	४६७५५	१२०००	२४०००	१२०००	तेश्रो
				यज्ञ कुमारी थापा	०५१०४६/११२३	६०००	१२०००	६०००	दोश्रो
				जित बहादुर राई	४/५६००	९०००	१२०००	३०००	दोश्रो
				मङ्गुर झाँगड	१९५३।४४६	९०००	१२०००	३०००	दोश्रो
				तेज कुमारी भन्डारी	२९३३२	१२०००	२४०००	१२०००	तेश्रो
				बल बहादुर कार्की	१०२०	३६०००	७२०००	३६०००	प्रथम/दोश्रो/तेश्रो
	एन.आई.सी एशिया बैंक लिमिटेड, विराटचोक शाखा	९	जे.ना.अन्य	चन्द्र बहादुर थापा	७८०७।५६३	१२०००	२४०००	१२०००	तेश्रो
				कृष्ण प्रसाद आचार्य	३४१५१५९०४	१२०००	२४०००	१२०००	प्रथम
			जे.ना. दलित	मान बहादुर विष्वकर्मा	३९५५०	९०००	१२०००	३०००	दोश्रो
			वडा नं ५ को **आयसा सरदार**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१३** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने		खाता नं. MF८५९५१५३६ ४५२४०१	०	१५६०००	१५६०००	प्रथम
			वडा नं ५ को **अमृता मरार**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न		खाता नं. MF८५९५१५३६	०	१५६०००	१५६०००	प्रथम

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा							बेरुजू रकम
			१३ लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	०५२४०१				
			वडा नं ५ को **अस्मिता बि.क.**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१२** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. MF८५०००३१२ २५२४०१	०	१४४०००	१४४०००	प्रथम
			वडा नं ५ को **असुप खाती**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१२** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. MF८५९५१५३९ ०५२४०१	०	१४४०००	१४४०००	प्रथम
			वडा नं ५ को **आयुस मोची**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१३** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. MF८५०००३१२ ५५२४०१	०	१५६०००	१५६०००	प्रथम
			वडा नं ५ को **अर्पना विश्वकर्मा**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१२** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. MF८५९५०८७९ ६५२४०१	०	१४४०००	१४४०००	प्रथम
			वडा नं ५ को **विशाल विश्वकर्मा**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१०** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. MF८५९५१७३९ ९५२४०१	०	१२००००	१२००००	प्रथम
			वडा नं ५ को **दिपेश सुन्दास**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१०** लाभग्राहीको प्रथम चौमासिकको भत्तारकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. MF८५०३३३४७ ५५२४०१	०	१२००००	१२००००	प्रथम
			वडा नं ५ को **दिप्सा विश्वकर्मा**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **१०** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. २२६५७५०७८१ ८३०००१	०	१२००००	१२००००	प्रथम
			वडा नं ५ को **आस्मा बि.क.**को खाता नं रहेकोमा वडा नं ९ का विभिन्न **११** लाभग्राहीको प्रथम चौमासिकको भत्ता रकम यस खातामा पठाईएकोमा असुल हुनुपर्ने	खाता नं. २२६८५५०७७९ ३५८००१	०	१३२०००	१३२०००	प्रथम
			लाभग्राहीको पहिचान हुन नसकेको एकै खातामा विभिन्न **८** लाभग्राहीको नामबाट प्रथम चौमासिकको रकम निकासा गरेको रकम असुल हुनुपर्ने	खाता नं ५८५९५१४९७९ ५२४०१	०	९६०००	९६०००	प्रथम
			लाभग्राहीको पहिचान हुन नसकेको	खाता नं	०	४८०००	४८०००	प्रथम

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा								बेरुजू रकम
			एकै खातामा विभिन्न ४ लाभग्राहीको नामबाट प्रथम चौमासिकको रकम निकासा गरेको रकम असुल हुनुपर्ने		P६८५९५१४९७ ९५२४०१				
	कन्काई विकास बैंक लि. / प्राईम बैंक लिमिटेड	१०	दलित पोषण	रेश्मा रम्तेल	-	१६००	८०००	६४००	दोश्रो
				अडरिना रम्तेल	०९९००६७८A७	४८००	११२००	६४००	दोश्रो
				पुर्निमा धुलाकोटी	०९९००६१३A७	४८००	११२००	६४००	दोश्रो
				नोमिका विश्वकर्मा	०९९००४६५A७	१६००	८०००	६४००	दोश्रो
				पदम घले परियार	०९९००४६७A७	१६००	८०००	६४००	दोश्रो
				प्रकृति परियार	०९९००५००A७	१६००	८०००	६४००	दोश्रो
				अष्मिका माटे	०९९००६४३A७	१६००	१२०००	१०४००	दोश्रो
				रेनिसा विश्वकर्मा	०९९००६०९A७	१६००	८०००	६४००	दोश्रो
				रितिसा रोक्का	०९९००४६८A७	१६००	८०००	६४००	दोश्रो
				खुश्बुमाया विश्वकर्मा	०९९००५९२A७	४८००	११२००	६४००	दोश्रो
				प्रया सार्की	०९९००४९७A७	१६००	८०००	६४००	दोश्रो
			जे.ना. अन्य	घगवती घिमिरे	२३८०/१३०५३	१२०००	२४०००	१२०००	दोश्रो
				लेखनाथ भट्टराई	१७५९।७०३१	३६०००	४८०००	१२०००	दोश्रो ०९९००२१८A७
				लाभग्राही पहिचान हुन नसकेको	०९९००२२६A७	०	२४०००	२४०००	दोश्रो/ तेश्रो
				ईन्द्र वहादुर दर्जी	९६७।८४	१२०००	२४०००	१२०००	दोश्रो ०९९००२७३A७
				निरि माया राई	४०१०।६०७०	१२०००	२४०००	१२०००	दोश्रो
				रमा देवी हुमागाई	३४/३४८२	१२०००	२४०००	१२०००	दोश्रो
				प्रेम वहादुर सुवेदी	३५७४७०५	१२०००	२४०००	१२०००	दोश्रो
				लाभग्राहीको पहिचान हुन नसकेको	०९९०००३७A७	०	२४०००	२४०००	दोश्रो / तेश्रो
				दिल वहादुर राई	४८७०/८७१	१२०००	२४०००	१२०००	दोश्रो ०९९०००८५A७
				लाभग्राहीको पहिचान हुन नसकेको	०९९००२७६A७	०	२४०००	२४०००	दोश्रो / तेश्रो
				सुर्ज वहादुर राई	१०७७	१२०००	२४०००	१२०००	दोश्रो ०९९००२८०A७
				लाभग्राहीको पहिचान हुन नसकेको	०९९००२३७A७	०	२४०००	२४०००	दोश्रो / तेश्रो
				तुलसि कुमारी फुयाल	१४३/२५०६	१२०००	२४०००	१२०००	दोश्रो ०९९००३०२A७
				लाभग्राहीको पहिचान हुन नसकेको	०९९००२८१A७	०	२४०००	२४०००	दोश्रो / तेश्रो
			दलित पोषण / विधवा	लाभग्राही पहिचान हुन नसकेको	०९९००७४६A७	०	९६००	९६००	प्रथम/दोश्रो
					०९९००७४०A७	०	९६००	९६००	दोश्रो
			दलित	लाभग्राही पहिचान हुन	०९९००७३९A७	०	८०००	८०००	दोश्रो / तेश्रो

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*									आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा								बेरुजू रकम
			पोषण / अति अशक्त	नसकेको					
			जे.ना. अन्य / विधवा	लाभग्राही पहिचान हुन नसकेको	०९९००५४७A७	०	२००००	२००००	दोश्रो
					०९९००५४१A७	०	२००००	२००००	प्रथम/दोश्रो
			विधवा	हिमा वस्नेत	९०९	२४०००	२८०००	४०००	दोश्रो
				चन्द्रा कुमारी तामाङ	५-७५४	२४०००	३२०००	८०००	दोश्रो
				द्रोपती खनाल	१८३४-४०३	८०००	१२०००	४०००	दोश्रो
				लिला आचार्य (सुवेदी)	७८९१/३४८	८०००	१२०००	४०००	दोश्रो
				लिला देवी नेपाल	६३०५/२३८०	८०००	१२०००	४०००	दोश्रो
				महालक्ष्मी गौतम	३७७८८	८०००	१२०००	४०००	दोश्रो
				ईन्दिरा लामिछाने	४९४३६	८०००	१२०००	४०००	दोश्रो
				ईन्द्र देवी विष्ट	७५२।२३५०	८०००	१२०००	४०००	दोश्रो
				ईन्द्र कुमारी राई	०५३००५।७५४	८०००	१२०००	४०००	दोश्रो
				राज कुमारी राई	७३५३/४२६	८०००	१२०००	४०००	दोश्रो ०९९००३८०A ७
				नेत्र कुमारि खतिवडा	१५९-४३५३४	८०००	२४०००	१६०००	दोश्रो
				निर्मला देवी वान्तवा	१६४२	८०००	१२०००	४०००	दोश्रो
				पवित्रा दवी मगर	७०४१।१५९	८०००	१२०००	४०००	दोश्रो
				पवित्रा माया कार्की	५८४२२	८०००	१२०००	४०००	दोश्रो
				पदम माया नेपाल	६०२९/२०३२	८०००	१२०००	४०००	दोश्रो
				कमलादेवी थापा मगर	०५-०१-७०-१९९५७	८०००	१२०००	४०००	दोश्रो
				पन्चरेखी राई	८५२४९८९२	८०००	१२०००	४०००	दोश्रो
				पाफ माया राई	३१८	८०००	१२०००	४०००	दोश्रो ०९९००३१९A ७
				पन्च कुमारी राई	०५-०१-७३-०८४४८	८०००	१२०००	४०००	दोश्रो
				फुर्वीदिकी शेर्पा	०५३००५/१४१३	८०००	१२०००	४०००	दोश्रो
				खेम कुमारी विष्ट	८८	८०००	१२०००	४०००	दोश्रो ०९९००३८३A ७
				राम कुमारी राई	८९३-२२१४	८०००	१२०००	४०००	दोश्रो ०९९००३४५A ७
				राम कुमारी सार्की	७१६।२०४८।४२४८	८०००	१२०००	४०००	दोश्रो ०९९००३८९A ७
				मन माया लिम्बु	५९३३२	८०००	१२०००	४०००	दोश्रो ०९९००३८४A ७
				अर्जुन विश्वकर्मा	०५१००६-७६८	८०००	१२०००	४०००	दोश्रो ०९९००३८५A ७

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*									आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा								बेरुजू रकम
				टिकामाया घिमिरे	७२६१।२३	८०००	१२०००	४०००	दोश्रो ०९९००३०९A७
				रम नेपाली	०५३००५।८६	८०००	१२०००	४०००	दोश्रो ०९९००३३९A७
				अईतरानी लिम्बु	६१४१९/२८४६	८०००	१२०००	४०००	दोश्रो ०९९००३४४A७
				गोमा थापा	४०६५	८०००	१२०००	४०००	दोश्रो
				ईन्द्र कुमारी अधिकारी	१११९९	८०००	१२०००	४०००	दोश्रो
				तुलसी लिम्बु	०८३००६।४५	८०००	१२०००	४०००	दोश्रो
				कमला देवी अधिकारी	३४१५९१४७	८०००	१२०००	४०००	दोश्रो
				कमला घिमिरे	४।५७४२	८०००	१२०००	४०००	दोश्रो
				भिम माया लिम्बु	६१७।४३८	८०००	१२०००	४०००	दोश्रो
			जे.ना. दलित	देशिया रिषिदेव	७१३७।३४०५६	८०००	१२०००	४०००	दोश्रो
				मान बहादुर परियार	३०३४७।५७४	८०००	१२०००	४०००	दोश्रो
				कृष्ण कुमारी नेपाली	३८२५/४८७१	८०००	१२०००	४०००	दोश्रो
				ईन्द्र सुन्दास	३८११०/०३५	८०००	१२०००	४०००	दोश्रो
				दल बहादुर खत्री	०५३००५।०२७	८०००	१२०००	४०००	दोश्रो
				रनमाया दर्जी	२३४०।१००६	८०००	१२०००	४०००	दोश्रो ०९९००७१०A७
				रिता देवि परियार	६०५९।६३१	८०००	१२०००	४०००	दोश्रो ०९९००१३४A७
				सितामाया सार्की	११६२।१८९३	८०००	९०००	१०००	दोश्रो ०९९००२४३A७
			अति अशक्त	संजय लिम्बु	०५-०१-७४-०४७८४	१९२००	२०८००	१६००	दोश्रो
				स्वस्तिका श्रेष्ठ	जन्म दर्ता ४१९	१९२००	२०८००	१६००	दोश्रो
				राम बहादुर भुजेल	०५३००५।१९३०	६४००	१४४००	८०००	दोश्रो ०९९००५११A७
	एन.सी.सी बैंक लि	११	जे.ना. अन्य	नेत्र प्रसाद पराजुली	१२४७/३६५६	०	३६०००	३६०००	प्रथम/दोश्रो/तेश्रो लगत कट्टा ०७६।३।३० मा भएको
			जे.ना. दलित	पोष्कर बहादुर चर्मकार	२४८।१४६८२	१६०००	३२०००	१६०००	दोश्रो / तेश्रो
				लाभग्राहीको पहिचान हुन नसकेको	०३४००७०९२Z	०	८०००	८०००	तेश्रो
			पूर्ण अपाङ्ग	उजुरी चौधरी	०५३००५-११२९	२४०००	३२०००	८०००	प्रथम / दोश्रो ०३४००४५३२Z
	सनराईज बैंक लिमिटेड	१२	विधवा	तारा खडका वोहरा 0410618355405001	५५९६०	८०००	१००००	२०००	प्रथम
			जे.ना.	राम वहादुर श्रेष्ट	१२७	१२०००	१५०००	३०००	प्रथम

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

		अन्य	0410622349405001					
							जम्मा	२८०९४००

३६.९. विपद व्यवस्थापनः विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा विपद व्यवस्थापन ऐन अनुसार नगर स्तरीय विपद व्यवस्थापन समितिले कार्य गर्नुपर्ने व्यवस्था छ । यस वर्ष निम्नानुसारका मिति र भौ.नं. बाट देहायको कार्य समेतलाई विपद व्यवस्थापनको लागि विनियोजित बजेटबाट भुक्तानी दिएको पाइयो ।

मिति/भौ.नं.	सहायता पाउनेको नाम/कामको विवरण	रकम	कारण र कैफियत
३/२०७६/५/२९	शितला कृषि फर्म	५००००	जंगलबाट अचानक बाढी आएर १११० वटा बोइलर कुखुरा मरेको
१२६/२०७६/३/१८	पोखरेल होटल लगायत ६ वटा पसल	८५००	अचानक आगलिगि भएको कारण
९१/२०७७/३/२३	तरकारी खेती संचालन	५७००	लिजमा जग्गा लिई तरकारी खेती गरेकोमा असिनाबाट भएको क्षेति वापत ४ जनालाई
११२/२०७७/३/१	ब्ल्याङकेट/कम्बल राम्रो	५३२३३८	२०७६।१२।२४ को खरिद विजकबाट सोझै खरिद गरी ल्याएकोमा उक्त कम्वल वितरण विवरण समावेश नभएको

उपरोक्तानुसारका अतिरिक्त विपद व्यवस्थापन कोषबाट शितलहरमा दाउरा खरिद गर्न समुदायिक वन उपभोक्ता समिति र वडा सचिवहरुलाई समेत पेश्की दिएकोमा पेश्की बाँकी र खरिदको अन्य कार्य गरेको पाइयो ।

३६.१०. यस कोषबाट क्वारेन्टिन सेन्टरको लागि खरिद गरिएका रु. ५३२३३८/- का व्लाङ्केटहरु ति सेन्टरबाट फिर्ता दाखिला समेत भएको प्रमाण पेश हुनुपर्ने रु. — ५३२३३८/-

३७. वार्षिक प्रतिवेदन — विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

प्रदेश सांसद निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमः

३८. जनश्रमदान - प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन नियमावली २०७६ (दोश्रो संशोधन) अनुसार उक्त कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत काम गराउँदा भवन र पुलमा उपभोक्ता समितिले कम्तिमा १० प्रतिशत र अन्यमा भए कम्तिमा २० प्रतिशत योगदान गर्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिका अन्तर्गत संचालित यस कार्यक्रम तर्फका योजनाको नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार (भवन र पुल वाहेकका) काममा घटीमात्र जनसहभागिता लिई बढी खर्च गरेकोले नपुग जनसहभागिता वापतको रकम असुल हुनुपर्दछ रु. — ६०६८८२/-

सि.नं.	उपभोक्ता समिति र काम	सम्झौता रकम	कार्य सम्पन्न रकम	उपभोक्ताले व्यहोर्ने रकम	व्यहोरेको	घटी अनुपातिक कट्टी रकम
१.	कृषि सडक हलेसी मार्ग पेवल	१२०७९४४.४९	१२१११९६.२०	२४४२३९	२४२९४४	७०४
२.	खगेश्वर लुइटेल घर पश्चिम सडक कालोपत्रे	१६१६५८६.४७	१६१३०८६	३२२६१७	१६९०८६	१५३५३१
३.	गैरी टोल हुदै बासुविताल बाटो ग्राभेल	११८८४५८	११५३१५८	२३०६३१	१७३४५८	५७१७३

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

४.	चौधरी टोल कालोपत्रे	२२१४३९७	११८६०४२	२३७२०८	२१४३९७	२२८११
५.	मुनाल चोक हुदै संगम मार्ग	११८८१२५	९९०३२६	१९८०६५	१७३१२५	२४९४०
६.	महेन्द्र मा.वि.को बाटोमा टायल विच्छाउने कार्य	१७०९०९०	१६५७३८९.५३	३३१४७७	२०२५९२	१२८८८५
७.	रिङछिङ छ्यालिङ बैद्धगुम्वा	१११७१०८	१०८२१०८	२१६४२१	१०२१०८	११४३१३
८.	श्री मा.वि. मृगौलिया मर्मत	११०८११०	१०६३१७९	२१२६३५	१०८११०	१०४५२५
					जम्मा	६०६८८२

३८.१.	**एकै आइटम दोहोरो भुक्तानीः** कार्यालयले खगेश्वर लुइटेल घर पश्चिम सडकमा कालोपत्रे गर्ने कार्य को ल.ई. तयार गर्दा Gravel subbase, base course, watermacdam को कार्य परिमाण स्वीकृत गरिएकोमा फाइनल विल तयार गरी भुक्तानी गर्दा समेत सोही आइटमको मात्र कार्य गराई भुक्तानी गरेको छ। सडक कालोपत्रे योजनाको कामको स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार Sub base course thickness 0.15cm स्वीकृत गरेकोमा कामको नापी गर्दा 0.25cm thickness बाट गणना गरी बढी भुक्तानी गरेकोले र (Test Report समेत नरहेको) रु. ६४२५१/- असुल हुनुपर्ने रु.	६४२५१/-
३८.२.	**कामको गुणस्तर परीक्षणः** सडक निर्माण कार्य गराई कामको नापजाँच गरी भुक्तानी गर्नु अगावै स्पेसिफिकेशन अनुसारको खपत सामग्रीको ल्याव परीक्षण गराएर गुणस्तरयुक्त भएमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं. ९ मा वडा बजेटबाट निर्माण गरिएको बुधवारे-आइतबारे सडकमा कालोपत्रे गर्ने कार्य मध्ये ४८०.३० मीटर निर्माण पुरा भईसकेपछि प्रदेश सांसद पूर्वाधार विकास कार्यक्रमबाट प्राप्त रु. १५००००००/- बाट २४३.७० मी को थप काम गराउदा प्रयोग गरिएका निर्माण सामग्री प्रथम पटक नै परीक्षण भैसकेको हुँदा दोश्रो चरणको निर्माण कार्य गर्दा पहिले खण्डको भन्दा फरक गर्दा गुणस्तर फरक पर्न जाने देखाई साइट इन्जिनियरले पहिलो चरणमा गरिएको कामको गुणस्तर परीक्षण नै दोश्रो पटकको काममा पुरा भएको मान्नुपर्ने, प्रतिवेदन गरी कामको गुणस्तर परीक्षणनै नगरी भुक्तानी गरेकोले कामको परीक्षण नगरी भुक्तानी गर्नुपर्ने राय सहित प्रतिवेदन पेश गर्ने साइट इन्जिनियर तथा गुणस्तर परीक्षण वेगर भुक्तानी गर्नेलाई जिम्मेवार बनाईनु पर्ने खर्च रु.	१९६३१८१/-
३८.३.	फाइनल विलमा Loading unloading of excess material at site transportation and disposal of material उल्लेख गरी BOQ मा नभएको आइटमको भुक्तानी दिएको रु. ३००००/- र सोमा थप मू.अ.कर समेत असुल हुनुपर्दछ रु.	३३९००/-
३९.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति मार्फत गराएको कामको सुपरिवेक्षण दायित्व सम्बन्धीत कार्यालयले खटाएको प्राविधिकको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः	
३९.१.	**गुणस्तर नभएको कामको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा रनिङ विलको रकम भुक्तानी गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन अनुसार गर्नुपर्ने कार्य पुरा भई सकेपछि गुणस्तर परीक्षण गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं. १२ सिदेश्वर मार्ग (घ) मा ग्राभेलिङ गर्ने कार्यको ल.ई. मा दररेट विश्लेषण गर्दा ग्राभेल र रोलिङ समेतको आधारबाट प्रति घ.मी. दर कायम गरी सो काम उपभोक्ता समितिबाट गराउन रु. १२८७५३.५१ मा सम्झौता भएको छ । समितिको कामको विल तयार गरी भुक्तानी गर्दा साइड इन्जिनियरले मोटर ग्रेडर रोलर प्रयोग नगरेको उल्लेख गरी विल मूल्याङ्कन घटाई भुक्तानी सिफारिस गरेको आधारमा रु. १०८५०६.१३ भुक्तानी गरेको पाइयो । सम्झौता अनुसारको गुणस्तर युक्त नभएको कामको सिफारिस गरी भुक्तानी गरेकोले	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	साइड इन्जिनियर समेतलाई जिम्मेवार बनाइनुपर्दछ । सम्झौताको शर्त र स्टाण्डर्ड स्पेसिफिकेशन पुरा नगरेको कामको भुक्तानी गरेको रु.	१०८५०६.१३
	• **स्वास्थ्य शशर्त तर्फः**	
४०.	**ठेक्काको अवस्थाः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम खरिद सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभएमा नियम १२० बमोजिम म्याद थप हुनुपर्ने र सो अनुसार म्याद थप नभएका नियम १२१ बमोजिम निर्माण व्यवसायीले पूर्व निर्धारित क्षतिपूर्ती तिर्नुपर्ने व्यवस्था छ । वडा नं. १० मा निर्माण हुने स्वास्थ्य केन्द्र भवनको निर्माण कार्य गर्ने व्यवसायीको २०७७।३।२५ सम्म (थप सहित) मात्र म्याद रहेकोमा सो अवधि पछी म्याद थप नभएकोमा निर्माण व्यवसायीले मु.अ.कर विजकमा अन्तिम विलको भुक्तानी उल्लेख गरेकोमा कार्यालयले उक्त कामको फाइनल विल सम्म मात्र उल्लेख गरी यो वर्ष सम्म रु. ३८९४७५८.९३ भुक्तानी गरेको छ । खरिद सम्झौता रु. ४३२२७४.५३ रहेकोमा कामको भेरिएसन पनि नगरेको, म्याद थप नगरेको अवस्था देखिएकोले बाँकी कामको निर्णय गरी पूर्वनिर्धारित क्षतिपूर्ती लिई कार्य सम्पन्न गराउनु पर्दछ ।	
४१.	वडा नं. ९ को स्वास्थ्य केन्द्र निर्माण गर्ने निर्माण व्यवसायी अमर निर्माण सेवाको अवधि २०७७।३।२५ सम्म रहेकोमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम २१ दिन अगावै म्याद थप निवेदन दिनुपर्नेमा सो समेत दिएको पाइएन । नियमानुसार म्याद थप नभएमा लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ती लिएर बाँकी कार्य पुरा गराउनुपर्दछ ।	
४२.	**पि.एस. रकमको भुक्तानी आधारः** खरिद सम्झौतामा रहेको प्रोभिजनल समबाट भुक्तानी गर्नु अगावै उक्त रकमबाट गरिने कामको विवरण र लागत अनुमान स्वीकृत गरी कार्यालय प्रमुखले आदेश जारी गर्नुपर्ने व्यवस्था छ । वडा नं. ७ को स्वास्थ्य केन्द्र निर्माण गर्ने निर्माण व्यवसायीको वि.ओ.क्यू नं. १७ मा एकमुष्ठ रहेको Water supply and sanitation work को आइटममा रु. २००००००/- रहेकोमा उक्त रकमबाट कार्य गर्नु अगावै कामको विवरण सहितको खरिद आदेश र खरिद सामग्री विवरण वेगर भुक्तानी गरेकोले तोकिएको कार्यमा पुरै रकम खर्च भएको मान्ने आधार नदेखिएकोले पानी सप्लाई सम्बन्धी कामको विवरण पेश नभएको भुक्तानी रु.	२००००००/-
	• **शिक्षा शशर्त तर्फः**	
४३.	शशर्त अनुदानबाट संचालन हुने कार्यक्रममा प्राप्त अनुदान रकम स्वीकृत कार्यक्रम संचालन कार्यान्वयन निर्देशिकाको आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले शिक्षा शशर्त तर्फ रहेको निम्नानुसारको कम्पोनेन्टको रकम समेत विद्यालयहरुमा निकासा पठाएको छ । कोभिड- १९ को कारण २०७६।१२।११ देखि सम्पूर्ण लकडाउन भै शैक्षिक सत्र २०७७ शुरु नभएको र शैक्षिक सत्र शुरु भै EMIS तयारी भएपछि गणना गरी पठाउन सकिने रकम समेत निकासा दिई खर्च गरेको पाइयो ।	

कम्पोनेन्ट	कृयाकलाप	निकासा रकम	कैफियत
२.४.६.१	निशुल्क पाठ्यपुस्तक	४३२००८७	शैक्षिक सत्र २०७७ को १ देखि ८ र कक्षा ९ र १०
	मा.वि. इन्टरनेट जडान	१३२०००	
	सा.ले.प./आ.ले.प.	४७५०००	
२.७.१३.१०	विद्यालय संचालन तथा व्यवस्थापन	२०९२०००	कार्यक्रम कार्यान्वयन पुस्तीका २०७६।७७ को निर्देशन अनुसार स्थानीय तहले विद्यालय संचालनको अवस्था यकिन गरी कार्यक्रम को लागि स्वीकृत बजेटको बाँडफाँड गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने व्यवस्था भएको
२.७.१३.८	कक्षा ८ परीक्षा व्यवस्थापन	२२९४००	लिला ओझको पेश्की फछ्र्यौट

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	संचालन ७.२.१.१ गैर आवसिय अपाङ छात्रवृति १८५००० १४ विद्यालयमा विद्यार्थीको नाममा निकासा जम्मा ७४३३४८७	
४३.१.	उपरोक्तानुसार लकडाउनमा विद्यालय बन्द रहेको र शैक्षिक सत्र २०७७ शुरु नभई र EMIS प्राप्त नगरी गैर आवसिय छात्रवृति रकम रु. १८५०००/- सम्बन्धित विद्यार्थीले बुझिलिएको भरपाई पेश हुनुपर्ने रु.	१८५०००/-
४३.२.	सा.ले.प./आ.ले.प. सम्पन्न गरि खर्च गरिएको प्रतिवेदन सहित अनुगमन रिर्पोट पेश हुनुपर्ने रु.	२०९२००/-
४३.३.	शैक्षिक सत्र २०७७।७८ पौष देखि मात्र संचालन भएकोले २०७७।७८ को अवधिमा सो रकम घटाएर मात्र थप निकासा दिनुपर्ने देखिएको छ ।	
४३.४.	मा.वि. इन्टरनेट जडान कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्ने रु.	१३२०००/-
४३.५.	पाठ्यपुस्तक बापतको रकमबाट विद्यार्थीले पुस्तक खरिद गरी रकम प्राप्त गरेको अनुगमन प्रतिवेदन लिई लेखापरीक्षणलाई समेत पेश हुनुपर्दछ ।	
४३.६.	लिलादेवी ओझाको नाममा कक्षा ८ परीक्षा संचालन व्यवस्थापन बापत दिएको रकम मध्ये विद्यालयहरुलाई उपलब्ध गराई खर्च दावी गरिएको मध्ये विद्यालयहरुबाट प्राप्त विल भरपाईहरु २०७७ जेष्ठ महिनाको देखिएको र उक्त अविधमा सम्पूर्ण लकडाउन भै विद्यालय बन्द रहेको अवधिमा खरिदको विल विजक समेत समावेश भएको र परीक्षा अवधि २०७६।१२।९ देखि २०७६।१२।१८ सम्म रहेकोमा विद्यालयहरुले लिएको रकम सम्बन्धित कार्यमा खर्च गरे नगरेको सम्बन्धमा पुन यकिन गरि खर्चको प्रमाणबाट पुष्टि नभएमा रकम फिर्ता लिई दाखिला गर्नुपर्दछ रु.	८५७८६८/-
	• **न.पा. पूँजीगत**	
४४.	**कामको सम्झौता र भुक्तानी अवस्थाः** सडक निर्माण सम्बन्धी कार्य गर्दा स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशनको आधारमा गराएर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । वडा नं. ३ को योजना विभिन्न बाटोमा ग्राभेल विच्याउने र सम्याउने (आवश्यकता अनुसार पानी प्रयोग गरी नमर्स) र थिच्ने (Compaction) गरेको नदेखिएको र उपभोक्ता समितिले समेत पेश गरेको विजकमा ग्राभेल खरिद र ज्यामीज्यालाको (MR) मात्र भर्पाई पेश गरेका छन् । स्वीकृत स्टाण्डर्ड स्पेसिफिकेशन र सम्झौता दरबाट सबै काम पुरा नगरी भुक्तानी गरेकोले कामको गुणस्तर र दिगोपना समेत यकिन नभएको खर्च रु.	५००००००/-
४४.१.	वडा नं. ३ ले सानातिना ममर्त शिर्षकमा योजना नखुलाई एकमुष्ठ ममर्तको बजेट स्वीकृत गरेको छ । उक्त योजनाबाट ६ वटा सडकको नाम समावेश गरी सो कार्य गर्न एकै समिति गठन गरी नमुना टोल बाटो ६ वटालाई प्याकेज र अन्य १६ वटा सडकको प्याकेजमा समेत समावेश गरेको छ । एकै बाटोलाई २ प्याकेजमा समावेश गरी ग्राभेल विच्छाउने र ममर्त संभारतर्फ खर्च गरेकोले यो सडकमा गरिएको भुक्तानी रु. १२८०७३.८६ पुन यकिन गरी असुल हुनुपर्दछ रु	१२८०७६.८६
४४.२.	आमझोकी देखि हुलाकी मार्ग हुँदै लोचनी चौतारासम्म (६ वटा सडक) को ग्राभेलको कार्य एउटै उपभोक्ता समितिले गरेकोमा १६ वटा सडकमा खाल्डा पुर्न छुट्टै समितिमा पुन १, २, ३ मा समेत समावेश भएकोले दोहोरो भुक्तानी भए नभएको यकिन गरी दोहोरो भएमा बढी रकम असुल हुनुपर्दछ रु.	४२२८७.२१
४४.३.	वडा नं. ९ सार्वजनिक खरिद नियमावली २०६४ र स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन सम्बन्धी कार्यविधिमा योजनामा उपभोक्ता समितिबाट कार्य गराउँदा स्थानीय तथा योजना सँग प्रत्यक्ष लाभग्राहीहरुको समिति गठन गरी कार्य गराई काम पुरा भएपछि मर्मत संभार समेतको जिम्मेवारी दिनुपर्ने व्यवस्था छ । यस वडाको मर्मत संभार योजनाबाट ६ वटा सडकको काम गर्न एउटै उपभोक्ता समिति गठन गरी विभिन्न सडकहरुको कार्य परिमाण (सडकमा ग्राभेल गर्ने कार्य) राखी सम्झौता गरेकोमा विल तयार गर्दा स्वीकृत सडकको लम्वाई फरक गरी सडकमा खपत परिमाण घटी/बढी को	

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	कार्य गराई रु. ५३४७०७/- को विल तयार गरी सो मध्ये रु. ५००००००/- भुक्तानी गरेको पाइयो । शुरु लागत अनुमान तयार गर्दा लिईएको क्षेत्र भन्दा फरक क्षेत्रमा काम गराएको र एउटै समितिबाट ६ वटा सडक मर्मत सम्बन्धी कार्य गराई भुक्तानी गर्नाले नियमावलीको व्यवस्था पालना नभएको खर्च रु.	५००००००/-
४४.४.	**वडा नं. ४ लागत अनुमान वेगरको भुक्तानीः** सार्वजनिक खरिद नियमावलीको नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गरी स्वीकृत गराउनुपर्ने व्यवस्था छ। वडाका विभिन्न ७ बाटोहरुमा ग्राभेल विच्छाउने कार्य गर्न एकै उ.स.सँग उक्त कामको सम्झौता गर्दा बाटोको नाम र कार्य परिमाण खुलाई लागत अनुमान स्वीकृत गरेको प्रमाण लेखापरीक्षणमा पेश भएन । यो वर्ष ग्राभेल विच्छाउने कामको प्रथम तथा अन्तिम विल मा प्रति घ.मी. ९९७.४६ का दरले ५३३९३ घ.मी.को रु. ५३२५७४.०८ को विल तयार गरी भुक्तानी गरेको रु.	५३२३७४.८२
४४.५.	**म्याद थप वेगरको भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभएमा म्याद पुरा हुन २१ दिन अघि निर्माण व्यवसायीले निवेदन दिनुपर्ने व्यवस्था छ । तोकिएको म्याद भित्र कार्य पुरा नभएमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । ठे.नं. ०५।२०७६।७७ बाट विद्युत पोल खरिद सम्बन्धी सम्झौता गर्ने निर्माण व्यवसायीको म्याद २०७६।८।१९ ले ६ महिना भित्र रहेकोमा उक्त म्याद थप गरी २०७७।३।२० सम्म पुऱ्याएको पाइयो । उक्त अवधिपछि म्याद थप नगरेको र २०७७।३।२५ मा मात्र पोल खरिद गरी रु. २२७९४९८/- भुक्तानी गरेकोमा नियमानुसार लाग्ने पूर्व निर्धारित क्षतिपूर्ति असुल नगरेको रु.	५६९८/-
४४.६.	विद्युत पोल सप्लाई गर्ने निर्माण व्यवसायीले उक्त पोलको गुणस्तर परीक्षणको प्रमाण समावेश नगरेकोले सम्झौताको शर्त अनुसार टेष्ट रिर्पोट लिएरमात्र भुक्तानी गर्नेपर्नेमा सो अनुसार गरेको पाइएन ।	
	• **हस्तान्तरित कार्यक्रम तर्फः**	
४४.७.	**कामको ड्रइङ डिजायन र नक्साः** भवन निर्माण सम्बन्धी कार्य गराउनु अघि उक्त भवनको ड्रइङ डिजायन र नक्सा समेत तयार गरी स्वीकृत गराएर (न.पा. मापदण्ड अनुसार) मात्र कामको परिमाण तयार गरी लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वडा नं. ५ मा तराई मधेश सम्वृद्धि कार्यक्रमबाट आदिवासी जनजाती भवन निर्माण कार्यक्रममा रु. २५००००००/- विनियोजन भएको छ । उक्त भवनको निर्माण कार्य ठेक्कापट्टाबाट गराउन लागत अनुमान तयार गर्दा भवनको ड्रइङ डिजायन र नक्सा स्वीकृत भएको पाइएन । भवनमा सभाहल बनाउने कार्यको आइटम तयार गरी रु. ४२९०५७७/- को इष्टिमेट तयारी गरी स्वीकृत गर्दा न.पा.बाट रु. १७९०५७७/- र कार्यक्रमको रु. २५००००००/- बाँडफाँड गरेको छ । बोलपत्र मार्फत ठेक्का आव्हान भई २०७६।११।१३ सम्झौता भई रु. ३१५०४८४.४० मा कार्य गराएको र कामको अवधि २०७६।३।१५ सम्म राखेको छ । उक्त कामको फाइनल विल तयार गरी रु. ३०९६२३१/- भुक्तानी गरेकोमा विलको अवधि र काम नापजाँच अवधि समेत शुरु सम्झौता भित्रै सम्पन्न देखाइएको छ । कार्यालयले यो वर्ष गत विगतमा निर्माण भई अधुरो अवस्थामा रहेको यो भवनको कामको इष्टिमेट मा Site clearance, Dry brick soling, wood work, Flooring work समेतको आइटम समावेश गरेको पाइयो । सम्झौता अनुसार काम शुरु गरिसकेपछि कामको भेरिएसन समेत गरेकोमा भेरिएसन सम्बन्धी कार्य नगर प्रमुखबाट २०७७।३।२९ मा स्वीकृत गरेको पाइयो । भेरिएसन स्वीकृती वेगर काम गराई २०७७।३।१५ मै कार्य सम्पन्न देखाएको तर सो अवधि पछि मात्र भेरिएसन स्वीकृत भएकोले	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	सम्झौताको अवधि भित्र कार्य नगरेकोमा नियम १२१ बमोजिम लाग्ने पूर्वनिर्धारित क्षतिपूर्ति रु. २३६३८/- असुल हुनुपर्दछ रु.	२३६२८/-
४४.७.१.	फाइनल विल तयार गर्दा भेरिएसन क्वान्टिटी नदेखाएकोमा कार्य सम्पन्न तयार गर्दा भेरिएसन परिमाण देखाएको पाइयो । अन्तिम विल तयार गरी स्वीकृत गरिसकेपछि मात्र भेरिएसन गराएको देखिएको यो कामको नापी र भुक्तानी सम्बन्धमा पुन यकिन गर्नुपर्दछ । अन्तिम विलमा सम्झौता रु. ३१५०४८५.४० र हालसम्मको काम भेरिएसन वेगरै रु. ३०६३३१.३८/- देखाई विल प्रमाणित गरेको छ । फाइनल विलमा चढाई भुक्तानी गरिएको आइटम नं. २० को रु. २९८०८/- र आइटम नं. २१ को रु. २१८२३४.५२ लाई कार्यसम्पन्न प्रतिवेदनमा समावेश नगरेकोले कार्य सम्पन्न प्रतिवेदन तयार गरी स्वीकृत गरेको यथार्थ देखिएन ।	
	• **कोभिड-१९ तर्फः**	
४५.	**दातागत सहयोग स्थितिः** कोरोना भाइरस नियन्त्रण सम्बन्धीको कार्य संचालन गर्न नगरपालिकाले नगर स्तरीय विपद व्यवस्थापन समिति अन्तर्गत पुनः संघ संस्था, उप-समिति गठन गरी विभिन्न व्यक्ति तथा संस्था मार्फत प्राप्त नगद तथा जिन्सी सामग्रीहरु संकलनको कार्य गरेको विवरण प्राप्त भएको छ । लेखापरीक्षणमा प्राप्त विवरण अनुसार २०७६।१२।३० सम्म उप समितिले संकलन गरेको रकम रु. ३२९२२०९/- देखाएको छ । उक्त रकममा विभिन्न व्यक्तिहरु मार्फत प्राप्त भएको नगद तथा चेकहरु मध्ये रु. १५५८४४३/- उपसमितिले पालिकाको बैंक खातामा जम्मा नगराई राहत सामग्री खरिद गर्नको लागि प्राप्त भएको नगद उल्लेख गरि खर्च गरेको छ । उपसमितिबाट खर्च गरी खरिद गरिएका राहत सामग्री छुट्टै अभिलेख खडा नगरेकोले सामग्री खरिदमा उप-समितिमार्फत संकलन भएको रकमबाट खर्च देखाएकोलाई यकिन गर्न सकिएन ।	
४६.	लेखापरीक्षणलाई प्राप्त विवरण अनुसार चेक मार्फत प्राप्त देहायको रकम न.पा.को दुई खाताहरुमा जम्मा गरेको देखियो । **दाताको नाम** / **जम्मा रकम** / **खाता नं.** विजय पौडेल / ५१००० / ०६०१५०११४७६३००६५ लाटीझोडा सामुदायिक उ.स. / २५०००० / ०६०१५०११४७६३००८१ सुकुना सामुदायिक वन / ३०११११ / सुकुना क्याम्पस प्राधापक संघ / २००००० / छठ पर्व सेवा समिति / ५१५५५ / सुनिल कुमार शर्मा / ८७५००० / डिल्ली प्रसाद ढकाल / ५१०० / **जम्मा** / **१७३३७६६** /	
४७.	लेखापरीक्षणमा प्राप्त विवरण अनुसार नगर स्तरीय विपद व्यवस्थापन समितिमा २०७७।१।६ सम्म प्राप्त जिन्सी माल सामान मध्ये १०३४९५ के.जी. चामल, ३१८५ के.जी. दाल, ४९७५ के.जी. नून, २५० लि. तेल प्राप्त भएको देखाइएको छ ।	
४८.	नगरपालिकाले २०७७।१।३ मा आफ्नो वेभ साइटमा प्रकाशित गरेको जानकारी सम्बन्धी विवरण अनुसार ९८४६९ के.जी. चामल, २८३५ के.जी. दाल, ४६७५ के.जी. नून, २५० लि. तेल, ६००० थान माक्स, आटा १२५ के.जी., सावुन ३ कार्टुन गाउँन सेट ८ र स्यानीटाइज १ देखाइएको छ । उक्त संकलित र खरिद राहत सामग्रीबाट नगरपालिकाले ३ चरणमा राहत प्याकेज वितरण गरेको सो मध्ये पहिलो चरणमा १८०० घरधुरी, दोश्रो चरण ३०४५ र तेश्रो चरण ४७८० समेत ९६२५ घर	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	धुरीलाई चामल २० के.जी. दाल १ के.जी. र नून १ केजीमा दरले वितरण गरेको देखाएको छ ।	
४९.	नगरपालिकाले २०७७।१।३ सम्मको प्राप्ती र वितरण अवस्था प्रकाशित गरेकोमा विपद व्यवस्थापन समितिमा २०७७।१।६ सम्म जिन्सी सामग्री संकलन गरिएको विवरणबाट देखिएकोले बाँकी जिन्सीको वितरण अवस्था सम्बन्धमा (तोरी तेल २५० लि.) उल्लेख गर्न सकिएन ।	
५०.	नगर कार्यपालिकाको २०७७।१।१२ को बैठकको प्रस्ताव नं. ४ बाट नगर स्तरिय सर्वपक्षिय विपद व्यवस्थापन समितिले सिफारिस गरेको खर्च अनुमोदन गर्ने र आगामी दिनमा राहत वितरण तथा विपद व्यवस्थापनको लागि हुने खर्चको व्यवस्थापन विपद व्यवस्थापन कोष तथा आन्तरिक श्रोतबाट खर्च गर्ने निर्णय भएको छ । उक्त निर्णयानुसार कार्यालयबाट खरिद गरी खर्च गरिएको कोभिड सुरक्षा सामग्रीहरु, एम्बुलेन्स भाडा, प्रहरी सवारी भाडा, इन्धन, तरकारी सवारी भाडा, पूर्वाञ्चल विश्वविद्यालयको औषधि खरिद समेतको रु. २९८७७४८.८० र खाद्यान्न मात्र उल्लेख गरी रु. ४५८१५००/- समेत जम्मा रु. ७५६९२९९/- को खर्च अनुमोदन गरेको भएतापनि उपसमितिले गरेको खर्च र प्राप्ती कारोवारलाई अनुमोदन गर्ने निर्णय भएको पाइएन ।	
५१.	समितिले अनुमोदन गरिएको खर्च मध्ये २०७६।१२।११ देखि २०७७।१।१२ सम्म सुरक्षा तर्फ नेपाल प्रहरी र सशस्त्र सुरक्षा वललाई सवारी भाडामा लिई उपलब्ध गराए बापत क्रमशः मासिक रु. ६६०००/- र रु. ८४०००/- तथा सुरक्षा विपद मात्र उल्लेख गरी डिजल ४२९० लि को रु. ४८४७७०/- तथा पेट्रोल ४७७ लि.को रु. ५९२९१/- समेत खर्च गरेको छ । सुरक्षा इकाइलाई छुट्टै गाडी उपलब्ध गराई इन्धन र भाडामा खर्च गरेकोमा सम्बन्धित ईकाइबाट सवारी साधन माग गरेको प्रमाण समावेश नभएको खर्च रु.	६९४०६४/-
५२.	**अन्य निकायको खर्च भुक्तानीः** समितिले खर्च अनुमोदन गरिएको रकममध्ये पूर्वाञ्चल विश्वविद्यालयले उक्त विश्वविद्यालयमा खडा गरिएको कोरोना फिवर क्लिनकमा खरिद गरिएका उपचार सामग्री र क्वारेन्टीनको लागि चाहिने अन्य मालसामान खरिद गरेको र विश्वविद्यालय कै जिन्सीमा र आम्दानी गरिएका समानहरु दाखिला रिर्पोट र विल पठाएको आधारमा रु. ७३३९८९/- भुक्तानी गरेकोमा उक्त विश्व विद्यालयलाई समेत प्रदेश नं. १ का मन्त्रालयहरुबाट कोरोना नियन्त्रण कार्यमा रकम प्राप्त भए नभएको यकिन नगरी नगरपालिकालाई प्रदेश कोरोना कोषबाट रु. १०००००/- मात्र नयाँ आइसोलेन सेन्टर स्थापना गर्न प्राप्त भएकोमा उक्त विश्विविद्यालयको माग बमोजिम पटक पटक गरी रु. १४७७४८५.७८ भुक्तानी गर्नाले न.पा. लाई प्राप्त आइसोलेशन स्थापना रकम भन्दा बढी खर्च गरेको रु.	४७७४८५.७८
५३.	**नगरस्तरीय विपद व्यवस्थापन समितिबाट भएको खर्चः** लेखापरीक्षणलाई प्राप्त कोभिड-१९ सँग सम्बन्धित विपद व्यवस्थापन कोषबाट गरिएको खर्च मध्ये २०७७।१।११ देखि २०७७।३।३० सम्म रु. १८३८८८७९/- खर्च भएको विवरण पेश भएको छ । कोरोना रोकथाम कार्यको लागि न.पा.को आफ्नै श्रोतबाट रु. २००००००/- र प्रदेश कोभिड कोषबाट रु. १०००००/- प्राप्त भएको विवरणबाट देखिएको छ।प्राप्त विवरण अनुसार निम्नानुसारको शिर्षकहरुमा खर्च गरेको पाइयो ।	

खरिद सामग्री	भुक्तानी रकम
चामल खरिद	९६२३७६०
स्यानीटाइजर	६७६०२५
पीपीई	७११०५१
दाल	७४३४६०
नून	१६९६५०
भाडा	९६४४२५
माक्स	५२८८३५

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	ज्यामी: २१२०२५ खाजा खाना: ६०९७९९ भत्ता: ९४५६५० सूचना सम्प्रेक्षण: ५३९०० थर्मलगन: २०३३०८ इन्धन: १०३८०५ **जम्मा: १५५४५६९३**	
५४.	**सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र खरिद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितीमा गरिने खरिद सम्बन्धी व्यवस्था रहेको छ । नगरपालिकाले कोरोना रोगथाम नियन्त्रण सम्बन्धी कार्यमा सुरक्षा सामग्री तथा खाद्यान्न र अन्य क्रियाकलाप संचालन गर्दा सोझै खरिदको माध्यमबाट समेत खर्च गरेको पाइयो । लेखापरीक्षणमा प्राप्त (कोभिड-१९ विशेष लेखापरीक्षण) विवरणमा कार्यालयले निम्नानुसार खरिद गरेको उल्लेख गरेको छ । **खरिद विधि** / **रकम** / **खरिद सामग्री** सोझै / ३००००० / दाल, नून ३ वटा दरभाउपत्र / ५००००० / विशेष परिस्थितिमा खरिद / ८३१३१९० / **जम्मा / ९११३१९०** / खरिद नियमावली २०६४ को नियम १४५ मा विशेष परिस्थितीमा खरिद गर्नुपर्दा खरिदको आवश्यकता विवरण गुणस्तर, परिमाण, शर्त र कार्य सम्पन्न गर्ने अवधि समेत खुलाई यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र आपूर्ती कर्ता भए लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ । कार्यालयले उपलब्ध गराएको जानकारी अनुसार प्रस्ताव माग गरेकोमा ४ वटा प्रस्ताव प्राप्त भई वार्ता समेत गरी सम्झौता गरेको आधारमा विशेष परिस्थितिको खरिद गरिएको जानकारी दिएको छ ।	
५५.	**बढी दरमा खर्चः** कोरोना भाइरस क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ अनुसार क्वारेन्टाइनमा रहेका व्यक्तिहरुलाई उपलब्ध गराइने खाजा खाना सुरक्षा निकायबाट व्यवस्थापन गरिने र प्रति दिन प्रति व्यक्ति क्वारेन्टाइन रहेको जिल्लामा कार्यरत नेपाल प्रहरीको लागि निर्धारित राशनदर बमोजिक खाना खाजा उपलब्ध गराइने व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार नगरी नगरपालिकाले कर्भड हल र सिग्देलबन्धु भवन दुलारी तथा व्यापार संघमा खडा गरिएको क्वारेन्टीनहरुमा रु. ३५०/- का दरले सलकपुर खाजा घरलाई खाना खाजा वापत रु. ५३५९३४/- भुक्तानी गरेको पाइयो रु.	५३५९३४/-
५६.	**इन्धन खर्चः** कोभिड-१९ केश इन्भेष्टिग्शन तथा कन्ट्रयाक्ट ट्रेसिङ टिम परिचालन तथा व्यवस्थापन निर्देशिका २०७७ मा संक्रमितहरुको कन्ट्याक्ट ट्रेसिङ कार्यमा टिम परिचालनको व्यवस्था भै उक्त कार्य संचालन गर्ने समेतको व्यवस्था छ । कार्यालयले सो व्यवस्था अनुसार टिम परिचालन अवस्था खुलेको स्थान, अवधि र विवरण वेगर प्रहरी इकाईहरुले प्रयोग गरेको इन्धन वापत रु. ९४२०७९/- उधारो कुपन संचालन गर्ने पेट्रोल पम्महरुलाई भुक्तानी गरेको रु.	९४२०७९/-
५७.	**सुरक्षाकर्मी प्रोत्साहन भत्ताः** कार्यालयले कोभिड-१९ सम्बन्धी निर्देशिकामा व्यवस्था नभएको नेपाल प्रहरी (सुन्दर हरैंचा) र सशस्त्र प्रहरी वल नेपाल (हाइवे सुरक्षा पोष्ट) लाई प्रति दिन रु. ५००/- र रु२००/- (अधिकृत र अन्य दर्जा) का दरले चैत्र १९ दिन र बैशाख ३१ दिनको खाना खाजा वापत प्रोत्साहन भत्ता उल्लेख गरी नगदै रु. ८३८३००/- सम्बन्धित प्रहरी कर्मचारीहरुको बैंक खातामा निकासा दिई निर्देशिका भन्दा फरक खर्च भुक्तानी रु.	८३८३००/-

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
५८.	**होल्डिङ सेन्टर यातायात खर्चः** कार्यालयले पूर्वाञ्चल प्रेरणा वहुउद्देशीय सहकारी संस्थाको एम्वुलेन्स चालकसँग भएको सम्झौताको आधारमा (प्रति दिनका दरले)२०७७ बैशाख, जेष्ठ र आषाढ ५ गते सम्म रु. ७२००००/- भुक्तानी गरेको छ । होल्डिङ सेन्टरमा रहेका व्यक्तिहरुको छुट्टै विवरण पेश नभएको तर कार्यालयबाट उपलब्ध (विशेष लेखापरीक्षण) विवरण अनुसार ९२३ जनालाई होल्डिङ सेन्टरमा ल्याइएको जानकारी प्राप्त भएको छ ।	
५९.	**स्वास्थ्य सामग्री खरिदः** कार्यालयबाट प्राप्त स्वास्थ्य सामग्री खरिद सम्बन्धी विवरण अनुसार कोभिड-१९ को सुरक्षा सामग्री खरिद सम्बन्धी कार्यमा **PPE** खरिद कार्य २०७७७।१।२१ मा रु. २३००/- प्रति पिसका दरले पीपीई (एप्रोन) किट सुट सहित २०७७।२।२९ मा प्रति सुट रु. ६३७६/- तथा २०७७।३।१ मा पीपीई किट प्रति सेट रु. ४५००/- सम्मको दरबाट खरिद गरिएको । माक्सको खरिद मूल्य २०७६।१२।११ मा प्रति पिस रु. १५ देखी खरिद गरी रु. ८/- सम्ममा खरिद गरिएको छ ।	
६०.	**नागरिक उद्दार खर्चः** नगरपालिकाले सुन्दर हरैंचाका वासिन्दाहरु काठमाण्डौं, काकडभित्ता, विराटनगरबाट नगरपालिका भित्र ल्याउने कार्यमा काठमाण्डौंमा कर्मचारीलाई खटाई पठाएर तथा अन्यत्रबाट विभिन्न वास धनिहरुको निवेदन र यात्री नाम समावेश गरेको आधारमा गाडी भाडा, नागरिकलाई खाजा, खाना (गाडीमा आउदा) समेतको विलबाट रु. ३९८०७८/- खर्च गरेको पाइयो ।	
	• **शशर्त तर्फः**	
६१.	**साझेदारी कार्यक्रम र नमर्सः** कार्यालयले अनुदानबाट कर्यक्रम संचालन गर्दा कार्यक्रममा (साझेदारी) सम्बन्धित लाभग्राहीले व्यहोर्नुपर्ने अंश सम्बन्धि कार्य विधि स्वीकृत गरी लागु गरेको पाइएन । नमूना छनौट गरी परीक्षण गरिएकोमा माछापोखरी निर्माण तर्फ प्रतिकठ्ठा रु. ५०००/- अनुदान दिने आधारमा एस एण्ड एस कृषि फर्मलाई ८० कठ्ठाको लागि रु. ४००००००/- तथा लिला कृषि फर्मलाई रु. १००००००/- समेत भुक्तानीगर्दा लाभग्राहीले एकसाभेटर संचालन गरी पोखरी (सुख्खा) निर्माण गरेको विवरण मात्र समावेश गरेको पाइयो । पोखरी निर्माण सम्बन्धी अनुदान भुक्तानी गर्दा जलाशय भरिएको आधारबाट क्षेत्रफल गणना नगरी तथा पोखरीमा लाभग्राहीले माछा भूरा छाडेको लगायतको आधार वेगर सुख्खा पोखरी तयारी कै आधारमा साझेदारी कार्यक्रममा रकम भुक्तानी गर्ने र कार्यालयले अनुगमन समेत नगरी छाड्ने गरेकोले तोकिएको आधारमा लक्षीत उद्देश्य अनुरुप खर्च भएको मान्ने आधार देखिएन रु.	५००००००/-
६२.	**ल्याव स्थापनाः** स्वीकृत कार्यक्रम अनुसारको काम तोकिएको चौमासिकमा संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । माटो जाँच ल्याव स्थापना गर्ने कार्यक्रमबाट २०७७।३।१८ मा ल्याव सामग्रीहरु खरिद गरी स्टोर दाखिला गरेको आधारमा रु. ३३६९३०/- भुक्तानी गरेको पाइयो । आ.व. २०७६।७७ को लागि कार्यक्रम संचालन गर्न स्वीकृत रकमबाट स्वीकृत चौमासिक अनुसार कार्यक्रम संचालन नगरी वर्षान्तमा मात्र ल्याव सामान खरिद गरेको र ल्याव स्थापना नगरिएकोले उद्देश्य अनुरुप माटो जाँच कार्य भएको पाइएन । तोकिएको कार्य समयमै सम्पन्न गरी सेवा उपलब्ध गराउनु पर्दछ ।	
६३.	**आषाढ महिनामा पैनी कुलो निर्माणः** पैनी कुलो निर्माण मर्मत कार्य वर्षाद मौसम शुरु हुनु अगावै कार्य गराई भुक्तानी गर्नुपर्नेमा न.पा. ले कृषि तर्फको रकमबाट २०७७।२।४ मा सम्झौता गरी २०७७।३।३० सम्म कार्यगराई सम्पन्न प्रतिवेदन तयार गरेको आधारमा शिद्धदेवी कृषक समुहलाई कुलो पैनि निर्माणको रु.१००००००/- भुक्तानी गरेकोले कामको दिगोपना समेत यकिन गर्ने सकिएन ।	
६४.	**स्वीकृत नमर्स र कार्यक्रम फरक गरी खर्चः** स्थानीय सकार संचालन ऐन २०७४ बमोजिम सभाबाट पारित बजेट र योजनामा रकम खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयको स्वीकृत कृषि तर्फको ५० प्रतिशत अनुदान नगरपालिका फलफूल विरुवा वितरण कार्यक्रमको रकमबाट आँप, लिची को विरुवा	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	वितरण गर्न २०७७।१।२६ मा कोभिड-१९ को कारण अनुदान रकम उठाउन नसकिने अवस्था देखाई शत प्रतिशत अनुदानमा विरुवा खरिद गर्ने निर्णयको आधारमा नगरप्रमुखबाट टिप्पणी सदर गरी ४८५० विरुवा वितरण कार्यक्रम संचालन गर्न रौतहटबाट विरुवा ल्याई रु. ४१८३१५- खर्च गरेको पाइयो । स्वीकृत नमर्स अनुसार ५० प्रतिशत अनुदान नलिई कार्यक्रमको संचालन प्रकृया भन्दा फरक गरी खर्च गरेको अनियमित रु.	४१८३१५/-
	• **न.पा. चालुतर्फः**	
६५.	**अनुदान अंश जम्माः** कार्यालयले कार्यक्रम तर्फको रकम भुक्तानी गर्दा स्वीकृत नमर्सको आधारमा तोकिएको चौमासिकमा गर्नुपर्ने व्यवस्था छ । वडा नं. ३ को कृषि तथा पशुविकास तर्फको कार्यक्रममा २०७७।२।२ मात्र संचालन गर्ने निर्णय गरी २०७७।२।२३ मा हरीओम नर्सरी फार्म रौतहटबाट आँप र कागतीका विरुवा खरिद गर्न दररेट मागगरी २०७७।३।५ मा ३०० आँप र २००० कागतीका विरुवाहरु रु. ३३९२८५/- मा र ११ थान स्प्रेटंकी रु. ५५०००/- मा खरिद गरेको आधारमा रु. ३९४२५०/- खर्च भएको पाइयो । खरिद गरिएका विरुवाहरुको रोपण अवस्था नखुलेको तथा विरुवा बुझिलिने कृषकहरुले अनुदान वापत व्यहोर्नुपर्ने अनुदान जम्मा गरेको र विरुवा माग गरेको संख्या समेत समावेश नगरी वषार्न्तमा खर्च गर्नाले कार्यक्रमको प्रभावकारीता उल्लेख गर्न सकिएन । फलफुल विरुवामा ५० प्रतिशत मात्र अनुदान दिइने नमर्स पुरा नगरी खर्च गरेको रु.	३९४२५०/-
६६.	रफतार ट्राभल्स एण्ड टुर्सको २०७६।१०।२६ को भरपाईबाट विराटचौक-काठमाडौं ३ दिन गाडी भाडा लिएको आधारमा रु. २१०००/- भुक्तानी गरेकोमा उक्त गाडीको प्रयोग कर्ता र लगबुक समावेश नभएको खर्च रु.	२१०००/-
६७.	**मू.अ.कर दर्ता नभएकोसँग कार्य** :- सार्वजनिक खिरद नियमावली २०६४ को नियम १९ मा वीस हजार भन्दा बढीको खरिद कार्य मू.अ.कर दर्ता भएकासँग मात्र गर्नुपर्ने व्यवस्था छ । मू.अ.कर नियमावली २०५३ बमोजिम तालिम प्रदान गर्ने संस्थाहरु मू.अ.करमा दर्ता हुनुपर्ने गरी तोकिएकोमा कार्यालयले वडा नं. १० को महिला लक्षित कुक तालिम प्रदान गर्ने गरी गोल्डेल क्राउन स्कूल अफ होटल मेनेजमेन्टसँग सम्झौता गरि तालिम संचालन वापत रु. २१००००/- भुक्तानी गरेकोमा कर विजक वेगर भुक्तानी दिएको रु.	२१००००/-
६८.	**मेलमिलाप व्यवस्थापन खर्चः** वडागत चालु खर्च स्वीकृत गर्दा कामको आवश्यकताको आधारबाट आकलन गरि स्वीकृत गर्नुपर्दछ । नगरपालिकाले विभिन्न वडाहरुमा मेलमिलाम केन्द्र स्थापना गरी प्रति वडा रु. ४३०००/- का दरले चियानास्ता र स्टेशनरीको व्यवस्थापन खर्च स्वीकृत गरेको पाइयो । यस वर्ष यो शिर्षकबाट रु. २१४७५४ भुक्तानी भएको छ । मेलमिलाप केन्द्र खर्चको परीक्षण गर्दा देखिएका व्यहोराहरुः	

वडा नं.	खर्च रकम	कैफियत
१०	४२७४५	२०७६।९।४ मा पहिलो बैठक र २०७६।१२।२६ (लकडाउनमा) बैठक देखाई वार्षिक बजेट पुरै रकम खर्च गरेको
१	४३०००	२०७६।११।३० मा एउटा मात्र बैठक भएको माइन्यूट पेश गरी भुक्तानी लिएको
११	४३०००	२०७७।३।१ र २ तथा २०७६।११।१२ र १८ भाद्र ५ कार्तिक ६ आश्विन १० र भाद्र २५ को बैठक वापतको भत्ता समेतमा खर्च
५	४३०००	२०७७।२।८ (लकडाउन अवधि) २०७६।५।३, २०७६।५।१२, २०७६।५।२० , २०७६।७।८, २०७६।७।२६, २०७६।८।३, २०७६।१०।१२ को बैठक खर्च र खाजा विल समावेश
४	४३०००	२०७६।१०।२७, २०७६।११।८, ११।१६ , २०७६।११।१२, २०७६।१।८ को बैठकको निर्णयहरुबाट

उपरोक्तानुसारको अवस्थाले मेलमिलाप केन्द्र संचालन नमर्स स्वीकृत नगरी रकम मात्र छुट्याएको

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	कारण एउटा बैठकमा सबै खर्च गर्ने, बैठक पटक पटक बसी खर्च गर्ने, लकडाउनमा वैठक बसी खर्च गर्ने समेतको अवस्था देखिएकोले संचालन नमर्स वा रकम बाँडफाँड गरी स्वीकृत गराएर मात्र खर्च गर्ने व्यवस्था गर्नुपर्दछ ।	
६९.	**स्वीकृत बजेट र खर्च शिर्षकः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२)मा नगरपालिकाले नपाल सरकारले निर्धारण गरे बमोजिम आय व्ययको वर्गीकउण र खर्च शिषर्क सम्बन्धी व्यवस्थाको अवलम्वन गर्नुपर्ने छ भन्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएमा व्यहोराः	
६९.१.	चालु बजेट तर्फको अन्य सेवा शुल्क छुट्याएको रकमबाट विभिन्न योजनाहरुको डिपिआर तयार गर्ने कार्यमा परामर्श दात्री फर्मबाट कार्य गराई रु. ५५११२०३/- खर्च गरेको पाइयो ।	
६९.२.	वडाको सामाजिक विकास तर्फः चालु खर्च शिर्षक छुट्याएको रकमबाट देहाय अनुसार पूँजीगत निर्माण सम्बन्धी कार्यमा रकमान्तर वेगरै खर्च कायम गरी भुक्तानी गरेको छ ।	

भौ.नं.	भुक्तानी गरिएको काम	रकम	कैफियत
९५१	साजीलाल खेल मैदान मर्मत	१०००००	वडा नं. ७ को अन्य चालु कार्यक्रम तर्फको रकमबाट
९५०	जनसेवा आ.वि. फर्निचर निर्माण	१०००००	वडा नं. ५ को वडा स्तरीय स्वास्थय शिक्षा कार्यक्रमबाट विद्यालयको ग्राउण्ड फ्लोर झ्याल ढोका निर्माण
९४९	क्लासिक म्यूजिक एण्ड सपोर्ट हाउस	१४१०००	वडा नं. १ को आदिवासी जनजाती स्वरोजगार तालिम कार्यक्रमको रकम
१०४३	स्वास्थ्य स्वयम सेविकालाई साइकल खरिद	५००००	वडा नं. ३ महिला स्वयम सेविका उत्प्रेरणा कार्यक्रमबाट वडा नं. १० र वडा नं. ड को सामाजिक विकास तर्फ पशु रोग निरोधक पीपीआर सोरेत र रेविज रोग रोकथामको लागि छुट्टाएको रकमबाट
९५८	५० प्रतिशत लागत साझेदारीमा बोयर वोका खरिद गर्न विभिन्न व्यवसायीक फर्मको	३०००००	वडा नं. २ को सामाजिक विकास तर्फको रकमबाट
९५६	वेल डाँगी ग्रामथान मर्मत मृगौलिय ग्रामथान मर्मत	१०००००	वडा नं. २ को सामाजिक विकास तर्फको रकमबाट
९५५	सरस्वती आ.वि. विद्युत र फर्निचर	१९७०००	वडा नं. २ को सामाजिक विकास तर्फको रकमबाट
९३१	सरस्वती आ.वि. गेट निर्माण	१५००००	वडा नं. २ को सामाजिक विकास तर्फको रकमबाट
९१८	सुनाखरी सामुदियक भवन निर्माण	५००००	वडा नं. ६ को सामाजिक विकास तर्फको रकमबाट
९१७	कृषि पैनी तटवन्द निर्माण	१९९७९६	वडा नं. ११ को सामाजिक विकास तर्फको रकमबाट
९१६	जेष्ठ नागरिक मिलिजुली सत्सङ सामुदिक भवन निर्माण	१९९३१०	वडा नं. ४ को सामाजिक विकास तर्फको रकमबाट (श्रेस्तासाथ फाइल तथा वनापी किताव नरहेको)
९०२	नवज्योति आधारभुत विद्यालयमा मन्च ट्रष्ट निर्माण	१३२८७१	नगर प्रमुखले तोक आदेशबाट मर्मत संभार कार्यक्रमबाट
९०१	शिव पाञ्चायन मन्न निर्माण अन्तिम विल	१९८६९२	वडा नं. ५ को सामाजिक विकास तर्फको रकमबाट
८९३	सूकुना समाज सेवा क्लव भवन निर्माण	१५००००	पूर्ण सरसफाई तर्फको बजेटबाट
	जम्मा	२०६८६६९	

७०.	**योजना कार्यक्रम रकमान्तर र खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकंत वार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजीगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । कार्यालयले २०७६।७७ मा गरिएको रकमान्तर सम्बन्धी विवरण लेखापरीक्षणमा पेश भएन । नमूना छनौट गरी परीक्षण गरिएकोमा निम्नानुसार योजनाहरुको	

<table>
<tr><th colspan="3">स्थानीय तहको नामः सुन्दरहरैंचा नगरपालिका आर्थिक वर्ष-२०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>बजेट रकमान्तर देखाई खर्च गरेको पाइयो ।
<table>
<tr><th>वडा</th><th>स्वीकृत योजना</th><th>रकमान्तर योजना/कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>१२</td><td>निदेवी मार्ग दक्षिण एजिङ</td><td>राधा कृष्ण अपाङ मार्ग पूर्व क एजिङ</td><td>२५००००</td></tr>
<tr><td></td><td>रोग निरोधक पशु खोप कार्यक्रम</td><td>कृषकलाई घाँसको विउ खरिद तथा वितरण</td><td>१००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७१.</td><td>स्वास्थ्य शर्शतः शर्शत अनुदानबाट प्राप्त रकम तोकिए बमोजिम स्वीकृत नमर्सको आधारमा खर्च गरी बाँकी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ ।</td><td></td></tr>
<tr><td>७१.१.</td><td>सि.अ.हे.व. भिम कुमार चौधरीलाई हात्ती पाइले रोग विरुद्धको आम औषधि सेवन (MDA) कार्यक्रमको रकम रु. ८८७०००/- पुरै कार्यक्रम संचालन गर्न पेश्की दिएकोमा उक्त पेश्कीबाट यो वर्षको अन्त सम्म कार्यक्रम संचालन गरी फछ्र्यौट गरेको पाइएन । स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्यक्रम संचालन नगरी रकम पेश्की बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७२.</td><td>योजना कार्यक्रम फरक गरी भुक्तानीः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा नगरपालिकाले सभाबाट पारित बजेट र कार्यक्रम अनुसार खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विजुली तारपोल उज्यालो सुन्दरहरैंचा कार्यक्रम बजेट बाट शंकर सिमेन्ट उद्योगबाट ९५ थान ४५०, ६००, ९०० एम एम साइजका ह्युम पाइप खरिद गरी रु. १६३२८५०/- भुक्तानी गरेकोमा उक्त पाइपहरु स्टोर मौज्दात देखाएको आधारमा भुक्तानी गरेकोले कार्यक्रम फरक गरी खरिद गरिएका पाइपहरु योजनामा खपत गरी कार्य सम्पन्न गरेको प्रमाण पेश हुनुपर्दछ रु.</td><td>१६३२८५०/-</td></tr>
<tr><td>७२.१.</td><td>सप्लायर्ससँग भएको खरिद सम्झौतामा पाइप सप्लाई गर्ने अवधि २०७६।१२।३० सम्म मात्र रहेकोमा खरिद नियमावली २०६४ को नियम १२० बमोजिम म्याद थप गरेको नपाइएकोले सम्झौता अवधि भन्दा (२०७६।३।१४) ढिला गरी सप्लाई गरेकोले नियम १२१ बमोजिम लाग्ने पूर्व निर्धारित क्षतिपूर्ती असुल हुनपर्ने रु.</td><td>५९५९९.०२</td></tr>
<tr><td></td><td>• कृषि पशु शशर्त तर्फः</td><td></td></tr>
<tr><td>७३.</td><td>शशर्त अनुदानबाट प्राप्त रकम तोकिएको शिर्षक र कार्यक्रम संचालन गरी खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष प्राप्त पशु सेवा कार्यक्रम संचालन तर्फको रकमबाट ४ जना भेक्सीनटेर समेतलाई करारमा लिई २०७६।१०।२७ देखी २०७७।३।३० सम्म भेक्सीनेटरलाई ४।४ वडामा कार्यक्षेत्र तोकि भेक्सीनको कार्य गरेवापत रु. १२३७५०/- रकम भुक्तानी गर्दा पशु संख्या र धनीको नाम र औषधि प्रयोग गरिएको विवरण वेगर रकम भुक्तानी दिएको रु.</td><td>१२३७५०/-</td></tr>
<tr><td>७४.</td><td>सुरक्षित नागरिक आवास कार्यक्रमः (फुसको छाना जस्तापाता हस्तान्तरण) कार्यालयलाई प्राप्त हस्तान्तरित कार्यक्रम अनुसार कार्यहरु तोकिएको अवधि भित्र सम्पन्न गरी सो को प्रगति समेत तयार गर्नुपर्ने व्यवस्था छ । यो वर्ष फुसको छाना भएका नागरिकको घरमा जस्तापाता लगाउने कार्यक्रम अन्तर्गत प्राप्त रकमबाट कार्य गर्न २०७६।१०।२७ मा रु. ६९८६३०४/- को लागत अनुमान स्वीकृत गरेकोमा सो सम्बन्धी कार्यको माग र घरधुरी सर्भे गरेको पाइएन । उक्त कार्य वोलपत्रको माध्येमबाट गराउन इ विडीङ मार्फत आव्हान भई १ मात्र वोलपत्रदाताको वोलपत्र परेको र वोलपत्र मूल्याङ्कन समेतको आधारमा २०७७।२।२ मा रु. ५९५०१२८/- को आशयसूचना पठाई २०७७।२।१० मा वोलपत्र स्वीकृत गरेको छ । सप्लायर्सले २०७७।३।२५ मा मात्र जस्तापाता बुझाएको र कार्यालयले स्टोर दाखिलाको आधारमा रकम भुक्तानी गरेको पाइयो । प्रत्येक वडामा ८० वण्डलको दरले पठाउने निर्णय गरेको मध्ये वडा नं. ७, १० मा उक्त जस्तापाता पठाएको देखिएकोमा अन्य वडाहरुमा जस्तापाता पठाएको र सो पाता प्रयोग गरी काम सम्पन्न भएको वितरण अभिलेख</td><td></td></tr>
</table>

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	लेखापरीक्षणमा प्राप्त नभएको, वेरुजु छलफलमा नगरसभाबाट प्रत्येक वडामा २० घर परिवारलाई वितरण गर्ने गरी प्रस्ताव भएको आधारमा कार्य गरेको जानकारी दिएको छ । तर लागत अनुमान र खरिद गर्नुअघि आवश्यकता पहिचान र घरधुरी सर्वेक्षण समेत नभई ९६० वण्डल जस्ता र सो को मगरा ९६० नै खरिद गरी खर्च गरेको र कार्य सम्पन्न समेत नभएकोले तोकिएको आधार र आवश्यकता पहिचान नगरी खर्च गरिएकोमा उक्त जस्तापाता बाट लक्षीत वर्गले सेवा सुविधा प्राप्त गरेको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.	५९५०१२८/-
७५.	**तराई मधेश संवृद्धि कार्यक्रम तर्फः** सर्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा लागत अनुमान तयार गरी स्वीकृत गर्दा ड्रइङ डिजायन नक्सा समेत आधारमा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले हरैंचा बजार टहरा निर्माण सम्बन्धी कामको डिटेल ड्रइङ डियाजन तथा नक्सा स्वीकृत नगरी ९६० स्क्वायर फिट मा **Plinth level** सहित को टहरा निर्माण कार्य गर्न रु. ४३४०४०१/- को ल.ई. स्वीकृत गरेको छ । उक्त ल.ई. बमोजिमको कार्य गर्दा इ विडिङ मार्फत भएकोमा रु. ३२२९२२७/- मा खरिद सम्झौता गरी २०७७।३।१५ सम्म अवधि राखी कार्य संचालन गरेको छ । यो वर्ष यो निर्माण कार्यको फाइनल विल तयार गरी भुक्तानी गरेकोमा निम्नानुसार देखिएको छ । • निर्माण कार्यको वीमा त्रुटि सच्याउने अवधि सम्मको हुनुपर्नेमा घटी अवधि रहेकोमा २०७८।३।१५ सम्म थप गराएर लिएको पाइएन । • निर्माण व्यवसायीको कार्यवधि २०७७।३।१५सम्ममात्र रहेकोमा २०७७।३।१४ मा दिएको म्यादथपको निवेदनको आरधाबाट नगर प्रमुखबाट म्याद थप स्वीकृत गरेको पाइयो । • अन्तिम विल सम्मको कार्य परिमाण र विल बमोजिम रु. ३०२६८९५.०७ मात्र हुनेमा रु. ३०३०६१९/- भुक्तानी दिएकोले बढी भुक्तानी रकम रु. ३७२४/- असुल हुनुपर्दछ रु..... • खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान नगरिएको परिस्थिति कार्यान्वयन क्रममा सृजना भएमा ऐनको दफा ५४ मा तोकिएमा अधिकारीले भेरिएसन स्वीकृत गर्नुपर्नेमा खरिद सम्झौता रु. ३२२९२२७/- रहेकोमा अन्तिम विल सम्म रु. ३०२६८९५.०७ मात्र काम गराई ६.१६ प्रतिशत घटीमै अन्तिम विल तयार गरेकोमा भेरिएसन समेत नगरी ठेक्का फाइनल गरेको पाइयो ।	३७२४/-
७६.	**गछिया बजार टहराः** निर्माण सम्बन्धी कार्यको ल.ई. गर्नु अघि डिजेल डिजायन र नक्सा पास वेगर निर्माण कार्य गराई रु. ३२७००३४/- भुक्तानी गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्नुहुदैन भन्ने व्यवस्था को पालना नगरी खर्च गरेको पाइयो ।	
७७.	**स्वीकृत ड्रइङ डिजायन र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम लागत अनुमान स्वीकृत गरी कार्य गर्न सम्झौता भएकोमा उपभोक्ता समितिले जिम्मा लिएको काम तोकिएको अवधि भित्र सम्झौता बोजिमको कार्य पुरा गरेमा मात्र रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । गोपीचन पैनी व्यवस्थापनको लागि रु. ३१६९४१४/- को लागत अनुमानमा पैनीको फाउण्डेशन तर्फको काम समेत समावेश गरी ह्युम पाइप जडानको कर्य परिमाण रहेकोमा लगातार लकडाउन भएको र काम गर्न असमर्थ भएको समितिको निवेदनको आधारमा १६० मीटर मध्ये ८० मीटर मात्र ह्यूम पाइप जडानको कार्य गराई फाउण्डेशन तर्फको कार्य नगराई रु. ११९७४५२.८० भुक्तानी गरेको छ । स्वीकृत डिजायन वेगर वर्षातमा आधा मात्र परिमाणको ह्यूम पाइप जडान गरी भुक्तानी गरेकोले कामको दिगोपना समेत स्पष्ट देखिएन ।	
७८.	**सेवा शुल्क ठेक्का बन्दोवस्तः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका तोकिएका सेवा सुविधाहरुमा सेवा शुल्क असुल गर्न सक्ने व्यवस्था गरी सेवा	

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	सुविधा उपयोग गरे वापत लाग्ने शुल्क उठाउने कार्य आफैं वा व्यवस्थापन करार वा निजि क्षेत्र मार्फत गर्न गराउन सक्ने व्यवस्था छ । ऐनको दफा ६२(क) मा नगरपालिकाले आफ्नो क्षेत्र भित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुँगा, गीटी, वालुवा एवं माटो जन्य वस्तुको विक्रि गर्न सक्ने छ भन्ने व्यवस्था रहेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरुः	
७९.	**सेवा शुल्क र विक्रिको अनुमानः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ ले स्थानीय राजश्व परामर्श समितिको व्यवस्था गरी समितिको काम कर्तव्य तोकिएको र दफा ६५(२)(ङ) मा समितिले कर राजश्व सेवा शुल्क दस्तुर आदीको दर सम्बन्धमा परामर्श दिने व्यवस्था भएता पनि कार्यालयले २०७६।७७ मा पूर्वाधार उपयोग सेवा शुल्क श्रोत उपयोग शुल्क/खोला कर संकलन (नदी जन्य पदार्थ) हाट बजार लगायतका क्षेत्रबाट संकलन गरिने सेवा शुल्क र विक्रि मूल्य कायम गर्नु अघि राजश्व परामर्श समितिको राय लिएको पाइएन ।	
७९.१.	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४ (४) मा लागत अनुमान स्वीकृती र नियम ६७ (२) मा वोलपत्र स्वीकृती गर्ने पदाधिकारी सम्बन्धि व्यवस्था रहेको छ । खोला जन्य पदार्थको विक्रि निजीक्षेत्र मार्फत गराउने गरी २०७६।४।१५ मा निर्णय गर्दा चौथो नगरसभाको निर्णयको आधारमा प्रति घनफीट रु. ३/- का दरले विक्रि गर्ने गरि २०७६।४।१५ को नगर प्रमुख स्तरीय निर्णयमा खदम, गछिया र बुढी खोलाका ६ नाकाहरुबाट ४८५३१४८.६७ घनफिट ढुँगा, गीटी, वालुवा उत्खनन गर्ने गरी रु. २०५००००००/- को आय अनुमान स्वीकृती गरेको पाइयो । वोलपत्र सूचना २०७६।४।२३ मा प्रकाशित भई सकेपछि प्रदेश सरकार (प्रदेश नं. १) आर्थिक ऐन २०७६ को अनुसूची ५ को दर बमोजिम नै शुल्क असुल गर्नुपर्ने अवस्था देखाई सो आय अनुमानलाई २०७६।५।१४ मा रु. २९१३६८९२.६१ कायम गरी अन्य शर्तहरु अघिल्लो सूचनामै तोकिए बमोजिम हुने गरी वोलपत्र सूचना संसोधन गरेको देखियो । यस ठेक्कामा १८ फर्महरुले वोलपत्र खरिद गरेको मध्ये ४ (३ हार्ड कपी र १ इविडिङ) ले दाखिला गरेको वोलपत्र मध्ये सबै भन्दा बढी कवुल गेको स्वामी नारायण निर्माण सेवाको रु. ९५१५११५१.५० को वोलपत्र (ठेक रकम) स्वीकृत गर्ने आशयको सुचना २०७६।५।२५ मा दिई ७ दिन भित्र सम्झौता गर्न तोकिएको छ । कार्यालयले तोकिएको अवधि भित्र (२०७६।५।३१) कूनै उजुरी नपरेकोले स्वामी नारायण निर्माण सेवाको ठेक्का २०७६ जेष्ठ मसान्त सम्मको अवधि कायम गरी नगर प्रमुखले नै वोलपत्र स्वीकृत गरेको पाइयो ।	
७९.२.	निर्माण व्यवसायीको ठेक्का स्वीकृत गरी खरिद ऐन २०६३ को दफा २७ बमोजिम कार्य सम्पादन जमानत लिई सम्झौता गरी उत्खन्नको पट्टा जारी गर्नेपर्नेमा सोही दिन स्वामीनारायण निर्माणसेवाले रु. १८३००००००/- न.पा.को बैंक खातामा रकम जम्मा गरेको र २०७६।६।१५ सम्म सम्झौता गर्ने अवधि बढाउन निवेदन दिएको देखाई सम्झौता नै नगरी २०७६।६।१ देखि खोला खुल्ने भएकोले निर्माण व्यवसायीले ३० दिनको अस्थायी स्वीकृति माग गरेको, सबै भन्दा बढी अंक कवुल गरेकोले अस्थायी अनुमति दिएमा संस्थागत लाभको सिद्धान्त आर्कषित भई नगरको अनुमानित लक्ष्यको ३२६ प्रतिशत राजश्व संकलन हुने व्यहोराको टिप्पणी प्रमुख प्रशासकिय अधिकृतले पेश गरी खरिद सम्झौता नै नगरी सोही दिन देखि १५ दिन सम्मको अस्थायी अनुमति दिने निर्णय समेत नगर प्रमुखले गरेको र उक्त निर्णयलाई नगरकार्यपालिकाले समेत अनुमोदन गरेको पाइयो ।	
७९.३.	उक्त अवधि पश्चात २०७७।२।२८ सम्म विभिन्न मितिमा ठेकेदारले आफुखुसि बैंकमा रकम जम्मा गर्ने र कार्यालयले अस्थायी अनुमति बढाउदै लगेको पाइयो । सम्झौता अवधि समाप्त हुन २ दिन बाँकी रहेकोमा २०७७।२।२८ मा मात्र निर्माण व्यवसायी र कार्यालय विच निर्माण व्यवसायीले कवुल गरेको रकम जम्मा नगरी सम्झौता हुन नसकेको र २०७७।२।२८ मा सम्झौता बमोजिम ठेक	

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	रकमको बैंक ग्यारेन्टी स्वीकृत र बाँकी रकम जम्मा भएकोले अस्थायी अनुमतिलाई सूचना बमोजिम सम्झौता गर्ने तहगत राय सहित नगर प्रमुखमा पेश गरी नगर प्रमुखबाट निर्णय भएको देखियो । तर सूचनाको शर्त अनुसार २०७७।९।२२ सम्ममा प्राप्त भइसक्नु पर्ने कवुल गरेको रकम र सो मा थप मू.अ.कर सहित रु. १०७५२०८०१.२० बुझाइ सक्नु पर्नेमा सो बमोजिम भएको पाइएन । कार्यालयले बैक मौज्दात भिडान नभएको (लेखामा आम्दानी नगरेको) विभिन्न मितिको बैक भौचरबाट रु. ६०१५११५१.५० मात्र जम्मा भएको देखाएको छ । कार्यालयको खातामा लिनु बझाउनु पर्ने रकम जम्मा नहुदै जम्मा भैसकेको उल्लेख गरिएकोमा देव विकास बैक र प्राइम बैक लि. को २०७७।३।३१ सम्म अवधि भएको २ वटा बैक ग्यारेन्टीबाट रु. ३५०००००००/- (नगरपालिकाको नाममा बैक ग्यारेन्टी रहेको) मध्ये देव विकास बैकको रु. ३००००००००/- सक्कल ग्यारेन्टी समेत फिर्ता पठाएको अवस्था देखियो ।	
७९.४.	**कानूनको पालना र अनुगमनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन २०७६ परिच्छेद ९मा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता तोकिएको छ । नगरपालिकाले खोलाजन्य पदार्थको विक्रि लगायत अन्यबाट शुल्क उठाउने गरी ठेक्कापट्टा गर्दा कानूनको पालना गरेर मात्र गर्नुपर्दछ । यो ठेक्का संचालन गर्न सम्झौता नै नगरी तोकिएको अवधि भर अस्थायी अनुमति दिने ठेक्का प्राप्त गर्नेले पालना गर्नुपर्ने (शर्त) उत्खन्न परिमाणको मासिक विवरण नलिने शर्त अनुसार ठेकेदारले नगरपालिकाबाट रसिद प्रमाणित नगराउने, वातावरणीय प्रभाव मूल्याङ्कन गरी ठेक्का लगाउने नाका नै स्वीकृति नभएको वानचौरी नाकामा ७ वटा इस्काइभेटर मेशिनबाट उत्खन्न गर्न इजाजत दिने (प.स. २०७६।७७ मिति २०७६।२।७ को पत्र) र १५ दिन पछि सो क्षेत्र बाहेक अन्य क्षेत्रमा समेत मेशिनबाट उत्खन्न कार्य गराउने कार्य समेत भएको देखिएको छ । आफ्नो क्षेत्र भित्रका नदि जन्य पदार्थ उत्खन्न कार्यमा आन्तरिक नियन्त्रण र अनुगमन वेगरनै प्राकृतिक स्रोतको दोहन गरिएको र सम्झौतानै नगरी व्यक्ति विशेषलाई लाभ पुऱ्याएको तथा हालसम्म (२०७७।९।२५) कवुल अनुसारको रकम समेत नबुझाई (बैक ग्यारेन्टी म्याद २०७७।३।३१ गुज्रिएको) २०७७।३।२२ मा जमानत जफत गर्न सक्कल बैक ग्यारेन्टी नै फिर्ता पठाएको अवस्था देखिएको छ । यस सम्बन्धमा छानविन गरी सम्झौता परिमाण भन्दा बढी उत्खन्न गरिएको परिमाण यकिन गरी प्रदेश सरकार आर्थिक ऐनले तोके बमोजिमको शुल्क लिनुपर्दछ । यो वर्षको ठेक्का वापत (२०७७ जेष्ठसम्म) कवुल गरेको रकमको बुझाउन बाँकी रहेको मू.अ.कर रु.१२३६९६४९.६९ सरकारी बाँकी सरह व्याज समेत लगाई असुल हुनुपर्ने रु.	१२३६९६४९.६९
८०.	**ऐनको व्यवस्था भन्दा घटीमा ठेक्काः** स्थानीय सरकार संचालन ऐन २०७४ मा नगर कार्यपालिकाले नगरसभाबाट पारित ऐन बमोजिम कार्य संचालन गर्नुपर्ने व्यवस्था छ । चौथो नगरसभाले २०७६।३।१० मा पारित गरी २०७६।४।१ देखि लागु गरेको आर्थिक ऐन २०७६ को अनुसूची-१२ मा सडक/पूर्वाधार उपयोग शुल्क वापत रु. ४५००००००/- न्यूनतम वार्षिक ठेक्का (मु.अ.कर बाहेक) तोकिदिएको छ । कार्यालयले तेश्रो पटक सूचना प्रकाशित गर्दा समेत ठेक्का पर्न नसकेको जनाई उक्त अनुमानित आयलाई रु. २८५००००/- मात्र कायम गरी वोलपत्र आव्हान भएको र बढी कवुल गर्ने पर्फेक्ट व्रदर्श ट्रेड लि को रु. २८५३०००/- को ठेक्का कवुललाई २०७६।५।३१ मा स्वीकृत गरी सोही दिन देखि अस्थायी अनुमति दिएको र २०७६।६।१५ मा मात्र सम्झौता गरेको पाइयो । नगरसभाबाट स्वीकृत सीमा भन्दा घटिमा ठेक्का वन्दोवस्त गरी घटी असुल गरेकोले घटी असुलीको अनुमोदन नगरसभाबाट नभएको रु.	१६४७०००/-
८०.१.	**सम्झौता र शर्त पालनाः** पूर्वाधार शुल्क असुलीको ठेक्का लिने ठेकेदारले मासिक रुपमा विवरण बुझाई रसिद समेत नगरपालिकाबाट प्रमाणीत गराएर मात्र संकलन गर्नुपर्नेमा सो अनुसार नगरेकोमा थप कुनै कारवाही नगरी छाडेको पाइयो ।	

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
८१.	**मू.अ.कर दाखिला नभएकोः** आय ठेक्का कवुल गर्ने व्यवसायीले आफुले कवुल गरेको रकममा लाग्ने मूल्य अभिवृद्धि कर समेत तोकिएको राजस्व खातामा जम्मा गरी सम्झौता गर्नुपर्ने व्यस्था छ । कार्यालय अन्तर्गतका हाटबजार ठेक्काका व्यवसायीहरुले बुझाउनुपर्ने मू.अ.कर रकम कार्यालय कै खातामा जम्मा गरेको लेखापरीक्षणमा पेश भएको आय ठेक्का विवरणबाट देखियो । तोकिएको अवधि भित्रै सम्बन्धित राजस्व शिर्षकमा जम्मा गर्नुपर्ने रकम कार्यालयको खातामा जम्मा देखाएकोले उक्त रकम मू.अ.कर खातामा जम्मा हुनुपर्ने रु	३८३७८०.९७
८२.	**नगदी रकमको आम्दानी तथा खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६ को दफा २७ ले कार्यालयमा प्राप्त हुने जुनसुकै प्रकारको राजस्वलाई तोकिए बमोजिमको ढाँचामा लेखा राखि बैंक दाखिला गर्नुपर्ने व्यवस्था गरेको छ । नगरपालिकामा विभिन्न आय ठेक्काहरु संचालन गर्न सभाबाट निर्णय भएको आधारमा ति ठेक्काहरुको बन्दोवस्त नभए सम्म र ठेक्का कवुल गर्नेले ठेक्का तोडेमा वा छाडेमा बाँकी अवधि सम्म कार्यालयका कर्मचारीबाट अमानतमा समेत राजस्व संकलन गर्ने गरेको देखियो । यो वर्ष पूर्वाधार सेवा उपयोग ठेक्काको सूचना प्रकाशन भै सकेपछि वोलपत्र विक्रि भएतापनि वोलपत्र नपरेको अवस्था देखाई खोर्सानि र वेलगाछि नाकामा कार्यालयका कर्मचारीबाट शुल्क असुल गर्ने गरी खटाइएकोमा कार्यालयले के केति नगदी रसिद छपाई गरी जिन्सि आम्दानी गरेको सो मध्ये प्रयोग भएको र बाँकी नगदी रसिदको अभिलेख खडा गरेको पाइएन । यस्तै अन्य शुल्क, दस्तुर, सिफारिसको लागि वडाहरु तथा केन्द्रमा प्रयोगत गरिएको रसिद समेतको खर्च र फिर्ता सम्बन्धी अभिलेख पेश नभएकोले सबै राजस्व प्राप्त गरी नगरपालिकाको संचित कोष खातामा जम्मा भए नभएको यकिन गर्न सकिएन । यस सम्बन्धमा कार्यालयले अमानतबाट संकलन गरिएको अवधि, क्षेत्र र रकम समेत पुन यकिन गर्नुपर्दछ ।	
८३.	**विनियोजन ऐनमा व्यवस्था भन्दा बढी खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२ (२) मा स्थानीय तहले नेपाल सरकारबाट स्वीकृत खर्च वर्गीकरण र व्यवस्था अनुसार बजेट संकेत समेत स्वीकृत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले २०७६।७७ को विनियोजन ऐनमा वित्तीय व्यवस्था तर्फ कुनै रकम समावेश गरी पारित गरेको पाएन । विनियोजन ऐन २०७६ को अनुसूची-१ मा आन्तरिक ऋणको व्याज सेवा शुल्क शिर्षकमा रु. ७ लाख ५० हजार मात्र विनियोजन गरेकोमा कार्यालयले चालु खर्च अन्य फिर्ता तर्फबाट नगर विकास कोषलाई ऋणको साँवा व्याज वापत रु. २६२४६४५.८७ भुक्तानी गरेको पाइयो । ऋणको अभिलेख वेगर कोषको पत्रको आधारमा साँवा व्याज रकम भुक्तानी गरेकोमा भुक्तानी समर्थन समेत लिएको देखिएन । विनियोजन ऐनमा वित्तीय व्यवस्था तर्फ बजेट नं. नछुट्याएको र आन्तरिक ऋण साँवा व्याज भुक्तानीमा सभाबाट पारित रकम भन्दा रु १८७४६४५.८७ बढी खर्च गरेकोले बढी खर्च रकम सभाबाट अनुमोदित र स्वीकृत हुनुपर्दछ ।	
८४.	**क्याटलक सपिङः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(क८) मा क्याटलक सपिङबाट खरिद गरिने व्यवस्था छ । ऐनको उक्त दफामा यसरी खरिद गर्दा तय गरेको विक्रि मूल्य सम्बन्धित कम्पनीको वेबसाइट वा कागजात (ब्रोसर) मा सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । क्याटलक सपिङ गर्दा समान स्तरको मालसामान उत्पादन गर्ने कम्पनी ले तोकेको मूल्यमा प्रतिस्पर्धा गर्नुपर्नेमा कार्यालयले ६ थान मोटरसाइकल क्याटलक सपिङबाट खरिद गर्ने प्रस्ताव गर्दा बजाज कम्पनीको मात्र आधिकारीक विक्रेता (इटहरी, दुहवी र विराट चौकका) बाट मात्र दररेट माग गर्ने प्रस्ताव पठाई प्राप्त मूल्य मध्ये घटी वाला आधिकारिक विक्रेताबाट पल्सर १६० एन एस र पल्सर १५० सीसीका ६ थान मोटरसाइकल खरिद गरी रु. १६४७२००/- भुक्तानी गरेको छ । कानूनमा तोकिएको व्यवस्था अनुसार समान स्तरको मालसामान उत्पादन गर्ने अन्य कम्पनीका विक्रेतालाई जानकारि र सूचना नपठाई एकै कम्पनीको विक्रेताबाट मात्र दर माग गरी खरिद गर्ने कार्यले खरिद प्रतिस्पर्धा र मितव्ययी	

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	भएको मान्ने आधार देखिएन रु. उपरोक्तानुसारको मोटरसाइकल स्पेसिफिकेशन अनुसार भए नभएको सम्बन्धमा सम्बन्धित प्राविधिकबाट जाँचबुझ गराई जिन्सी दाखिला गर्नुपर्नेमा गरेको पाइएन ।	१६४७२००/-
८५.	देवीथान मार्ग कालोपत्रे कामको लागि देविथान मार्ग कालोपत्रे उपभोक्ता समिति वडा नं. १२ लाई भुक्तानी दिदा Loading unloading excess material from site transportation and disposal of material आइटममा **L/S** रु.२००००/- राखी भुक्तानी दिएको पाइयो । सामग्रीको रेटमा ढुवानी भाडा समेत समावेश भैसकेकोले पुनः भुक्तानी दिएको असुल गर्नुपर्ने रु.	२००००/-
८६.	**नाफामुलक संस्थालाई भुक्तानीः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा नगरसभाबाट पारित योजना तथा कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले मोरङ सामुदायिक विद्युत सहकारी संस्थालाई २०७६।७।५ मा भएको सम्झौताको व्यवस्था अनुसार संस्थाले टि.ओ.डि. मीटर, एल.टि.सि.टि. र ५ कि.मी. तार खरिद गरी जडान गरिसकेकोले सम्झौता अनुसारको रकम माग गरेको छ । कार्यालयले संस्थाको सोही निवेदनको आधारमा नगरप्रमुखको आदेश अनुसार उल्लेख गरी २०७६।१०।२९ मा अन्तिम भुक्तानी गर्दा खुद भुक्तानी गर्ने रकम रु. ३९१९५१/- स्वीकृत गरेकोमा रु. ४००६४२/- भुक्तानी गरेकोले बढी भुक्तानी गरेको रु. ८६९१/- असुल हुनुपर्दछ रु.	८६९१/-
८७.	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २६ मा नगरपालिकाले साझेदारीमा कार्य गर्न सक्ने विषय समेत तोकिएको छ । ऐनको उक्त दफामा विद्युत सम्बन्धि योजना कार्यक्रम लगानी तथा साझेदारीको व्यवस्था रहेको पाइएन । तर विद्युत सहकारी संस्थालाई विद्युत वितरण सम्बन्धी कार्यमा नगरपालिकाले समेत लगानी गर्दा संस्थाले उपभोक्तालाई दिइने छुट सुविधा उल्लेख नभएको र नाफा मूलक संस्थामा नगरपालिकाको रकम लगानी गरेको र सो वापत नगरपालिका वा सेवाग्राहीले पाउने छुट वा सुविधा प्राप्त नगरी खर्च गर्ने कार्यले ऐनमा भएको व्यवस्था अनुसार खर्च गरेको मान्ने आधार देखिएन रु.	४००६४२
८८.	**जिन्सीको व्यक्तिगत अभिलेख खाताः** प्रदेश नं. १ सार्वजनिक खर्चको मापदण्ड कार्यविधि सम्बन्धी निर्देशिका २०७५ को बुँदा नं. १८ मा जिन्सी व्यवस्थापन सम्बन्धी मापदण्डको व्यवस्था छ । उक्त व्यवस्था अनुसार अनुसूची १ बमोजिमको ढाँचामा जिन्सी सामग्री प्रयोग गर्ने कर्मचारी वा पदाधिकारीको नाम श्रेणी, पद जिन्सी सामग्रीको नाम र प्रकार, मूल्य, जिन्सी सामग्री बुझिलिनेको हस्ताक्षर र मिति सहितको अभिलेख राख्नु पर्ने र सरुवा वा पदमुक्त भई जाँचा बरबुझारथ गर्नुपर्ने व्यवस्था छ । कार्यालयले जिन्सी सामग्री प्रयोगको व्यक्तिगत अभिखले खाता राखेतापनी ल्यापटप, कम्प्युटर जस्ता जिन्सी सामग्री बुझाएको अभिलखे अद्यावधिक गरेको छैन । निर्देशिकामा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।	
८८.१.	**जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तीको रेखदेख मर्मत र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः नगरपालिकाको आ.व. २०७६।७७ को जिन्सी निरीक्षण प्रतिवेदन अनुसार साविकको सुन्दर दुलारी र कोशि हरैचा नगरपालिका एक आपसमा मिलि सुन्दरहरैंचा नगरपालिका स्थापना भएकोमा साविक सुन्दर दुलारी नगरपालिकाको स्वामित्वमा रहेका निम्न सवारी साधनहरु सुन्दरहरैंचा नगरपालिकाको जिन्सी कितावमा आम्दानी बाधेको पाइएन । ऐनमा व्यवस्था भए बमोजिम मूल्य खुलाई जिन्सी कितावमा आम्दानी बाध्नुपर्दछ ।	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

सि.न.	सामानको नाम	परिमाण (थान)
१	टिफर को १ ग ९३	१
२	बोलेरो को १ झ ५०१	१
३	मोटरसाइकल को १ ब १२२	१
४	स्कुटर को १ ब १२२५	१
५	स्कुटर को १ ब १२३०	१

८८.२. **इन्धन खर्चको मापदण्डः** प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धन (कार्यालय प्रयोजन) मा रु. ३१२१७७४/- र इन्धन (पदाधिकारी) मा रु. ८१८९०५/- गरी जम्मा रु. ३९४०६७९/- इन्धनमा खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा सवारी साधन प्रयोगको लगबुक राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थीत अभलेख राख्ने व्यवस्था गर्नुपर्दछ ।

८८.३. **भ्रमण अभिलेख खाताः** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रम आदेश नम्बर, भ्रमणमा खटिने नाम, दर्जा, भ्रमणमा खटिउको स्थान मिति समेत खुल्ने गरी अनुसूची ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष भ्रमण खर्चमा रु. ९९५५५०/- खर्च गरेकोमा भ्रमण खर्च अभिलेख खाता राखेको पाइएन । नियमावलीको पालना गर्नुपर्दछ ।

८८.४. **मर्मतः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान ममर्त सम्भारको लागत अनुमन तयार गर्दा त्स्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष सवारी साधन मर्मत मा रु. १९५५०५९/- र मेशिनरी तथा औजार मर्मत संभार मा रु. ७७८०९५/- गरी जम्मा रु. २७३३०८४/- खर्च गरेकोमा नियमावलीमा व्यवस्था भए बमोजिम दक्ष विशेषज्ञबाट लागत अनुमान तयार नगर खर्च गरेको पाइयो । जिन्सी मालसामानको मर्मत गर्दा संभार तथा संरक्षण अभलेख खाता (म.ले.प.फा.नं. ४१५) बमोजिम ममर्त गर्दा फेरिएको नयाँ सामान, मर्मत गर्दाको मूल्य, मर्मत गर्ने व्यक्ति वा फर्मको नाम, मर्मत संभारको निरीक्षण/प्रमाणित गर्नेको नाम र हस्ताक्षर समेत खुल्ने गरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था भएपनि राखेको पाइएन । अतः नियमावलीमा भएको व्यवस्था पालना गरी मर्मत संभार तथा संरक्षण अभिलेख खाता प्रयोगमा ल्याउनु पर्दछ।

८९. **योजना कार्यक्रम नखुलाई बजेट र खर्चः** नगरपालिकाले वडागत बजेट विनियोजन गर्दा योजना कार्यक्रमको नाम उल्लेख नगरी सानातिना मर्मत संभार, सानातिना पूर्वाधार निर्माण उल्लेख गरी बजेट स्वीकृत गरेको छ । नमूना छनौट गरी परीक्षण गर्दा निम्न वडाहरुमा योजना कार्यक्रम नखुलाई टुक्रे योजनामा खर्च गरेको छ ।

भौ.नं./मिति	वडा नं.	सानातिना मर्मत बजेट	टुक्रे संख्या	खर्च रकम	खर्च गरेको महिना
१५३/२०७६/११/५	९	१५०००००	६	५०००००	फाल्गुन
१५५/२०७६/११/६	१२	१४८००००	४	३०००००	फाल्गुन

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	१६४/२०७६/११/८ ३ १५००००० ५ ५००००० फाल्गुन	
९०.	**समानुपातिक समावेशिताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १११ मा ऐन बमोजिम गठन गरिने समिति उपसमिति वा कार्यदल गठन गर्दा समानुपातिक समावेशिता कायम गनुपर्ने छ भन्ने व्यवस्था छ । नगरपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधिमा उपभोक्ता समिति गठनको आधार तोकिदिएको छ । यो वर्ष उपमन्यू धर्मशाला भवन निर्माण सम्बन्धी कार्य गर्न योजनामा रु. ३३२५७०५.२२ को योजना स्वीकृत गरी उक्त कार्य उ.स. मार्फत गराउने गरी सम्झौता गरेको छ । सो योजनामा उपभोक्ता समितिका सबै पदाधिकारी उक्त एकै थर (ढकाल) मात्र भएमा व्यक्तिहरुको उपभोक्ता समिति गठन गरी सोही समिति मार्फत कार्य गराउन स्थानीय पूर्वाधार साझेदारी विकास कार्यक्रमबाट रु. २०००००००/- न.पा. मर्मत संभार कोषबाट रु. १००००००/- समेत थप गरी योजना संचालन गरेकोले उपभोक्ता समिति ऐन र कार्यविधिले तोके बमोजिम समानुपातिक समावेशितामा रहेको मान्ने आधार देखिएन ।	
९०.१.	**खर्च सार्वजनिकिकरणः** यो भवन निर्माण कार्य २०७७।२।५ देखि मात्र प्रारम्भ भएको र यो वर्ष कार्य पुरा नगरी म्याद थप गरिएको छ । यो वर्ष प्रथम विल सम्मको रु. २०७३२५६.४६ को विल तयार गरी उ.स. लाई भुक्तानी गरेको छ । उपभोक्ता समिति गठन परिचालन कार्यविधि अनुसार उक्त विलको खर्च सार्वजनिक गरी बठैकबाट अनुमानित गरेको देखिएन ।	
९०.२.	**ठेकेदारबाट कार्य गराई भुक्तानीः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले गर्नुपर्ने ठेक्काबाट कार्य गराउन नपाउने व्यवस्था छ । धर्मशाला निर्माण समितिको २०७७।२।८ को निर्णयमा नगरपालिकाबाट प्राप्त रकम रु. ३०००००००/- बाट निर्माणमा लाग्ने सम्पूर्ण गिटी, वालुवा, रड, सिमेन्ट खरिद गरी नगरपालिकाका प्राविधिकले तयार गरेको इष्टिमेटको आधारमा निर्माण कार्य गर्ने गरी तारिक अहमद मियालाई दिने निर्णय समेत गरेको पाइयो । सार्वजनिक नियमावली २०६४ को नियम ९७(१०) ले उपभोक्ता समिति आफैले काम नगरी अन्य व्यक्तिलाई ठेक्का दिई काम गरेको सूचना प्राप्त भएमा आवश्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडि बाँकी काम ऐन र नियमावली बमोजिम गर्नुपर्ने व्यवस्था रहेकोले यस सम्बन्धमा पुनः यकिन गर्नुपर्दछ ।	
९१.	**बढी ग्रेड संख्याः** अर्थ मन्त्रालयको च.नं. ११, मिति २०७६।४।१९ को नयाँ तलवमान र सुविधा सम्बन्धी परिपत्रमा सबै तहका कर्मचारीहरुको लागि २०७६।४।१ देखि लागु हुने गरी अनुसूची १ देखि ८ सम्म अधिक्तम ग्रेड संख्या सहितको नयाँ तलवमान तोकेको छ । कार्यालयका निम्न कर्मचारीहरुलाई अर्थ मन्त्रालयले तोकेको भन्दा बढी संख्या अनुसार ग्रेड रकम भुक्तानी गरेको पाइयो । बढी ग्रेड रकम भुक्तानी गरेको रु...	३६४५५२

सि.नं.	नाम थर	पद/तह	ग्रेड वृद्धि महिना (पेरोल अनुसार)	ग्रेड रकम	अर्थ मन्त्रालय ले तोकेको अधिक्तम ग्रेड संख्या	भुक्तानी भएको ग्रेड संख्या	बढी भुक्तानी ग्रेड संख्या	जम्मा बढी ग्रेड संख्या	वार्षिक बढी रकम	संचयकोष थप समेत बढी रकम
१.	मचिन्द्र बस्नेत	सातौं	पौष	१२६२	५	७	२	१९	२३९७८	२६३७५
२.	भिम कुमार चौधरी	छैटौ	असोज	१२००	५	७	२	२२	२६४००	२९०४०

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*											आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा										बेरुजू रकम
	३.	पिंगला पौडेल आचार्य	पाँचौ	माघ	१२००	५	७	२	१८	२१६००	२४१९२
	४.	मन्जुरा लामा	पाँचौ	माघ	९४०	६	७	१	१२	११२८०	१२४०८
	५.	राधा गिरी कार्की	पाँचौ	श्रावण	९४०	६	७	१	१२	११२८०	१२४०८
	६.	मोहन देव सिंह	पाँचौ	पौस	९४०	६	७	१	६	५६४०	६२०४
	७.	विजय राउत	पाँचौ	जेष्ठ	९४०	६	७	१	२	१८८०	२०६८
	८.	नितिल क्ष्मी गुभाजु	पाँचौ	जेष्ठ	९४०	६	७	१	२	१८८०	२०६८
	९.	नेत्र प्रसाद लुइटेल	का.स. पाँचौ	पौष	८८६	४	६	२	१९	१६८३४	१८५१७
	१०.	रमेश कु. गौतम	पाँचौ	श्रावण	१२००	५	७	२	२४	२८८००	३१६८०
	११.	देवी न्यौपाने	पाँचौ	श्रावण	१२००	५	७	२	२४	२८८८०	३१६८०
	१२.	राजरेन्द्र कुमार कार्की	का.स. पाँचौ	माघ	८८६	४	६	२	१८	१५९४८	१७५४२
	१३.	बाबुराम आचार्य	छैटौ	जेष्ट	१२००	५	७	२	१४	१६८००	१८४८०
	१४.	अनिल वदैवा	छैटौ	पौष	१२००	५	७	२	१९	२२८००	२५०८०
	१५.	चन्द्र कुमारी श्रेष्ठ	पाँचौ	बैसाख	९४०	६	८	२	१५	१४१००	१५५१०
	१६.	सुजता थेवे	पाँचौ	चैत	९४०	६	७	१	४	३७६०	४१३६
	१७.	कृष्ण माया दाहाल	का.स. पाँचौ	मंसिर	८८६	४	५	१	८	७०८८	७७९६
	१८.	लिलामणी दाहाल	छैटौ	पौष	१२००	५	७	२	१९	२२८००	२५०८०
	१९.	अमृता राई	पाँचौ	श्रावण	९४०	६	७	१	१२	११२८०	१२४०८
	२०.	माधव प्र. रेग्मी	छैटौ	चैत	१२००	५	६	१	४	४८००	५२८०
	२१.	सुसन नेपाल	पाँचौ	श्रावण	९४०	६	७	१	१२	११२८०	१२४०८
	२२.	देवजी यादव	छैटौ	माघ	१२००	५	७	२	१८	२१६००	२४१९२
									जम्मा	**३३०७०८**	**३६४५५२**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
९२.	**छुट प्राविधिक ग्रेडः** भौ.नं. ११९/२०७७/३/३० अर्थ मन्त्रालयको च.नं. ५६९ मिति २०७६।११।४ को परिपत्रमा सम्मानीय सर्वोच्च अदालतबाट भएको २०७६।१।१५ को फैसला/आदेश र मिति २०७६।१०।२७ नेपाल सरकार मन्त्रीपरिषदको निर्णय अनुसार २०५७।४।१ भन्दा पहिले प्राविधिक पदमा नियुक्ति पाई प्राविधिक २ ग्रेड खाइपाई आएका कर्मचारीहरुले मिति २०७६।४।१ पश्चात पाउने १ दिन बराबरको प्राविधिक २ ग्रेड वापत हुने रकमबाट भुक्तानी पाइसकेको एकमुष्ठ रकम घटाई बाँकी रकम मात्र भुक्तानी दिने उल्लेख छ । कार्यालयले निम्नानुसार कर्मचारीलाई छुट प्राविधिक ग्रेड भुक्तानी गर्दा कर्मचारीले पहिले खाईपाई आएको प्राविधिक ग्रेड खुल्ने प्रमाण र कार्यालयमा सरुवा रमाना भई आउदाको रमाना पत्र र नयाँ दर अनुसार प्राविधिक ग्रेड भुक्तानी नलिएको प्रमाण संलग्न नगरी भुक्तानी दिएको रु.	८१९४९६

सि.नं.	कर्मचारीको नाम थर	पद/तह	छुट प्राविधिक ग्रेड (२०७३ श्रावण देखि २०७६ पौष सम्मको)		छुट प्राविधिक ग्रेड २०७६ माघ देखि असार सम्मको	जम्मा प्राविधिक ग्रेड (पुरानो घटाई) २०७३ श्रावण देखि २०७६ असार
			रकम	संचय कोष कट्टी पछि खुद भुक्तानी		
१.	मचिन्द्र बस्नेत	प नि सु अ सातौ	४७२२	४२९३	१५१४४	१९८६६
२.	भिम कुमार चौधरी	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
३.	पिंगला पौडेल आचार्य	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
४.	देवजी यादव	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
५.	बाबुराम आचार्य	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
६.	लिलामणी दाहाल	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
७.	माधव प्र. रेग्मी	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
८.	रमेश कुमार गौतम	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
९.	देवी न्यौपाने	छैटौ	६६६८६	६०६११.६०	१०५६०	७७२४६
१०.	मन्जुरा लामा	पाँचौ	५२१५४	४७४०४.४०	८४००	६०५५४
११.	चन्द्र कुमारी श्रेष्ठ	छैटौ	५२१५४	४७४०४.४०	८४००	६०५५४
१२.	इन्दीरा कट्टेल	पाँचौ	५२१५४	४७४०४.४०	८४००	६०५५४
					जम्मा	**८१९४९६**

<table>
<tr><th colspan="2">स्थानीय तहको नामः सुन्दरहरैंचा नगरपालिका</th><th>आर्थिक वर्ष-२०७६/७७</th></tr>
<tr><th>दफा नं.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>९३.</td><td>न्यानो झोलाः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुको मार्गदर्शन २०७६ मा न्यानो झोला खरिद गर्दा न्यानो झोलामा हुनुपर्ने सामान, कपडाको गुणस्तर, साइज लगायत स्पेसिफिकेशन तोकेको छ । कार्यालयले मेडिसर्ज ट्रेडर्स विराटनगरबाट रु. ९९९९४/- मा १०० थान न्यानो झोला खरिद गरेकोमा लेखापरीक्षणको अवधिमा सम्म खरिद गरिएका न्यानो झोला स्टोर मै मौज्दात रहेको पाइएकोले प्रसुति सेवा लिने सेवाग्राहीले पाउनुपर्ने निशुल्क झोला सम्बन्धित स्वास्थ्य केन्द्रमा नपठाई मौज्दात राखेकोले कार्यक्रमको उद्देश्य बमोजिम खर्च भएको मान्ने आधार नदेखिएकोले सम्बन्धित स्वास्थ्य संस्थामा पठाई प्रयोगमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>• विद्यालय शिक्षक तलव भत्तातर्फः</td><td></td></tr>
<tr><td>९४.</td><td>सुकुना मा.वि.का शिक्षक दिव्यराज दाहाल २०७६/१०/१ देखि राजिनामा दिई सेवाबाट अलग भएकोमा माघ २६ देखि किशोर दाहालको नाममा दोश्रो चौमासिक सम्म रु. ४९४४३/- निकासा दिएकोले निजको नाममा निकासा पठाउनुपर्ने आधार प्रमाण पेश हुनुपर्ने रु.</td><td>४९४४३/-</td></tr>
<tr><td></td><td>• प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (ब.उ.शि.नं. ८०११३४०८५०८) चालु तर्फ</td><td></td></tr>
<tr><td>९५.</td><td>तालिम खर्च भुक्तानी :- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९(२)(१क) मा सार्वजनिक निकायले रु.बीस हजार भन्दा बढीको कुनै खरिद गर्दा मू.अ.करमा दर्ता भएको व्यक्ति,फर्म, संस्था वा कम्पनिबाट गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले तपसिलको कार्यक्रम सञ्चालन गरे बापत भुक्तनी दिएको संस्था मू.अ.करमा दर्ता नभएको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित गरिएको खर्च अनियमित देखिएको रु...
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रम</th><th>भुक्तानी पाउने</th><th>रकम</th></tr>
<tr><td>२-२०७७/३/१८</td><td>१५ दिने क्रिष्टल माला बनाउने तालिम (२०७७/२/२५ देखि २०७७/३/७ सम्म)</td><td>प्रगतिशिल महिला समाज (पान नं. ६०७७२९०६१)</td><td>२७९०००</td></tr>
<tr><td>४-२०७७/३/२५</td><td>१ महिने अल्लो कपडा बुनाई तालिम</td><td>लुमा घरेलु अल्लो कपडा उद्योग, (पान नं. ६०३६०८२४७)</td><td>१५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४२९०००</td></tr>
</table></td><td>४२९०००</td></tr>
<tr><td></td><td>• प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रम (ब.उ.शि.नं. ८०११३४०८५०८) पूर्जीगततर्फ</td><td></td></tr>
<tr><td>९६.</td><td>धरौटी कट्टा नगरी भुक्तानी :- भौ.नं. १६-२०७७/३/३१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(४) बमोजिम सप्लायर्सलाई भुक्तानी गर्दा रनिङ विलबाट ५ प्रतिशत धरौटी कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरापलिकाले सिंहदेवी सप्लायर्सबाट विद्युत तार तथा Accessories खरिदको भुक्तानी गर्दा रु.११५९३/- धरौटी कट्टा गरी भुक्तानी गर्नुपर्नेमा पुरै रकम भुक्तानी दिएको अनियमित रु.</td><td>११५९३</td></tr>
<tr><td></td><td>• मर्मत संभार विशेष कोष (ब.उ.शि.नं. ८०११३४०८३०१६०३)</td><td></td></tr>
<tr><td>९७.</td><td>बढी भुक्तानी :- भौ.नं.८-२०७७/२/६ सुन्दरहरैंचा १० मा उदयमार्ग पेबल्स निर्माण कार्यबापत सम्बन्धित उपभोक्ता समूहलाई अन्तिम बील भुक्तानी गर्दा उपभोक्ता समितिबाट पेश भएको बिल भन्दा बढी रकम भुक्तानी गरेको देखिएकोले असुल हुनुपर्ने रु...
(आ.ले.प. बाट समेत औल्याएको)</td><td>३५००</td></tr>
<tr><td>९८.</td><td>भौ.नं.३४-२०७७/३/२६ सितुमारी थान मन्दिर घेरावारा लगायतको कार्य गराउन रु.२००३४५।५९ को लागत अनुमान तयार भई सम्बन्धित उपभोक्ता समितिमार्फत कार्य गराई रु.२००३४५।५९ को अन्तिम बिल प्राप्त भएकोमा उक्त विलमा योजनाको नाम दिलिप मार्ग उल्लेख रहेको छ । भुक्तानी भएको रकम सम्बन्धित योजनालाई दिए नदिएको एकिन गर्न नसकिएको रु...</td><td>२००३४५.५९</td></tr>
</table>

स्थानीय तहको नामः *सुन्दरहरैंचा नगरपालिका*		आर्थिक वर्ष-२०७६/७७
दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	नगरपालिका पूजींगत (ब.उ.शि.नं. ८०११३४०८००१)	
९९.	**एकै योजनामा दोहोरो खर्च :-** भौ.नं. १३३-२०७६/१०/२६ र भौ.नं. ३७०-२०७७/३/१६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ मा कामको लागत अनुमान तयार गरी स्वीकृत गर्दा विचार गर्नुपर्ने कुरा तोकिएको छ । नियम ९(१)(क) मा खरिद सम्बन्धी सम्पूर्ण काम एउटै सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने नपर्ने समेतको निर्णय गरेर मात्र लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्नेमा नगरपालिकाले जब्दीमार्ग अधुरो निर्माण योजनामा रु.९००००००/- स्वीकृत गरी उक्त कार्य गर्न २०७६/८/२३ मा उपभोक्ता समितिसंग सम्झौता भई कार्य गराई २०७६/१०/१२ मा रु.१०७५८६४/२७ (फिलिङको कार्य समेत) को कार्य सम्पन्न भएको छ । उक्त कार्य सम्पन्न भएपछि पुन: २०७७/२/१३ मा सोही योजनाम एजिङ तथा फिलिङ उपभोक्ता समिति गठन गरी रु.२८३१३९/- को कार्य गरेको देखाई पुन: कार्य सम्पन्न समेत तयार गरी भुक्तानी गरेको पाईयो । एक पटक स्वीकृत अधुरो योजनाको बजेटबाट कार्य गर्नेगरी सम्झौता भई छुट्याईएको रकम पुरै खर्च गरेपछि सोही सडकमा फिलिङ कार्य थप गराई भुक्तानी गरेकोले काममा Overlap भए नभएको एकिन गर्न सकिएन । यस सम्बन्धमा पुन: छानबीन गरी दोहोरो कार्य भएमा रकम असुल हुनुपर्दछ रु...	२८३१३९
१००.	**एकै सडकमा दोहोरो कार्य :-** भौ.नं. १७३-२०७६/११/८ सडक निर्माण सम्बन्धि कार्य गराउँदा सडकको चेनेज समेत खुलाई काममा ओभरल्याप नहुने गरी मात्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयले न्यू शाही मार्गमा ग्राभेल र एजिङ्ग गर्ने कामको लागत अनुमान रु.७७०४३४/- को स्वीकृत गरी उक्त कार्य गर्न उपभोक्ता समितिसंग २०७६/८/१७ मा सम्झौता गरी सो मध्ये नगरपालिकाले व्यहोर्ने रु.६००००००/- भुक्तानी गरेको छ । सोही सडकमा भौ.नं. ३८७-२०७७/३/२१ बाट ९३ मीटर लम्बाई क्षेत्रमा पुन: निर्माण व्यवसायी सृष्टिना कन्सट्रक्सन प्रा.लि.बाट ग्राभेल विछ्याउने कार्य गराई पुन: रु.९७९२७/- समेत भुक्तानी गरेको पाईयो । एक पटक सडकमा ग्राभेलको काम गराउन उपभोक्ता समितिसंग सम्झौता गरी कार्य गराई सकेपछि पुन: सोही सडकमा ठेकेदारबाट काम गराई भुक्तानी गरेकोले काममा ओभरल्याप गरे नगरेको सम्बन्धमा पुन: एकिन गरी दोहोरो भएमा रकम असुल हुनुपर्दछ रु...	९७९२७
१०१.	**कामको नापजाँच भुक्तानी :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३मा कामको रनिङ्ग बिल तयार गर्दा वास्तविक सम्पन्न कामको नापजाँच गरी नापी किताबमा प्रमाणित रकम मात्र भुक्तानी गर्नपर्ने व्यवस्था छ । कार्यालयले शाही मार्ग र न्यू मार्गमा ग्राभेल विछ्याउने कार्यको नापी अनुसार माटो खन्ने, ढुङ्गा सोलिङ्ग गर्ने लगायतको कार्य दुवै मार्गको क्रमश: १०५.५ मीटर लम्बाई भएको क्षेत्रमा गरेकोमा ग्राभेल विछ्याउने कार्य दुवै मार्गको १२० मीटर लम्बाईमा गरेको देखाई नापजाँच गरी ग्राभेल बिछ्याउन खनिएको लम्बाई भन्दा ९ मिटर बढी लम्बाईमा ग्राभेल बिछ्याएको कार्य देखाई बढी भुक्तानी दिएको रकम समबन्धमा पुन: एकिन गरी असुल गर्नुपर्दछ रु...	९८९९.१९
१०२.	**डि.पि.आर बेगरको योजना खर्च :-** भौ.नं. ३५१-२०७७/३/१४ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण कार्य स्थलको व्यवस्था सुनिश्चित नभई कार्य गर्न नहुने व्यवस्था छ । नगरपालिकाले वडा नं ५ वृहत्तर मुक्तिघाटको पूर्वी खण्ड निर्माणको कार्य गर्न कार्यपालिकाको २०७६/११/१४ को निर्णय(नगरसभावबाट अनुमोदन नभएको)बाट रु.३५००००००/- उक्त योजनामा खर्च गर्ने निर्णय गरी सो कार्य गर्न २०७७/१/३१ मा होम प्रसाद घिमिरेको अध्यक्षतामा गठित उपभोक्ता समितिसंग २०७७/३/१५ भित्र रु.३८०७६३४।०२ मा कार्य गर्ने सम्झौता गरी यो वर्ष २०७७/३/१४ उक्त कार्यको प्रथम रनिङ बील रु.१६७७८८९।४७ मध्ये रु.१४८०५७०/- समेत भुक्तानी गरेको पाईयो । सम्झौता बमोजिम सो निर्माण सम्बन्धि कार्य पुरा नगरी दायित्व योजनामा सारेको भएता पनि वृहत्तर मुक्तिघाटको डि.पि.आर योजना लेखापरीक्षणमा पेश नभएको र उक्त निर्माण स्थलको विषयमा उच्च अदालत विराटनगरमा रिट समेत परिसकेपछि नगरसभाबाट(२०७७/३/१०) बाट	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	भुक्तानी दिने निर्णय गरी भुक्तानी दिईएको रु...	१६७७८८९.४७
१०३.	**गौ प्रतिमा निर्माण (नगरको गौरव योजना) :-** भौ.नं. ३११-२०७७/३/२३ सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम निर्माण सम्बन्धि कार्य गराउनु पर्दा स्वीकृत ड्रईङ्ग डिजाईनको आधारमा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वडा नं ५ मा विश्वकै अग्लो गाईको प्रतिमा निर्माण कार्य गर्न केही प्राविधिक समस्या भएका कारण वहुवर्षीय आयोजनाको रुपमा सञ्चालन गर्ने नगरप्रमुख स्तरीय निर्णय २०७६/३/२ मा गरेको आधारमा योजना छनौट गरिएको छ । योजना अवधि २०७६/३/२ देखि २०७६/१२/३० सम्ममा कार्य गर्नेगरी उपभोक्ता समितिसंग २०७६/३/२ मा सम्झौता भएको पाईयो । कार्यालयले २०७७/३/२ मा योजनाको म्याद २०७७/३/२५ सम्म थप गरी कार्य सम्पन्न गर्ने निर्णय गरी यो वर्ष रु.८६२१४२७/- भुक्तानी गरेको छ । यो वर्ष लागत अनुमान अनुसारको कार्य परिमाणको पुरा नभएकोमा भेरिएसन बेगर खुद कामको नाप गरी रु.९६२०४४०।३० कार्य स्वीकार प्रतिवेदन स्वीकृत गरेको पाईयो । विलमा फर्म वर्कको कार्य नापीको आधारमा भुक्तानी गर्नुपर्नेमा एकमुष्ट दर राखि रु.६४५०००/- भुक्तानी गरेको छ । माटो परीक्षण आईटमको रु.२५००००/- समेत एन.एस.ईन्जिनियरिङ एण्ड जियो टेक्निकल सर्भिसेजबाट कार्य गरी उक्त कम्पनिलाई भुक्तानी दिईएको कर विजकको समेत भुक्तानी गरेकोमा कर विजकको मिति केरमेट गरी समावेश गरेकोले सोको समायोजन प्रमाण पेश हुनुपर्ने रु...	२५००००
१०३.१.	भौ.नं. ३१२-२०७७/२/३० तेश्रो रनिङ बिलबाट CH १+९६३ देखि २+२४५ सम्मको क्षेत्रमा पुन: Sub base र Base Course को कार्य परिमाण थप गरी बिल तयार गरेको र Prime Coat र Tack Coat, Premix, Sandseal को Area 0+0009 देखि शुरु गरी 2+215 सम्मको कार्य गराई भुक्तानी गर्नाले एक पटक तयार भै सकेको Base Course Area मा पुन: थप Sub Base र Base थप गराई भुक्तानी दिएकोले बढी परिमाण भुक्तानी गरे नगरेको सम्बन्धमा छानबीन र एकिन गर्नुपर्ने रु...	७५१९६२
१०४.	**आनुपातिक कट्टी :** भौ.नं. ३७३-२०७७/३/१७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई भुक्तानी दिंदा लागत अनुमानमा भएको मू.अ. कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरी मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । लागत अनुमान भन्दा घटीमा कार्य सम्पन्न भएमा सम्झौताको बाँडफाँडमा तोकिए बमोजिमको कार्यालयले व्यहोरिने रकम समेत सोही अनुपातमा घटाई भुक्तानी गर्नुपर्दछ ।कार्यालय र जेष्ठ नागरिक भवन शौचालय (सुन्दरहरैंचा १२ मा) निर्माण गर्ने उपभोक्ता समिति बीच रु.३२२९५३।७४ को सम्झौता भएकोमा उक्त कामको रु.२६६१४४।०३ बरावरको मात्र कार्य सम्पन्न भएको देखिएकोमा घटी भएको कार्यको अनुपातमा कार्यालयले व्यहोर्नुपर्ने अंश घटाएरमात्र सम्बन्धित उपभोक्ता समितिलाई रकम भुक्तानी दिनुपर्नेमा सम्झौतामा उल्लेखित पुरै रकम रु.३००००००/- भुक्तानी दिईएको देखिएकोले बढी भुक्तानी देखिएको रकम असुल हुनुपर्ने रु...	५७००६
१०५.	**अग्रीम कर कट्टी र दाखिला :** आयकर ऐन २०५८ को दफा ८९(३क) बमोजिम उपभोक्ता समिति संग सम्झौता भई कार्य गराएको रु. पचास लाख भन्दा बढीको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारका उपभोक्ता समितिलाई भुक्तानी गर्दा ऐनको व्यवस्था भन्दा घटीमात्र करकट्टी गरी भुक्तानी गरेकोले नपुग कर रकम असुल हुनुपर्ने रु...	४८८०३.१७

भौ नं र मिति	योजनाको नाम	लागत अनुमान	कार्य सम्पन्न रकम	अग्रीम कर		
				कट्टा गर्नुपर्ने	कट्टा गरेको	घटी कर कट्टा गरेको रकम
८-२०७६/६/१४	पूर्व फिमरा मार्ग कालोपत्रे	७९१६८९२.९५	७९१७६८०.८१	११८७६५.२०	९२१२२	२६६४३

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा						बेरुजू रकम
	३११-०७७/३/२३	विश्वको अग्लो गौ प्रतिमा निर्माण	९९७६६०७.५६	९६२०४४७.८१	१४४३०७.१७	१२२१४७	२२१६०.१७
						जम्मा	४८८०३.१७

१०६. **नापी किताब बेगर भुक्तानी :-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ १(ख) मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले नागदेवी मन्दिर निर्माण, सुन्दरहरैंचा ८ उपभोक्ता समितिलाई अन्तिम बिल रकम भुक्तानी दिएकोमा उक्त कार्यको प्रमाणित नापि किताब श्रेस्ता साथ संलग्न नरहेकोले सोको प्रमाण पेश हुनुपर्ने रु... २८५७३२

१०७. **गुणस्तर परीक्षण :** सार्वजनिक खरिद नियमावली, २०६४ मा निर्माण कार्यको भुक्तानी गर्नु अगावै गुणस्तर परीक्षण गरानुपर्ने व्यवस्था छ । नगरपालिकाले नेपाल सरकार, सडक विभागले तोकेको Standard Specification बमोजिम गुणस्तर युक्त सडक निर्माण कार्य भए नभएको एकिन गरेर मात्र योजना फरफारक गरी गराई भुक्तानी दिनुपर्नेमा तपसिलको सडक कालोपत्रेको काम गराई निर्माण पूर्व प्रयोग हुने सामग्रीको आंशिक सामग्रीहरुको गुणस्तर परिक्षण गरिएको भएतापनि कालोपत्रे सम्बन्धी कामको भुक्तानी गर्नु अघि Core cutter परीक्षण नगरी भुक्तानी दिएकोले सम्पन्न कालोपत्रे कार्यहरु गुणस्तरीय भए नभएको आश्वस्त हुन सकिने आधार देखिएन ।

भौ.नं. / मिति	योजनाको नाम	लागत अनुमान	कार्य सम्पन्न	कैफियत
२२९-२०७७/२/४	हाम्रो सामुदायिक भवन मार्ग कालोपत्रे	१३३३७३४।७८	१३५१३२८।७२	कालोपत्रे निर्माण सम्पन्न पछिको Core Cutter लगायतको गुणस्तर परीक्षण कार्य बेगर भुक्तानी
२३३-२०७७/२/४	प्रतिभा मार्ग कालोपत्रे	२५९११०६।७४	२५८२६०६।७४	
२३६-२०७७/२/६	देवीथान मार्ग कालोपत्रे	२५६०७५५।७५	२५६१८५५।७५	
२४९-२०७७/२/८	वुधवारे आइतवारे कालोपत्रे निर्माण	३८४०७६०।५४	३८३०८२१।४७	
२५९-२०७७/२/१४ र ३९४-२०७७/३/२२	गोविन्दपुर पिपलचोक ११ नं वडा खण्डमा कालोपत्रे निर्माण	११८४७०६।८०	११८३५०३।६२	
२८६-२०७७/२/१९ र ३४६-२०७७/३/१४	पचहत्तर विगे पुर्व पश्चिम सडक कालोपत्रे	३८७००००	३८०८४२०	
३२९-२०७७/३/२	नमुना मार्ग क कालोपत्रे निर्माण	११९२८८०।०७	११६३८२१।३०	
६-२०७६/६/१४	वेलगाछी पूर्वाञ्चल विश्वविद्यालय सडक कालोपत्रे	२३७९८९४।१७	२३८०२०७।९०	
८-२०७६/६/१४	पूर्व फिमरा मार्ग कालोपत्रे	७९१६८९२।९५	७९१७६८०।८१	

१०८. **कामको नापजाँच र विल स्वीकृति :-** कार्यालयले उपभोक्ता समितिसंग सम्झौता गरी काम गरी सकेपछी सम्झौता अनुसारको काम र पुरा गरेको परिमाण सहित नापी किताब र रनिङ बिल तयार गरी प्रमाणित गरेर मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस वर्ष नमुना छनौट गरी परीक्षण गरिएका मध्ये निम्नानुसारका उपभोक्ता समितिलाई रु. ८३१२२२९/- भुक्तानी गर्दा कामको बिल तथा नापी किताबमा सम्बन्धित उपभोक्ता समितिले प्रमाणित गरेको देखिएन ।

भौ.नं. मिति	योजनाको नाम	भुक्तानी रकम
२२९-२०७७/२/४	हाम्रो सामुदायिक भवन मार्ग कालोपत्रे	९५३०३०
२३४-२०७७/२/४	सिद्धिचरण मार्ग ग्राभेल तथा एजिङ	४४१५९७
२६३-२०७७/२/१४	श्री ब्रहमकुमारी राजयोग सेवा केन्द्र गिता पाठशाला भवन मर्मत, सु.ह ७	२०००००
२८८-२०७७/२/२०	जोगी चौरको भित्रि बाटोहरुमा ग्राभेल, सुन्दरहरैंचा ११	२८९७६९
२९२-२०७७/२/२०	श्री नरसिङ आ.वि. कम्पाउण्ड वाल निर्माण, सुन्दरहरैंचा २	३००६३४
२७१-२०७७/२/१६	रत्नबुद्ध गुम्बा निर्माण, सुन्दरहरैंचा ६	९३०५००
२९३-२०७७/२/२०	कल्भर्ट पंखा निर्माण भरौट गिटी व्यवस्थापन, सुन्दरहरैंचा ७	२३४५७९
३०४-२०७७/२/२६	राधाकृष्ण अपाङ्ग मार्ग पूर्व (क) एजिङ, सुन्दरहरैंचा १२	५८८०००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

३०६-२०७७/२/२७	जेष्ठ नागरिक सामुदायिक भवन विद्युत जडान, सुन्दरहरैंचा २	७५०००
३१५-२०७७/२/३२	भुटाई टोल पूर्व पश्चिम सडकमा एजिङ तथा ग्राभेल निर्माण	४८१३३९
३७९-२०७७/३/१८	शितल मार्ग निर्माण, सुन्दरहरैंचा ५	१७१७९९०
३८०-२०७७/३/१८	खैयर डाँडा अधुरो सडक एजिङ निर्माण, सुन्दरहरैंचा ७	३०००००
३४-२०७७/३/२६(मर्मत कोष)	सितुमारी थान मन्दिर निर्माण	२०००००
३६-२०७७/३/२८(मर्मत कोष)	किराँत याक्थुम चुम्लुङ्ग धार्मिक माडहिम निर्माण	५०००००
३७-२०७७/३/२८(मर्मत कोष)	प्रदेश मार्गको बाँकी खण्ड पेबल्स बिछ्याउने कार्य	४०००००
३८-२०७७/३/२८(मर्मत कोष)	श्री लक्ष्मी नारायण मन्दिर परिसरको राम पञ्चायन मन्दिर निर्माण	१९९७९१
३९-२०७७/३/२८(मर्मत कोष)	विच बाँध टोल सडक स्तरीय ग्राभेल	५०००००
	जम्मा	**८३१२२२९**

१०९. **सोझै खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजिनक निकायले कुनै पनि खरिद गर्दा तोकिएनुसार लागत अनुमान तयार गरी गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा सोझै खरिद गर्न सकिने रकम सिमा र(१ख) मा एक आर्थिक वर्षमा १(क) मा तोकिएको रकम सिमाबाट खरिद गर्न सकिने प्रकृया सम्बन्धि व्यवस्था छ । मालसमान खरिद गर्दा स्पेशिफिकेशन स्वीकृत गरी मात्र गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार नगरी सोझै खरिद कार्य गर्ने गरेको सम्बन्धमा नमुना परीक्षण गर्दा नगरपालिकाले तपसिलको खरिद कार्य ऐनमा तोकिएनुसार लागत अनुमान तयार नगरेको, स्पेशिफिकेशन तयार नगरेको, र एकै फर्मबाट एक वर्षमा एक पटक भन्दा बढी सोझै खरिद गरेकोले नियम सम्मत नदेखिएको खर्च रु... ५१४४४९०

श्रोत	भौ.नं. र मिति	खरिद सामग्री	भुक्तानी पाउने	भुक्तानी रकम
नगरपालिका पूजीगत	७-२०७६/६/१४	AC लगायत खरिद (वडा नं२, ४ र ११)	जय ट्रेडर्स, ईटहरी	४९१५५०
	३६१-२०७७/३/१५	AC, Stablizer, फ्रिज, LED TV	जय ट्रेडर्स, ईटहरी	४९७२००
	२४१-२०७७/२/६	मोटरसाईकल		२७४९००
	२८३-२०७७/२/१९	फर्निचर	आर.के काष्ठ फर्निचर उद्योग	४९६६३४
	३१७-२०७७/२/३२	जस्तापाता	दंगाल हार्डवेयर, सुन्दरहरैंचा ६	२४२७६८
	३६०-२०७७/३/१५	प्रोजेक्टर	सगरमाथा आ.ई.टी सलुसन, ईटहरी ६	२१००००
	३९७-२०७७/३/२३	ल्यापटप, डेक्सटप, प्रिन्टर	CPN Infosys Pvt Ltd, Itahari	४९८३३०
	४३४-२०७७/३/२८	स्टेशनरी सामानहरु	यशोदा स्टेशनरी एण्ड जनरल सप्लायर्स, विराटनगर	३२२०५०
	४५०-२०७७/३/३०	वडा नं. २ मा CCTV जडान	साझा गन्तव्य प्रा.लि.	४५००००
	४५७-२०७७/३/३१	फर्निचर खरिद	लक्ष्मी फर्निसिङ सेन्टर, सुन्दरहरैंचा १२	४९८०००
	४५८-२०७७/३/३१	फर्निचर खरिद	आर.के. काष्ठ फर्निचर उद्योग, सुन्दरहरैंचा १२	३८९२८५
	४५९-२०७७/३/३१	कार्पेट, डोरम्याट लगायतको सामान	आर.के. ट्रेडर्स, सुन्दरहरैंचा १२	३५००२३
प्रदेश विशेष अनुदान	५-२०७७/३/२	क्यामेरा, प्रिन्टर, ल्यापटप	रोहन सप्लायर्स, सुन्दरहरैंचा १२	४२३७५०
			जम्मा	**५१४४४९०**

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
११०.	**जिन्सी दाखिला प्रमाण** :- भौ.नं. ३६०-२०७७/३/१५ सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम कार्यालयले खरिद गरेका जिन्सी मालसामानहरु जिन्सी खातामा आम्दानी गरेर मात्र बीलको भुक्तानी गर्नुपर्दछ । कार्यालयले सगरमाथा आ.ई.टी सलुसन, ईटहरी ६ लाई प्रोजेक्टर थान १ खरिद गरे बापत उल्लेखित गोश्वारा भौचरबाट रकम रु.२१००००/-(मू.अ.कर समेत) भुक्तानी दिएको देखिएकोमा उक्त प्रोजेक्टर नगरपालिकाको खप्ने जिन्सी खातामा आम्दानी बाँधेको देखिएन । जिन्सी दाखिला बेगर रकम भुक्तानी गरेको देखिएकोले खर्च एकिन गर्न नसकिएको रु...	२१०००००
१११.	**लागत साझेदारी :-** कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउन लागत अनुमान स्वीकृत गर्दा नगद साझेदारीमा काम गर्ने गरी छनौट भएका निम्न योजनाहरुको कार्य गराउदा नगद रकम जम्मा नहुँदै सम्झौता गरी कार्य गराएकोले स्वीकृत आधारबाट कार्य भई भुक्तानी भएको मान्ने आधार देखिएन ।	

भौ.नं./ मिति	योजनाको नाम	लागत अनुमान	नगरपालिका	उपभोक्ता समिति	कैफियत
३५२-२०७७/३/१४	करवैना जाम बाँधमा तटवन्ध निर्माण, सुन्दरहरैंचा २	५३४१२७।६७	४८००००	५४१२७।६७	उपभोक्ता समितिबाट समेत नगद साझेदारी हुनेगरी लागत अनुमान तयार गरि स्वीकृत गरिएकोमा निर्णय बेगर सम्झौतामा उपभोक्ता समितिले व्यहोर्नुपर्ने अंशलाई जनश्रमदानमा परिणत गरि सम्झौता गरिएको ।
३७०-२०७७/३/१६	जब्दीमार्ग अधुरो एजिङ निर्माण, सुन्दरहरैंचा ६	२८२४२३।८५	२४००००	४२४२३।८५	
३७८-२०७७/३/१८	हलेशी मार्ग पेवल्स निर्माण, सुन्दरहरैंचा ७	८९८३०५।२६	६७२०००	२२६३०५।२६	
३९३-२०७७/३/२२	वडहरा रिङरोड पेवल्स निर्माण, सुन्दरहरैंचा ४	१२८२२५४।५५	११५२०००	१३०२५४।५५	
४१८-२०७७/३/२५	पिपलचोक देखि पचहत्तर विघे सडक कालोपत्रे	२५८२९३२।०८	१९२००००	६६२९३२।०८	
३९-२०७७/३/२८ (मर्मत कोष)	प्रदेश मार्ग पेवल्स विछ्याउने	५१३२०१।५	३८४०००	१२९२०१।५	

११२.	**नर्मसको प्रयोग :-** सार्वजनिक निर्माण सम्बन्धि कामको लागत अनुमान स्वीकृत गर्दा तोकिएको नर्मसको आधारमा गर्नुपर्ने व्यवस्था छ । नर्मसमा Stone Soiling को (५ घ.मी)कार्य गर्न Skilled Labor ६ जना र Unskilled Labor १२ जना हुनुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको तपसिलको निर्माण कार्यको ल.ई. दररेट विश्लेषण गर्दा नर्मसमा तोकिएको संख्या भन्दा फरक पारी ज्यामी संख्या राखेर दर विश्लेषण गरेको पाईयो । नमुना छनोट गरी परीक्षण गरिएको निम्न योजनामा नर्मसको व्यवस्था अनुसार Labor संख्या नराखी उपरोक्त कार्य गर्न कार्यालयले दररेट विश्लेषण गर्दा Unskilled Labor ८ जना मात्र राखेको देखियो ।	

भौ.नं. र मिति	योजनाको नाम	लागत अनुमान रकम
१४५-२०७६/११/४	संजिवनी मार्ग एजिङ्ग, सुन्दरहरैंचा १०	५६७४१२।९७
२१५-२०७७/१/२८	प्रणाम मार्ग एजिङ्ग तथा ग्राभेल गर्ने कार्य, सुन्दरहरैंचा ९	५६६५९५।५१
२७६-२०७७/२/१८	गोपाल पौडेलको घर दक्षिण सडक एजिङ्ग, सुन्दरहरैंचा ७	१०२२८२३।५३
३७७-२०७७/३/१७	मनकामना मार्ग ड्रेन कल्भर्ट निर्माण, सुन्दरहरैंचा १०	४१७७८४।२३

नर्मसको पालना गरी दररेट विश्लेषण गर्नु पर्दछ ।

११३.	निर्माण नर्मसको 12.1(B)मा Providing and Laying Granular Subbase on Prepared Surface mixing at OMC and Compacting (२०० घ.मी) को लागि Material तर्फ Sub-base Material S_1	

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

or S_2 Type को २५६ घ.मि. र पानी २३ K.L , Compaction को लागि रोलर ६ घण्टा को दरबाट प्रयोग गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उक्त आईटमको दररेट विश्लेषण गर्दा Providing and Loose Laying RBM on Prepared Surface मा S_1 or S_2 type Sub-Base Material २०० घ.मि मात्र र पानी २३ KL राखि स्वीकृत गर्नाले Compaction नगरेको काममा पानीको परिमाण समावेश गरी बढी लागत समावेश गरेको सम्बन्धमा थप छानबीन गरी सबै योजनामा बढी भुक्तानी गरेको रकम असुल हुनुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा उपरोक्तानुसार बढि लागत समावेश गरी भुक्तानी दिएको देखिएका योजनाहरु निम्नानुसार छन :

भौ.नं. र मिति	योजनाको नाम	पानी बाहेक हुनुपर्ने दर	कायम दर	बढी दर	सम्पन्न कार्य (घ.मि)	बढी भुक्तानी रकम
४२०-२०७७/३/२५	चौधरी कामत टोल अधुरो सडक एजिङ निर्माण	१०६६।६१	१०९९।९१	३३।३	५४।४३	१८१२।१९
२१५-२०७७/१/२८	प्रणाम मार्ग एजिङ्ग तथा ग्राभेल गर्ने कार्य, सुन्दरहरैंचा ९				८३।१७	२७६९।५६
१४५-२०७६/११/४	संजिवनी मार्ग एजिङ्ग, सुन्दरहरैंचा १०				७३।१	१४३५।२३
२७८-२०७७/२/१८	श्री खण्ड टोल एजिङ तथा ग्राभेल				१६४।२५	५४६९।५३
१७३-२०७६/११/८	न्यु साई मार्ग एजिङ तथा ग्राभेल				१५३।७२	५११८।८८
					जम्मा	**१६६०५।३९**

१६६०५.३९

११३.१. नगरपालिकाले पारित गरेको नगर दररेट र मोरङ जिल्लाको दररेटमा मालसामान/ज्यालाको दररेट एकै देखिएको छ । मोरङ जिल्लाको दररेटमा विराटनगर बजार कायम गरी जिल्ला भरीको दर कायम भएता पनि नगरपालिकाले पारित गरेको जिल्ला दररेटमा केन्द्र र बजार नखुलाई तथा **Quarry Site** समेत उल्लेख नगरी नगर दररेट पारित गरेको पाईयो ।

- **धरौटीतर्फ**

११४. **धरौटी फिर्ता :-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ (२) मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्शन मनि फिर्ता भुक्तानी गर्दा पालना गर्नुपर्ने नियम सम्बन्धमा व्यवस्था छ ।आन्तरिक राजस्व विभागको परिपत्र अनुसार निर्माण व्यवसायीको धरौटी फिर्ता गर्दा सम्बन्धित आय वर्षको कर चुक्ता प्रमाण पत्र र मू.अ.कर समायोजन समेतको प्रमाण लिएर मात्र धरौटी फिर्ता गर्नुपर्नेमा कार्यालयले निम्नानुसारका निर्माण व्यवसायी लगायत विक्रेताको धरौटी फिर्ता गर्दा सो अनुसार नगरी फिर्ता गरेको रु...

भौ.नं./मिति	फर्मको नाम	धरौटी रकम	कैफियत
२८-२०७६/६/१४	आर.डी. ईञ्जनियरिङ्ग निर्माण सेवा	१०५६६५	मू.अ.कर समायोजन प्रमाण पेश नभएको
२७-२०७६/६/१४	सुनिल कन्स्ट्रक्सन	८८०३०	
३४-२०७६/७/५	आर.डी. ईञ्जनियरिङ्ग निर्माण सेवा	८४५२५	
४०-२०७६/७/२४	पञ्चकन्या प्रिन्टर्स	९७९५२	
४१-२०७६/७/२७	अग्नी ईन्कर्पोरेशन प्रा.लि.	२६५४४२	
४२-२०७६/७/२८	दिव्यशक्ति निर्माण सेवा	३०७००	
४५-२०७६/८/४	दाहाल सप्लायर्स एण्ड ट्रेड	३८५०००	
४६-२०७६/८/४	आई.एम.ई अटोमोटिभ्स	१७२५००	
४९-२०७६/८/१९	ग्लोवल ईन्टरनेश्नल ट्रेडर्स	४७०००	

१६७११९२

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

५९-२०७६/९/१७	एल एण्ड एम कन्सट्रक्सन	२१५००	
७४-२०७६/१०/१९	एल एण्ड एम कन्सट्रक्सन	३०३२९	
७६-२०७६/११/८	आर.डी. ईञ्जनियरिङ्ग निर्माण सेवा	४३८८६	
७७-२०७६/११/८	सुनिल कन्स्ट्रक्सन	२१२२४	
७८-२०७६/११/८	अरेञ्जली निर्माण सेवा	२१२२२	
८२-२०७६/११/१२	मकालु ट्रेड एण्ड सप्लायर्स	१५१७७९	
८३-२०७७/२/१३	मनोकामना अटोमोबाईल्स	८२५००	
९६-२०७७/३/१५	कोशी सगरमाथा कन्सट्रक्सन एण्ड ईञ्जनियरिङ कन्सल्टेन्सी प्रा.लि.	२१९३८	
	जम्मा	**१६७११९२**	

- **मर्मतसंभार कोष(ब.उ.शि.नं.८०११३४०८३०१६०३)तर्फ**

११५. **RBM बिछ्याउने कार्यः** कार्यालयले मर्मत संभारकोषबाट संचालन गरिने कार्यक्रम र योजनाहरु सभाबाट पारित नगराई निम्नानुसार विभिन्न मितिमा उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत कार्य गराउदै भुक्तानी गर्ने गरेको छ । सडक मर्मत गर्ने कार्यमा RBM बिछ्याउने कार्य मात्र राखी खर्च गर्नाले कार्यक्रम स्वीकृत नगराई खर्च गर्ने अवस्था सृजना भएको छ । कामको आवश्यकता वार्षिक मर्मत योजनाको स्वीकृत गरी सोही आधारमा मात्र मर्मत संभारकोबाट खर्च गर्ने व्यवस्था हुनपर्दछ ।

भौ.नं. र मिति	वडा नं.	सडकको नाम	ग्राभेल बिछ्याउन लागेको खर्च	खरिदको प्रकार (उपभोक्ता समिति/ ठेकेदार)
५-२०७६/११/८	११	पशुपति कित्ता पश्चिम	४२७७३।५२	अनुश्री कन्सट्रकस्न
१३-२०७७/२/१८	१२	सिद्धेश्वर मार्ग 'ग' ग्राभेल	१९३४४५	सिद्धेश्वर मार्ग 'ग' ग्राभेल उ.स.
१६-२०७७/२/३२	१०	गौरीशंकर मार्ग	५०००००	गौरीशंकर मार्ग उ.स.
१७-२०७७/३/१४	५	सामुदायिक वन अफिस उत्तर	२०००००	बुद्ध दाहसंस्कार स्थल जाने मार्ग मर्मत तथा ग्राभेल उ.स.
१९-२०७७/३/१६	१२	राधाकृष्ण मन्दिर अगाडीको बाटो	२०००००	राधाकृष्ण मन्दिर अगाडीको बाटो ग्राभेल उ.स.
३९-२०७७/३/२८ (मर्मत कोष)	३	विच बाँध टोल सडक स्तरीय ग्राभेल	४७४५३४।१७	उपभोक्ता समिति

- **प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम(ब.उ.शि.नं.८०११३४०८५०२) चालु- शिक्षातर्फ**

११६. **शैक्षिक गुणस्तर सुधार अभियान :-** भौ.नं. ३-२०७७/३/२५ सर्शत कार्यक्रमको लागि प्राप्त रकम खर्च गर्दा स्वीकृत कार्यकम संचालन निर्देशिकाको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा प्राप्त शर्शत अनुदान मध्ये वर्षान्तमा यस कार्यक्रमको लागि पठाएको रकमबाट विद्यालयहरुले शैक्षिक गुणस्तर सुधार ई-एजुकेशनको लागि स्मार्ट टी.भी. र सी.सी. क्यामेरा खरिदको विल भरपाई पेश गरेकोमा श्री मा.वि. मृगौलियाले स्मार्ट टी.भी. र सी.सी. क्यामेरा तोकिएको स्पेसिफिकेशन पुरै नमिलेको भएतापनि खरिद निर्णय गरी खर्च गरेको पाइयो । स्पेसिफिकेशन भन्दा फरक गरी सामान खरिद गरेको रु. ६००००/-

११७. भौ.नं. १९९/२०७६/११/१४ यस वर्षको वार्षिक खरिद योजना र कार्यक्रम वेगर स्मार्ट टेक सोलुसन प्रा.लि.को मिति २०७६।१०।२ को विलबाट स्मार्ट रोड सफ्टवेयर २ थान रु. ३००००/- मा खरिद गरिएकोमा यसको प्रयोगको अवस्था एकिन नभएको रु. ३००००/-

११८. **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । नगरपालिकाले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण २०७३।९।८ मा सम्पन्न गरेको

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	प्रतिवेदन पेश भएको छ । आन्तरिक लेखापरीक्षणबाट कायम भएको कैफियतहरु अन्तिम लेखापरीक्षण अगावै सम्परीक्षण गराउनुपर्नेमा लेखापरीक्षण अवधिसम्म सम्परीक्षण र नियमित भई नआएकोले प्रतिवेदनमा समावेश गरिएको छ ।	
११८.१.	**दोहोरो भत्ता** :- भौ.नं. २०-२०७७/३/३१ नगरपालिकामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई लकडाउनको समयमा कार्यालयको कामकाजमा खटाउँदा नगर कार्यपालिकाको निर्णयानुसार शत प्रतिशत प्रोत्साहन भत्ता रकम उपलब्ध गराईएकोमा सोही अवधिको अर्जुन भट्टराईलाई रु.३३००/-, भिम कुमार चौधरीलाई रु.४३००/- र मचिन्द्र बस्नेतलाई रु.४२००/- गरी भ्रमण खर्च बापत जम्मा रु.११८००/- भुक्तानी दिएको एकै समयमा दोहोरो भत्ता भुक्तानी गरेको रकम असुल हुनुपर्ने रु...	११८००
११८.२.	**बढी भुक्तानी** :- भौ.नं. २१-२०७६/९/२७ अर्थ मन्त्रालयद्वारा स्वीकृत कार्य सञ्चालन निर्देशिका अनुसार संचालित कार्यक्रमको कार्यपत्र तयारीबापत रु.१०००/- को दरले रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । लोकेन्द्र बानियाको विभिन्न कार्यक्रमको पेश्की फर्छ्यौट गर्दा रु.१६००/- का दरले कार्यपत्र तयारी खर्च भुक्तानी गरेकोमा बढी दरले जिवन कुमार चापागाई र किशोर कुमार कार्कीलाई जनही रु.७२००/- दरले बढी भुक्तानी दिएको देखिएको जम्मा रु...	१४४००
११८.३.	**पारिश्रमिक कर :-** आयकर ऐन २०५८ को दफा ४(२) अनुसार कुनै व्यक्तिको एक आर्थिक वर्षको आयमा लाग्ने करको गणना गर्दा अनुसुची १ मा तोकिएको दरबाट गणना गर्नुपर्ने व्यवस्था छ । तपसिलको कर्मचारीको ऐनमा व्यवस्था भएको दरबाट कर कट्टी नगरी घटी कर कट्टी गरेकोले असुल हुनुपर्ने रु...	३९९५००

भौ.नं. र मिति	कर्मचारीको नाम	घटी करकट्टी रकम
२२	दिनेश घिमिरे	७५८६।००
	डा निलम कुमारी	५३१४।००
	मचिन्द्र बस्नेत	२८१३२।००
	भिमकुमार चौधरी	४३६०२।००
	रमेश कुमार गौतम	१७५९५।००
	अनिल बर्देवा	३९३।००
	पिङ्गला पौडेल आचार्य	६९९४।००
	देबजी यादव	१४७८७।००
	लिलामणी दाहाल	६३९४।००
	बाबुराम आचार्य	६३९४।००
	किशोर पौडेल	३५८५।००
	देवी न्यौपाने	८२०६।००
	माधव प्रसाद रेग्मी	१७५९५।००
	अर्जुन भट्टराई	८२५७।००
३६	दामोदर चापागाइ	६७८१७।००
	ध्रुवकुमार भण्डारी	१९४५।००
	जिवनकुमार चापागाइ	१२७४७।००
	लक्ष्मी प्रसाद पोखरेल	५०६७।००
	लिलादेवी ओझा	५०६७।००
	फरिन्द्र भट्टराई	१११९९।००
	सुनिल अधिकारी	११६५१।००
	दिनेश घिमिरे	७५८६।००
	रोहित निरौला	८८४९।००
	बिरेन्द्र नेयोहाङ्ग	१२८६४।००
	पुण्य प्रसाद ढकाल	८७०९।००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
	तिर्थराज घिमिरे ३३६५।००	
	बाबुराम भ□राइ ८५९६।००	
	निरज न्यौपाने ८५९६।००	
	दिपक बजगाइ ५७६६।००	
	डेविड खत्रि ८८५३।००	
	घनश्याम मगर ४९७४।००	
	सोम मगर २१२४।००	
	कृष्ण बहादुर न्यौपाने ४९७४।००	
	हरिलाल चौधरी ४९७४।००	
	राजेन्द्र अधिकारी ४९७४।००	
	दिनेस कार्की ७५१३।००	
	खिलेन्द्र राज पोखरेल ४९७४।००	
	समुन्द्र बि क १४८२।००	
	जम्मा **३९९५००**	
११८.४.	भौ.नं.९०१-२०७७/३/२२ शिव पञ्चायन मन्दिर उपभोक्ता समितिलाई ढुवानी बापत भुक्तानी गरेको रु.३६००/- मा १०% ले बहाल कर कट्टा नगरी बढी भुक्तानी गरेको रु...	३६०
११८.५.	भौ.नं.१०४६-२०७७/३/३१ कार्यालयले समाजिक सुरक्षा अभिमुखिकरण कार्यक्रमको पेश्की फर्छ्यौट गर्दा प्रशिक्षकहरु लक्ष्मी प्रसाद पोखरेलको रु.६००/-, पुस्कल गौतमको रु.४००/-, रामप्रसाद रेग्मीको रु.४००/- र बासुदेव अधिकारीको रु.४००/- गरी बढि भुक्तानी भएको जम्मा रु...	१८००
११८.६.	भौ.नं.२०२-२०७६/११/२९ मनोकामना अटोमोबाईल्सलाई मोटरसाईकल खरिदबापत रकम भुक्तानी गर्दा खरिद बिल समावेश नगरी भुक्तानी दिएकोमा सोको प्रमाण पेश हुनुपर्ने रु...	५३३८००
११८.७.	भौ.नं.२४६-२०७७/२/७ कृष्ण सिटि मार्ग पेबल्स निर्माण उपभोक्ता समिति, सुन्दरहरैंचा ४ लाई अन्तिम बिल भुक्तानीमा टेष्ट आईटम बापत रु.२५००/- भुक्तानी दिएकोमा रु.१५००/- को मात्र बिल भौचरसाथ संलग्न रहेको देखिएकोले बढी भुक्तानी भएको रु...	१०००
११८.८.	भौ.नं.२९७-२०७७/२/२२ पुष्पाञ्जली धाति मार्ग स्तरीकरण निर्माण उपभोक्ता समिति, सुन्दरहरैंचा ८ ले उक्त निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन लागत अनुमान भन्दा रु.५४४४/- ले घटी रकमको पेश गरेकोमा अन्तिम बिल भुक्तानीमा घटी कार्य रकम कट्टा नगरी भुक्तानी गरेको देखिएको रु...	५४४४
११८.९.	भौ.नं.३७९-२०७७/३/१८ शितलमार्ग निर्माण उपभोक्ता समिति, सुन्दरहरैंचा ५ लाई अन्तिम बिल भुक्तानी गर्दा वडाको भुक्तानी सिफारिस, अनुगमन प्रतिवेदन, सार्वजनिक परिक्षण फारम, खर्च सार्वजनिकीकरणको निर्णय माईनुट बेगर गरेको र बढी भुक्तानी देखिएको रु...	७१८१
११८.१०.	भौ.नं.४४४-२०७७/३/२० सविन मार्ग कल्भर्ट निर्माण उपभोक्ता समिति, सुन्दरहरैंचा ९ को अन्तिम बिल भुक्तानीमा बढी भुक्तानी देखिएको रु...	३११८
११८.११.	भौ.नं.४५५-२०७७/३/३१ अनु निर्माण सेवालाई अफिस क्यान्टिन निर्माणको बिल भुक्तानीमा बढी भुक्तानी देखिएको रु...	२२९२६
११८.१२.	भौ.नं.१४-२०७७/२/११ अमर निर्माण सेवालाई वडा नं.७ को स्वास्थ्य चौकी भवन निर्माणको प्रथम रनिङ्ग बिल भुक्तानी दिदा विमाबापत रु.१७७९५/- भुक्तानी दिएकोमा सोको विल भौचरसाथ संलग्न नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...	१७७९५
११८.१३.	भौ.नं.६६-२०७७/३/३१ राप्ती रिन्युएवल इनर्जी सर्भिस प्रा.लि.लाई रु.४९५०००/- भुक्तानी दिएकोमा सोको सक्कल बिजक भौचरसाथ संलग्न नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्ने रु...	४९५०००
११८.१४.	भौ.नं.२०-२०७७/३/२९ श्री मा.वि. मृगौलिया भवन मर्मत तथा रंगरोगन निर्माण उपभोक्ता समिति २ को उक्त कार्यको अन्तिम बिलमा उपभोक्ता समितिले रु.१५०६१/- को घटी कार्य गरेको देखाएकोमा भुक्तानी गर्दा घटी भएको कामको रकम नघटाई भुक्तानी दिएकोले बढी भुक्तानी भएको देखिएको रु...	१५०६१

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम
११८.१५.	कार्यालयले आर्थिक कारोवार गर्दा विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । निम्नानुसारका भौ.नं. र मितिबाट विल भरपाई, अनुगमन प्रतिवेदन, लागत अनुमान र प्रस्ताव दर्ताको प्रमाण वेगर भुक्तानी दिएको रु.	१८७४७२३/-

भौ.नं./मिति	संस्था/फर्मको नाम	रकम	कैफियत
६९/२०७६/९/९	मानव अधिकार संरक्षण मञ्च नेपाल	९९५००	संस्थाको नामको विजक जारी नगरी भुक्तानी
१५६/२०७६/७/१८	प्रेम कुमार मास्की	४४०००	गाडी भाडा भुक्तानी गरेकोमा प्रयोगको लगबुक नरहेको
७३९/२०७७/२/२७	मझेरी मिडिया प्रा.लि.	२९८०००	सम्झौतामा कार्यक्रम अवधि नखुलेको फर्म दर्ता उद्देश्य भन्दा फरक गरी लोक सेवाको कक्षा संचालन गरेको
१३४/२०७६/११/४	सुविधा मार्फत उपभोक्ता समिति	९५०१०	पेश्की दिएकोमा पेश्की लिने समितिको निर्णय पेश नभएको
१८२/२०७६/११/८	सुनिल कन्ट्रक्सन	४९६०१५	अनुगमन प्रतिवेदन वेगर भुक्तानी गरेको
१८६/२०७६/११/१३	सुमित निर्माण सेवा	४९३१९८	हेलेप्याड निर्माणको भुक्तानी गर्दा अनुगमन प्रतिवेदन नरहेको
५५८/२०७६/११/१४	भुल्के मिडिया प्रा.लि.	२०००००	सामाजिक परीक्षणको रकम भुक्तानी गरेकोमा लागत अनुमान, सूचना प्रकाशन, प्रस्ताव दर्ता, छनौटको प्रमाण पेश नरहेको
५५९/२०७६/११/१४	भुल्के मिडिया प्रा.लि.	१४९०००	सामाजिक परीक्षणको रकम भुक्तानी गरेकोमा लागत अनुमान, सूचना प्रकाशन, प्रस्ताव दर्ता, छनौटको प्रमाण पेश नरहेको
	जम्मा	**१८७४७२३**	

११८.१६.	**३६५००१०४३ तर्फः** आन्तरिक लेखापरीक्षणबाट औल्याइएको बेलडाँगी मझुवा सडकमा निर्माण व्यवसायीलाई गुणस्तर परीक्षण पीएस आइटमबाट टेष्ट रिर्पोटबाट रु. ५०००/- भुक्तानी गरेकोमा रु. ३५००/- को विल समावेश नगरी बढी भुक्तानी गरेको रु.	३५००/-
११९.	**पेश्कीः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ मा कुनै व्यक्तिले सरकारी कामको लागि पेश्की लिनु पर्दा कुन कामको निमित्त कति चाहिने त्यसको विवरण पेश गर्ने पर्ने सम्बन्धित कामको लागि आवश्यक पर्ने भन्दा बढी रकम नहुने गरी पेश्की दिनु पर्ने, तोकिएको म्याद भित्र काम सम्पन्न गरी पेश्की फछ्र्यौट गर्नुपर्नेमा महानगरपालिकाले विभिन्न कर्मचारी तथा पदाधिकारीहरुलाई पेश्की दिई वर्षान्त सम्म फछ्र्यौट गर्नुपर्नेमा महानगरपालिकाले विभिन्न कर्मचारी तथा पदाधिकारीहरुलाई पेश्की दिई वर्षान्त सम्म फछ्र्यौट नगरेको, एकै कर्मचारीलाई रु. ८८७०००/- सम्म पेश्की दिएको, उपभोक्ता समितिलाई समेत पेश्की दिएको समेत देखिएकोले नियममा भएको व्यवस्थाको पालना गरेर मात्र पेश्की दिनु पर्दछ । तोकिएको कार्य नगरी पेश्की बाँकी राख्ने कर्मचारीबाट नियम अनुसार लाग्ने व्याज समेत लगाई असुल गर्नुपर्दछ । आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट नभएको रु.	६६५५४४९

सि.नं.	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	रकम
	पदाधिकारी पेश्की	
१.	बिनोद बहादुर बस्नेत	५००००
	कर्मचारी पेश्की	
२.	केशव प्रसाद तिम्सिना	४५८२
३.	रोहित निरौला	१६५०००
४.	मचिन्द्र बस्नेत	५५००००
५.	तिलप्रसाद ढकाल	१०००००
६.	सन्तोष अधिकारी	२०००००
७.	गुण निधि दाहाल	१०००००

दफा नं.	लेखापरीक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

८.	रामप्रसाद आचार्य	१०००००
९.	दिनेश कार्की	३५०००
१०.	गिता अधिकारी	१००००
११.	कृष्ण बहादुर न्यौपाने	३००००
१२.	भिमकुमार चौधरी	१०३७०००
	उपभोक्ता समिति पेश्की	
१३.	भागवत मार्ग पुर्व एजिङ तथा कालोपत्रे उपभोक्ता समिति	४८००००
१४.	बिहिवारे मार्ग एजिङ निर्माण उपभोक्ता समिति	१३३४६७
१५.	नागदेवी मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति	३०१०००
१६.	शान्तिटोल कालीखोला सडक कालोपत्रे योजना उ.स. शान्तिटोल	३४००००
१७.	सरस्वती आ.बि.देखि उतर जोडने उपकार चोक सम्म बाटो एजिङ/कालोपत्रे नि.उ.स.	९०००००
१८.	सरस्वती आ.बि.देखि उतर जोडने उपकार चोक सम्म बाटो एजिङ/कालोपत्रे नि.उ.स.	१०१०००
१९.	गोकुल भट्टराईको घरदेखि उतर हुँदै बाबुराम कार्कीको घरसम्म कालोपत्रे निर्माण	४०९०००
२०.	आनन्द मार्ग कालोपत्रे मिलिजुली मार्ग एजिश्र उ.स.	३२००००
२१.	गोठगाउँ देखि दक्षिण मध्याली मार्ग एजिङ निर्माण उ.स.	२५८४००
	संस्थागत पेश्की	
२२.	मा ओम बिराट निर्माण सेवा प्रा.लि	२५८०००
२३.	गोविन्द निर्माण सेवा	६६००००
२४.	इन्द्रपुर नेवा पुच सुन्दरहरैचा	११३०००
	जम्मा	**६६५५४४९**

१२०. **अनुगमन तथा सम्परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्र्यौटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	
१	२०७५/७६	४५, ६१, ७५, ८५	नपाउने भत्ता र बढी भुक्तानी	१८९३९९				१८९३९९

१२१. **सञ्चित कोष तथा बेरुजूको स्थितिः-** नगरपालिकाको सञ्चितकोषको स्थिति, बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति क्रमशः अनुसुची १, अनुसुची २ र अनुसुची ३ मा समावेश गरिएको छ ।

सञ्चित कोषको स्थिति

अनुसूची-१

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/ नगर/गाउँ पालिका	लेखापरीक्षण रकम	बेरुजू रकम	प्रतिशत	आय						व्यय				मौज्दात बाँकी
							गतवर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँट रकम	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
प्रदेश नं.१	मोरङ	सुन्दरहरैचा नगरपालिका	नगरपालिका	२२८५४२५	१७२८३८	७.५६	१३४३६८	६३२१०७	१६४८३२	११३४७२	२५९१७७	११६९५८८	४१६५५६	३९०५३३	३०८७४८	१११५८३७	१८८११९

बेरुजु बर्गीकरण

अनुसूची-२

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा /नगर/गाउँ पालिका	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फर्सयौट			बाँकी बेरुजू			बाँकी बेरुजू								
				दफा संख्या			दफा संख्या			दफा संख्या			अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की		
				सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम		अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
प्रदेश नं.१	मोरङ	सुन्दरहरैचा नगरपालिका	नगरपालिका	१०५	९७	४७३५४८	०	६	३००७१०	१०५	९१	१७२८३८	२७०२४	२९८०५	१०९३५३	०	०	१३९१५८	२३८२	४२७४	६६५६

अद्यावधिक बेरुजुको स्थिति

अनुसूची-३

प्रदेश	जिल्ला	स्थानीय तह	महा/उपमहा/ नगर/गाउँ पालिका	गत वर्षको अनुसूचीवाट	समायोजन	गत बर्ष सम्मको बाँकी वेरुजु	सं.प.को लागि अनुरोध भइ आएको रकम	संपरीक्षण भएको रकम	संपरीक्षण गर्न नमिलेको रकम	कारवाही गर्न बाँकी रकम	गत वर्षसम्मको बाँकी रकम	यो वर्षको थप रकम	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु	५८ औं प्रतिवेदन सम्मको बाँकी वेरुजु मध्ये पेस्की
प्रदेश नं.१	मोरङ	सुन्दरहरैचा नगरपालिका	नगरपालिका	६५६८०	०	६५६८०	१८९	१८९	०	०	६५४९१	१७२८३८	२३८३२९	९८४२